# कुमार प्रधानको समालोचनाको प्रवृत्तिगत विशेषताको अध्ययन

लाक्पा डोमा भुटिया

नेपाली विभाग

भाषा अनि साहित्य सङ्काय

सिक्किम विश्वविद्यालय

सिक्किम विश्वविद्यालयको भाषा अनि साहित्य सङ्कायअन्तर्गत नेपाली विषयको एमफिल पाठ्यक्रमको आंशिक परिपूर्तिको प्रयोजनका लागि प्रस्तुत

लघुशोधप्रबन्ध

फरवरी २०१८

# कुमार प्रधानको समालोचनाको प्रवृत्तिगत विशेषताको अध्ययन

सिक्किम विश्वविद्यालयको भाषा अनि साहित्य सङ्कायअन्तर्गत नेपाली विभागद्वारा

सञ्चालित एमफिल पाठ्यक्रमको आंशिक परिपूर्तिको लागि प्रस्तुत

लघुशोधप्रबन्ध


**शोध निर्देशक**

प्रो. प्रतापचन्द्र प्रधान

नेपाली विभाग

भाषा अनि साहित्य सङ्काय

सिक्किम विश्वविद्यालय

**शोधार्थी**

लाक्पा डोमा भुटिया

एमफिल 16MPNP03

नेपाली विभाग

भाषा अनि साहित्य सङ्काय

सिक्किम विश्वविद्यालय


फरवरी २०१८

SIKKIM UNIVERSITY
[A Central University established by an Act of Parliament of India, 2007]
DEPARTMENT OF NEPALI
SCHOOL OF LANGUAGES & LITERATURE

## प्रतिबद्धता पत्र

सिक्किम विश्वविद्यालयको भाषा अनि साहित्य सङ्कायअन्तर्गत नेपाली विभागमा एमफिल परीक्षाको आंशिक परिपूर्तिका लागि प्रस्तुत *कुमार प्रधानको समालोचनाको प्रवृत्तिगत विशेषताको अध्ययन* शीर्षक यो लघुशोधप्रबन्ध मैले शोधनिर्देशक प्रो. प्रतापचन्द्र प्रधानको निर्देशनमा रहेर सम्पन्न गरेकी हुँ र यो पूर्णत: मौलिक शोधकार्य हो। मैले यो लघुशोधप्रबन्ध लेखनको क्रममा विभिन्न स्रोतबाट सामग्री सङ्कलन गरी तिनको उपयोग गरेकी छु र ती स्रोत व्यक्तिहरूप्रति कृतज्ञ पनि छु। यस लघुशोधप्रबन्धको समष्टि निष्कर्षलाई मैले यसअघि कुनै पनि उपाधि अथवा अन्य प्रयोजनका लागि प्रस्तुत गरेकी छुइनँ। यस लघुशोधप्रबन्धको कुनै पनि अंश वा पाठ पुस्तक वा पुस्तकको अंशको रूपमा प्रकाशित गराएकी छुइनँ। मैले यहाँ प्रस्तुत गरेको यो प्रतिबद्धता बिरूद्ध कुनै प्रमाण भेटिएमा त्यसप्रति म उत्तरदायी हुनेछु भनी यो प्रतिबद्धता जाहेर गर्दछु।

विभाग प्रमुख

मिति- 29/01/2018

शोधार्थी
लाक्पा डोमा भुटिया
**लाक्पा डोमा भुटिया**
नेपाली विभाग
भाषा अनि साहित्य सङ्काय
सिक्किम विश्वविद्यालय

SIKKIM UNIVERSITY
[A Central University established by an Act of Parliament of India, 2007]
DEPARTMENT OF NEPALI
SCHOOL OF LANGUAGES & LITERATURE

Prof. (Dr) Pratap Chandra Pradhan

# शोधनिर्देशकको अग्रसारन

**कुमार प्रधानको समालोचनाको प्रवृत्तिगत विशेषताको अध्ययन** शीर्षकको यो लघुशोधप्रबन्ध शोधार्थी सुश्री लाक्पा डोमा भुटियाले मेरो निर्देशनमा परिश्रमपूर्वक तयार पार्नु भएको हो । यस लघुशोधप्रबन्धमा नेपाली समालोचना विधामा कुमार प्रधानका समालोचक व्यक्तित्व र उनको योगदानलाई चिनाउँदै प्रधानका समालोचनाहरूमा पाइने प्रवृत्तिगत विशेषतालाई गम्भीर अध्ययनका साथ केलाएर हेर्ने काम भएको छ । प्रस्तुत लघुशोधप्रबन्ध नेपाली समालोचनाको सघन अध्ययनक्रममा एउटा उपलब्धिका साथै थप शृङ्खलासमेत बन्न पुगेको छ । यसर्थ म यस लघुशोधप्रबन्धको आवश्यक मूल्याङ्कनका लागि नेपाली विभागसमक्ष अनुरोधका साथ अग्रसारन गर्दछु ।

दिनाङ्क : 29/01/2018

शोधनिर्देशक

प्रतापचन्द्र प्रधान

प्रोफेसर/विभाग प्रमुख

नेपाली विभाग

भाषा अनि साहित्य सङ्काय

सिक्किम विश्वविद्यालय ।

Professor
Department of Nepali
Sikkim University

Forwarded
Pradhan
29/01/2018

6th Mile, Samdur, PO Tadong 737102, Gangtok, Sikkim, India.
Phone: + 91- 3592-251078 (O), Mobile: +91- 94740-24738
Email : dr.pratappradhan@gmail.com, www.sikkimuniversity.ac.in

# कृतज्ञता ज्ञापन

प्रस्तुत शोधकार्य मैले आदरणीय प्रोफेसर प्रतापचन्द्र प्रधानको निर्देशनमा तयार पारेकी हुँ। यस शोधकार्यको तयारी क्रममा अन्य जानकार व्यक्तिहरूबाट पनि आवश्यक सहयोग  पाएकी छु। सर्वप्रथम सुझाव र सहयोगको लागि शोधनिर्देशक प्रो. प्रतापचन्द्र प्रधानप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु। प्रस्तुत लघुशोधप्रबन्ध लेखनका लागि प्रेरणा र हौसला दिनु हुने विभागका सम्पूर्ण प्राध्यापक-प्राध्यापिकाहरूप्रति पनि आभार व्यक्त गर्न चाहन्छु।

शोधकार्यका सन्दर्भमा आवश्यक सामग्री सङ्कलनदेखि लिएर अन्यान्य सहयोगहरू उपलब्ध गराई सहयोग गरिदिनु हुने साहित्यकार मोहन ठकुरी, पि. एच. डीका शोधार्थी श्री सुरज गुरूङ्ग र श्री महेश दाहाल प्रति तथा मेरा सम्पूर्ण सहपाठी साथीहरूलाई पनि हार्दिक धन्यवाद दिन चाहन्छु। यसै प्रकियामा विशेष सहयोग पुऱ्याउनु हुने सिक्किम विश्वविद्यालयको केन्द्रीय पुस्तकालयप्रति पनि म आन्तरिक हृदयबाट आभार प्रकट व्यक्त गर्दछु।



लाक्पा डोमा भुटिया

एमफिल

क्रम सङ्ख्या 16MPNP03

नेपाली विभाग

भाषा अनि साहित्य सङ्काय

सिक्किम विश्वविद्यालय

## लघुशोधप्रबन्धमा प्रयुक्त संक्षेपीकृत शब्दहरू

१. चौ. सं.......................चौथो संस्करण

२. दो. सं........................दोस्रो संस्करण

३. पाँ. सं...........................पाँचौं संस्करण

४. पृ................................पृष्ठ संख्या

५. प्रा. लि...........................प्राइभेट लिमिटेड

६. प्रो.................................प्रोफेसर

७. वि. सं............................विक्रम संवत्

८. सम्पा.............................सम्पादक

९. सा. सं.............................सातौं संस्करण

# विषयसूची


| विषय | पृष्ठ संख्या |
|---|---|
| एण्टीप्लेइजरिज्(अ)म् प्रमाणपत्र | क |
| प्रतिबद्धतापत्र | ख |
| अग्रसारन | ग |
| कृतज्ञता | घ |
| संक्षेपीकृतशब्दहरू | ङ |
| **पहिलो अध्याय** | **१-९** |
| १.शोधको परिचय | |
| १.२. शोधशीर्षक | |
| १.२.१ शोधशीर्षकको परिचय | |
| १.३. शोधको प्रयोजन | |
| १.४. शोधको समस्या | |
| १.५. शोधको उद्देश्य | |
| १.६. पूर्वकार्यको समीक्षा | |
| १.७. शोधको औचित्य र महत्त्व | |
| १.८. शोधको सीमाङ्कन | |

१.९. शोधविधि

१.९.१ शोधको आधार र ढाँचा

१.९.२ शोधको सामग्रीसङ्कलन विधि

१.१०. शोधको अध्याय विभाजन

सन्दर्भग्रन्थसूची

परिशिष्ट

**दोस्रो अध्याय** **१०-५२**

२.समालोचनाको सैद्धान्तिक परिप्रेक्ष्यमा कुमार प्रधानपूर्वको नेपाली समालोचनाको परम्परा

२.१. समालोचनाको व्युत्पत्ति र अर्थ

२.२. समालोचनाको परिभाषा

२.२.१ पाश्चात्य साहित्यमा समालोचनाको परिभाषा

२.२.२ पूर्वीय साहित्यमा समालोचनाको परिभाषा

२.२.३ नेपाली साहित्यमा समालोचनाको परिभाषा

२.३. समालोचनाका प्रकार र प्रणाली

२.३.१. समालोचनाका प्रकार

२.३.१.१ सैद्धान्तिक समालोचना

२.३.१.२ व्यावहारिक समालोचना

२.४ समालोचनाको पद्धति वा प्रणाली

२.४.१. नीतिपरक समालोचना

२.४.२. जीवनीपरक समालोचना

२.४.३. समाजपरक समालोचना

२.४.४. मनोविज्ञानपरक समालोचना

२.४.५. आदिमतापरक समालोचना

२.४.६. शैली वैज्ञानिक समालोचना

२.४.७. रूपपरक समालोचना

२.४.८. संरचनावादी समालोचना

२.४.९. नारीवादी समालोचना

२.५ नेपाली समालोचना परम्परा

२.६. नेपाली समालोचनामा कुमार प्रधानको आगमन

२.७ उपसंहार

**तेस्रो अध्याय** **५३-७४**

३.कुमार प्रधानको जीवनी, कृतित्व, व्यक्तित्व र समालोचना यात्रा

३.१ कुमार प्रधानको सामान्य जीवनी

३.१.१ जन्म र पारिवारिक पृष्ठभूमि

३.१.२ शिक्षा - दीक्षा

३.१.३ वैवाहिक जीवन

३.१.४ पेसा

३.१.५ सङ्घ - संस्थासँगको संलग्नता

३.१.६ सम्मान तथा पुरस्कार

३.२ विधागत रूपमा कृतित्व

३.२.१ समालोचना विधा

३.२.२ कविता

३.२.३ अनुवाद

३.२.४ सम्पादन

३.३ विधागत रूपमा व्यक्तित्व

३.३.१ समालोचक व्यक्तित्व

३.३.२ कवि व्यक्तित्व

३.३.३ अनुवादक व्यक्तित्व

३.३.४ सम्पादक व्यक्तित्व

३.४ समालोचना यात्रा

३.५ उपसंहार

**चौथो अध्याय** **७५-१२१**

४.कुमार प्रधानका समालोचनाका पद्धति, प्रवृत्ति र विशेषता

४.१ कुमार प्रधानका समालोचनागत पद्धति

४.१.१ ऐतिहासिक समालोचना पद्धति

४.१.२ कृतिपरक समालोचना पद्धति

४.१.३ व्याख्यात्मक समालोचना पद्धति

४.१.४ तुलनात्मक समालोचना पद्धति

४.१.५ स्रष्टापरक समालोचना पद्धति

४.१.६ निर्णयात्मक समालोचना पद्धति

४.२ कुमार प्रधानका समालोचनाको प्रवृति

४.२.१ प्रभाववादी समालोचना प्रवृत्ति

४.२.२ शास्त्रीयतावादी समालोचना प्रवृत्ति

४.२.३ जीवनीपरक समालोचना प्रवृत्ति

४.२.४ शोधपरक समालोचना प्रवृत्ति

४.२.५ ऐतिहासिक समालोचना प्रवृत्ति

४.२.६ समाजशास्त्रीयतावादी समालोचना प्रवृत्ति

४.३ कुमार प्रधानको समालोचनाका विशेषताहरू

४.३.१ ऐतिहासिक चेतनामूलक विशेषता

४.३.२ समाज चेतनामूलक विशेषता

४.३.३ अध्ययनको सूक्ष्मता

४.३.४ बौद्धिकता

४.३.५ तार्किकता

४.३.६ निर्णयात्मक क्षमता

४.३.७ भाषिक क्षमता

४.४ उपसंहार

**पाँचौं अध्याय** **१२२-१२७**

५.शोधकार्यको उपसंहार तथा निष्कर्ष

५.१ अध्यायगत उपसंहार

५.२ निष्कर्ष

**सन्दर्भग्रन्थसूची** **१२८-१३१**

**परिशिष्ट**

# पहिलो अध्याय

# शोध परिचय

## १. शोधक्षेत्रको परिचय

साहित्यका विविध विधाहरूमध्ये समालोचना अपेक्षाकृत नयाँ र महत्त्वपूर्ण विधा हो। समालोचनाले विभिन्न कोणबाट साहित्यिक रचनाको गुण-दोष केलाउने काम गर्दछ। सिर्जनात्मक साहित्यको विकास भइसकेपछि मात्र यसको विकास भएको देखिन्छ। समालोचना भनेको साहित्यकार र पाठकबिचको एउटा शृङ्खला हो, जसले स्विकृत साहित्य सिद्धान्तका आधारमा साहित्यिक रचनाका गुण-दोष, विशेषता, कमजोरी तथा उपयोगिताको बारेमा चर्चा गर्दछ।[१] साहित्यमा समालोचनाको परम्परा सृजनशील साहित्यलेखन परम्परा थालिएको धेरै पछिबाट मात्र सुरू भएको हो।

नेपाली साहित्यमा समालोचनाको थालनी गर्ने पहिलो व्यक्ति मोतीराम भट्ट हुन्। नेपाली साहित्यमा समालोचनाको थालनी सामान्य परिचयात्मक र जीवनीपरक समालोचनाबाट भएको हो। नेपाली समालोचनामा पूर्वीय तथा पश्चिमी समालोचनाको प्रभाव पाइन्छ। नेपाली साहित्यमा समालोचना विधाले जीवन चरित्रात्मक हुँदै प्रशंसापरक, आत्मासंस्कारवादी र भावात्मक समालोचना परिपाटीलाई पछाडि छोड्दै कृतिपरक,

---

[१]. घटराज भट्टराई (सम्पा), (वि.सं.२०५९), **नेपाली स्नातकोत्तर समालोचना**, पुतलीसडक : पैरवी बुक्स एण्ड स्टेशनरी सेन्टर, पृ. १।

विश्लेषणपरक, शोधपरक आदि परम्परालाई आत्मसात् गरी आधुनिककालतिर अग्रसर भएको देखिन्छ।

कुमार प्रधान आधुनिककालको समालोचना क्षेत्रमा देखापरेका वरिष्ठ समालोचक हुन्। उनी पूर्वीय र पाश्चात्य समालोचना शास्त्रका गम्भीर अध्येता थिए। कुमार प्रधान थोरै लेखेर धेरै ख्याति प्राप्त गर्ने समालोचकका रूपमा प्रख्यात छन्। उनले धेरै समालोचना नलेखे तापनि उनको समालोचनामा गम्भीर, तथ्यपरक र ऐतिहासिक विशेषता पाइन्छ। उत्तरवर्ती चरणमा देखापरेका समालोचक कुमार प्रधानले ऐतिहासिक अनि अन्वेषणमूलक दृष्टिबाट कृतिको विश्लेषण गर्दै कालक्रमिक र समकालिक पक्षबाट पनि आफ्नो समालोचनाको सृजना गरेका छन्।

## २. शोधशीर्षक

प्रस्तुत लघुशोधप्रबन्धको शीर्षक **कुमार प्रधानको समालोचनाको प्रवृत्तिगत विशेषताको अध्ययन** रहेको छ।

### २.१ शोधशीर्षकको परिचय

मूलतः कुमार प्रधान इतिहासकारकै रूपमा परिचित भए तापनि नेपाली साहित्यमा उनी समालोचनाका क्षेत्रमा पनि निकै प्रौढ देखिन्छन्। त्यसैले समालोचना साहित्यमा उनले पुऱ्याएको अवदानको मूल्याङ्कन गर्ने उद्देश्यले प्रस्तुत शोधकार्य गरिएको हो।

**३. शोधको प्रयोजन**

प्रस्तुत शोधकार्यको प्रयोजन सिक्किम विश्वविद्यालयको नेपाली विभागअन्तर्गत एमफिल तहका निम्ति निर्धारित पाठ्यक्रमको परीक्षाको आंशिक परिपूर्तिका लागि प्रस्तुत गरिएको हो।

**४. शोधको समस्या**

मूलतः शोधको विषय नै शोधको समस्या रहेको छ। यिनै समस्यामूलक विषयलाई केन्द्र गरी निम्नलिखित बुँदाहरूलाई समस्या स्वरूप अघि सारिएको छ।

क. कुमार प्रधानका समालोचनात्मक पद्धति र प्रवृत्तिको अध्ययन गर्ने आधार के हुन् ?

ख. नेपाली समालोचनामा कुमार प्रधानको स्थान के कस्तो रहेको छ ?

ग. नेपाली समालोचनाका क्षेत्रमा कुमार प्रधानको योगदान के कस्तो रहेको छ ?

घ. कुमार प्रधानका समालोचनाका प्राप्ति र वैशिष्ट्य के के हुन्?

**५. शोधको उद्देश्य**

प्रस्तुत शोधकार्यका उपर्युक्त समास्याहरूको समाधानार्थ अन्तिम निष्कर्षसम्म पुग्नका लागि निम्नलिखित उद्देश्यहरूलाई अघि सार्न सकिन्छ-

क. कुमार प्रधानको समालोचनामा पाइने पद्धति र प्रवृत्ति विशेषको अध्ययनका आधारहरू पत्तो लगाई उनका समालोचनाको अध्ययन गर्नु ।

ख. नेपाली समालोचनामा कुमार प्रधानको स्थान निर्धारण गर्नु ।

ग. नेपाली समालोचनाका क्षेत्रमा कुमार प्रधानको योगदानबारे प्रकाश पार्नु ।

घ. कुमार प्रधानका समालोचनाका प्राप्ति र वैशिष्ट्य केलाउनु ।

## ६. पूर्वकार्यको समीक्षा

कुमार प्रधानको समालोचनालेखनबारे विभिन्न पुस्तक र पत्रिकाहरूमा छुटपुट रूपमा मात्र चर्चा गरेको पाइन्छ। विधागत र विस्तृत रूपमा कुमार प्रधानको समालोचनाको पद्धति एवम् प्रवृत्तिगत अध्ययन गरिएको भने थोरै नै भेटिएको छ। आजसम्म यिनका कृतिहरूलाई लिएर जे जति कार्यहरू भएको छ तिनैलाई आधार मानेर निम्नलिखित पूर्वकार्यको समीक्षा प्रस्तुत छ-

घनश्याम नेपालले आफ्नो पुस्तक **नेपाली साहित्यको परिचयात्मक इतिहास** *(सन् २००९)* मा कुमार प्रधानको **ए हिस्ट्री अफ नेपाली लिट्रेचर** नामक पुस्तकको उल्लेख गरेको देखिन्छ। घनश्याम नेपालले यस पुस्तकलाई इतिहासलेखन पद्धतिका दृष्टिले अन्य ग्रन्थभन्दा बेग्लै र विशेष पाराको छ भनी व्याख्या गरेका छन्। नेपाली साहित्यमा कुमार प्रधानको यस पुस्तकले विशेष महत्त्व वहन गरेको चर्चा समालोचक नेपालले गरेका छन्।

मनप्रसाद सुब्बाले **कुमार-कीर्ति** पुस्तकमा कुमार प्रधानको **अधीति केही** ग्रन्थमाथि आफ्नो विचार प्रकट गरेको पाइन्छ। समालोचक सुब्बाले कुमार प्रधानको समालोचकीय लेखनी काव्यतिरै बढी आकृष्ट छ भन्ने धारणा व्यक्त गरेका छन्। **अधीति केही** पुस्तकमा सङ्कलित ६ वटा लेखहरूमाथि समालोचक सुब्बाले आफ्नो मन्तव्य राखेको पाइन्छ र कुमार प्रधानको भाषामाथि पनि चर्चा गरेका छन्। उन्नत भाषिक शिल्प, हार्दिकता मुछिएको तार्किकता अनि भावात्मक सुन्दर वैचारिक शौर्य कुमार प्रधानको भाषामा भेटिने विशेषताका चर्चा गरेका छन्।

मोहन पी. दाहालले **कुमार-कीर्ति** ग्रन्थमा *पहिलो पहर-का केही गौँडा र गल्छेँडा : पुनर्निरीक्षण* नामक लेखमा कुमार प्रधानको **पहिलो पहर**-माथि आफ्नो विचार प्रकट गरेका छन्। **पहिलो पहर**-लाई साहित्य र इतिहासको दोसाँध हो भनी व्याख्या विश्लेषण गरेका छन्। **पहिलो पहर** दार्जिलिङ नेपाली जाति, भाषा र साहित्यको प्रथम प्रहर सम्बन्धी ज्ञानाङ्क र तथ्याङ्कको उपजीव्य ग्रन्थ हो।

बासुदेव पुलामीले **कुमार –कीर्ति**-*मा* कुमार प्रधानको समालोचना लेखनको चर्चा गर्दै तार्किकता अनि प्रामाणिकता कुमार प्रधानको समालोचनाको मुख्य वैशिष्ट्य हो भन्ने कुरा उल्लेख गरेका छन्। उनले कुमार प्रधानको कलम ऐतिहासिकतादेखि तुलनात्मक र अन्वेषणात्मक प्रवृत्तितिर ढल्केको चर्चा गरेका छन्।

मनप्रसाद सुब्बाद्वारा सम्पादित **कुमार – कीर्ति**-मा प्रतापचन्द्र प्रधानले कुमार प्रधानलाई शोधपरक समालोचकका रूपमा प्रस्तुत गरेका छन्। कुमार प्रधानद्वारा लिखित **पहिलो पहर**-मा सङ्ग्रहित दार्जिलिङको नेपाली जाति ऐतिहासिक अध्ययन शीर्षक लेखको व्याख्या गर्दै कुमार प्रधानको समालोचना लेखनमा शोधपरक प्रवृत्ति रहेको उल्लेख गरेको पाइन्छ।

नरेशचन्द्र खातीले आफ्नो पुस्तक **अध्ययन : नेपाली समालोचनाका**-मा कुमार प्रधानलाई विशिष्ट लेखक, समालोचक र इतिहासकारका रूपमा चिनाएका छन्। कुमार प्रधानको रूचि भाषाशास्त्र र इतिहास विषय भए तापनि विशेष दक्षता चाहिँ निबन्ध र समालोचनामै देखिन्छ भन्दै कुमार प्रधानलाई सफल समालोचकका रूपमा चिनाएका छन्।

राजेन्द्र सुवेदीले **नेपाली समालोचना परम्परा र प्रवृत्ति** -मा कुमार प्रधानका समालोचनालेखन यात्राको संक्षिप्त रूपमा चर्चा गरेका छन्। यस पुस्तकमा कुमार प्रधानका कृतिहरूलाई इतिहास र साहित्य-संस्कृतिमा गरी दुई फाँट विभक्त भएको जनाउँदै कुमार प्रधानलाई प्रभावपरक समालोचकको रूपमा चिनाउने काम गरेका छन् ।

## ७.शोधको औचित्य र महत्त्व

नेपाली समालोचनाको इतिहास धेरै लामो देखिँदैन। इतिहास छोटै भए तापनि नेपाली समालोचनाको विकास कालक्रमिक रूपमा सन्तोषजनक भएको देखिँदैन। यसर्थ समालोचना विधाबारे गम्भीर र व्यवस्थित अध्ययन र शोधकार्य हुन अवश्यक रहेको देखिन्छ। भारतीय नेपाली समालोचनाको विकासक्रमलाई अघि बढाउने क्रममा कुमार प्रधानको योगदानको कदर गर्दै यिनका समालोचनाहरूको विश्लेषण र मूल्याङ्कन गर्ने कार्यमा प्रस्तुत शोधकार्यको औचित्य रहेको छ।

## ८. शोधको सीमाङ्कन

प्रस्तुत शोधकार्यको शीर्षक **कुमार प्रधानको समालोचनाको प्रवृत्तिगत विशेषताको अध्ययन** रहेकोले उनका समालोचना पुस्तकहरु **वार्ताहरू (**सन् १९७१), **पहिलो पहर** (सन् १९८२), **ए हिस्ट्री अफ नेपाली लिट्रेचर** (सन् १९८४) र **अधीति केही** (सन् २००५) माथि केन्द्रित रही विस्तृत अध्ययन गरिएको छ।

## ९. शोधविधि

प्रस्तुत शोधकार्यका लागि विविध शोधविधिहरूमध्ये सामग्री सङ्कलनविधि र शोधको सैद्धान्तिक ढाँचालाई यहाँ विशेष शोधविधिका रूपमा प्रस्तुत गरिएको छ।

## ९.१ शोधको आधार र ढाँचा

प्रस्तुत लघुशोधप्रबन्धमा विश्लेषणात्मक र व्याख्यात्मक पद्धतिको प्रयोग गरिएको छ। उपर्युक्त लघुशोधप्रबन्ध निगमनात्मक शोध पद्धतिमा आधारित रहेको छ। वर्णविन्यास शुद्धाशुद्धिका लागि **बृहत् नेपाली शब्दकोश**, प्रथम संस्करण र अन्य प्राविधिक पक्षका लागि **नेपाली लेखनशैली**-लाई आधार मानिएको छ।

## ९.२ शोधको सामग्री सङ्कलन विधि

प्रस्तुत शोधविषय सम्बद्ध तथ्याङ्क र अन्य आवश्यक सामग्रीहरू प्रथम, द्वितीय र तृतीय स्रोतबाट सङ्कलन गरिएको छ। प्राथमिक स्रोतका सामग्री सङ्कलन विधिअन्तर्गत शोधसम्बन्धी व्यक्तिहरूसँग भेटवार्ता लिई आवश्यक मौलिक सामग्री सङ्कलन गरिएको छ। द्वितीय स्रोतअन्तर्गत प्रस्तुत शोधकार्यसँग सम्बन्धित प्रकाशित पुस्तक, लेख, शोधग्रन्थ, पत्र-पत्रिका तथा पुस्तकालयबाट सामग्री सङ्कलन गर्ने कार्य भएको छ। तृतीय स्रोतअन्तर्गत विधुतीय (वेभ) माध्यमद्वारा प्राप्त सामग्रीलाई अध्ययन गरियो।

## १०. शोधको अध्याय विभाजन

अध्ययन सुविधाका निम्ति प्रस्तुत शोधकार्यको सङ्गठन तथा शोधको अध्याय विभाजन निम्नलिखित प्रकारले गरिनेछ-

१.पहिलो अध्याय : शोध परिचय

२.दोस्रो अध्याय : समालोचनाको सैद्धान्तिक परिप्रेक्ष्यमा कुमार प्रधानपूर्वको नेपाली समालोचनाको परम्परा

३.तेस्रो अध्याय : कुमार प्रधानको जीवनी, कृतित्व, व्यक्तित्व र समालोचना यात्रा

४.चौथो अध्याय : कुमार प्रधानका समालोचनाका पद्धति, प्रवृत्ति र विशेषता

५.पाचौं अध्याय : उपसंहार तथा निष्कर्ष

सन्दर्भग्रन्थ सूची

परिशिष्ट

## दोस्रो अध्याय

# २. समालोचनाको सैद्धान्तिक परिप्रेक्ष्यमा कुमार प्रधानपूर्वको नेपाली समालोचनाको परम्परा

### २.१. समालोचनाको व्युत्पत्ति र अर्थ

'समालोचना' शब्द अङ्ग्रेजीको 'क्रिटिसिज्म'-को नेपाली रूपान्तरण हो। व्युत्पतिअनुसार अङ्ग्रेजी 'क्रिटिक' शब्द ग्रीसेली 'क्रिटिकोस' (Kritikos) शब्दबाट व्युत्पन्न भएको हो र यसको शब्दगत अर्थ निर्णायक हो।[1] 'क्रिटिक' शब्दबाट 'क्रिटिसिज्म्' शब्द बनेको हो। उन्नाइसौं शताब्दीमा फ्रेन्च भाषाको Criticime शब्दबाट 'क्रिटिसिज्म्' शब्द लिइएको हो। 'क्रिटिसिज्म्' शब्दको नेपालीमा रूपान्तरित 'समालोचना' शब्द तत्सम शब्द हो। 'समालोचना' शब्द संस्कृतको 'लोच' धातुबाट निष्पन्न भएको शब्द हो र लोच लोचने भन्ने धातुमा (ल्युट्) अन प्रत्यय लागेर बनेको लोचन शब्दमा पुन: टाप् (आ) प्रत्यय जोडिँदा लोचना बन्दछ र त्यसमा 'आ' उपसर्ग जोडिए पछि बनेको आलोचना शब्दमा 'सम्' उपसर्ग लागेपछि सम् + आलोचनाको संयोगबाट समालोचना शब्द बनेको हो।[2]

---

[1]. घनश्याम कँडेल, (सन् १९९८), **नेपाली समालोचना**, ललितपुर : साझा प्रकाशन, पृ. ख।

[2]. ज्ञानु अधिकारी, (सन् २०११), **नेपाली नारी समालोचना:परम्परा, प्रवृत्ति र विश्लेषण**, काठमाडौं: पैरवी प्रकाशन, पृ. २।

समालोचना कुनै पनि विषयवस्तुको लक्ष्यलाई ध्यानमा राखी त्यसको गुण, दोष एवम् उपयुक्तताको विवेचना गर्ने साहित्यिक विधा हो। कृतिको सम्यक् व्याख्या र त्यसको मूल्याङ्कन गर्नु समालोचनाको मुख्य धर्म हो। नेपालीमा साहित्यका अन्य विधाहरू जस्तै समालोचना पनि पाश्चात्य साहित्यको देन हो। समालोचनाको थालनी पाश्चात्य समालोचक एरिस्टोटलबाट प्रारम्भ भएको मानिन्छ। विश्वमै सर्वप्रथम साहित्य सिर्जना भएको अनि त्यसपछि मात्र समालोचना कार्य भएको तथ्यलाई महाकवि होमरका कृतिहरू —**यूलिसिस** र **ओडेसी** अनि एरिस्टोटलको **काव्यशास्त्र** प्रकाशमा आएपछि मानिएको हो। यस हिसाबले समालोचना साहित्यको आधारभूमि पाश्चात्य साहित्यलाई मानिन्छ।

नेपाली बृहत् शब्दकोशका अनुसार समालोचना शब्दको अर्थ यस प्रकार छन्-

कुनै विषयवस्तु वा कुराका राम्रा-नराम्रा पक्षको मूल्याङ्कन निष्पक्षताका साथ गर्ने काम,

कुनै साहित्यकारका विशेषता वा साहित्यिक कृतिका गुणदोषको वस्तुगत विवेचना,

कुनै ग्रन्थ, लेख, व्यक्ति आदिका गुण-दोषको सम्यक् विवेचना गरिएको लेख वा

प्रबन्ध, आलोचना, समीक्षा।[३]

उपर्युक्त तीन प्रकारका अर्थहरूबाट नै समालोचना शब्दको अर्थ प्राप्त गर्न सकिन्छ।

## २.२ समालोचनाको परिभाषा

साहित्यिक कृति र कृतिकारका गुण-दोषको व्याख्या, विवेचना र मूल्याङ्कन गर्ने विशेष किसिमको विधा समालोचना हो। साहित्यको सिर्जनापश्चात् समालोचनाको अस्तित्व कायम भएको पाइन्छ। समालोचनामा भएको विशेषताहरूलाई आधार बनाएर समालोचनालाई परिभाषित गरिएको देखिन्छ। समालोचना विधा पाश्चात्य साहित्यबाट नै सुरू भएको कारण समालोचनाको परिभाषा दिने परम्परा पनि पश्चिमी साहित्यबाट नै सुरू भएको हो। प्लेटो र एरिस्टोटलजस्ता विद्वानहरूका योगदानद्वारा समालोचना विधाले आफ्नो अस्तित्व कायम गर्न सफल बनेको हो। पाश्चात्य समालोचना परम्परालाई अङ्गाल्दै पूर्वीय साहित्यमा पनि समालोचनाको अध्ययन प्रारम्भ भएको हो। पूर्वमा विशेष संस्कृत साहित्यमा नाट्यशास्त्री भरतमुनिको आगमनबाट समालोचना परम्परा प्रारम्भ भएको देखिन्छ। पश्चिमी देशबाट सुरू भएको समालोचना विधा कालान्तरमा संस्कृत साहित्यको बाटो पहिल्याउँदै नेपाली साहित्यसम्म पनि आइपुगेका छन्। नेपाली साहित्यमा

---

[३]. वासुदेव त्रिपाठी (सम्पा), (वि.सं.२०६७), **नेपाली बृहत् शब्दकोश**, काठमाडौं : नेपाल प्रज्ञा-प्रतिष्ठान, पृ. १२३५।

समालोचनाको परम्परा त्यत्ति लामो नभए तापनि नेपाली साहित्यमा समालोचनाले छुट्टै विशेषता र इतिहास कायम गरेको छ। साहित्यका अन्य विधाहरूको जस्तै समालोचनाको परिभाषामा पनि विद्वानहरूको मतमा एकरूपता पाइँदैन।

समालोचनाबारे विभिन्न विद्वानहरूले भिन्न-भिन्न परिभाषा प्रस्तुत गरेका छन्।

### २.२.१ पाश्चात्य साहित्यमा समालोचनाको परिभाषा

समालोचनाका विभिन्न प्रयोगद्वारा नै समालोचनाको परिभाषाको निर्माण भएको छ। समालोचनासम्बन्धी विद्वानहरूले प्रस्तुत गरेको समालोचनाका परिभाषा निम्न प्रकारका छन्-

**इन्साइक्लोपिडिया ब्रिटानिका**-ले समालोचनालाई साहित्य वा कलाको मूल्य तथा स्तरीयताको निर्धारण गर्ने कला मानेका छन्।[४] मेथ्यू आर्नल्डद्वारा लिखित **एस्से इन क्रिटिसिज्म**-मा समालोचनालाई यसरी परिभाषित गरेका छन्-*समालोचना संसारमा ज्ञात र विचारित सर्वोत्कृष्ट कुराको ज्ञान प्राप्त गर्ने र त्यसलाई अरूमा प्रचार गर्ने तटस्थ प्रयास हो।*[५] समालोचनाको परिभाषा सम्बन्धी जोन्सनको मत यस प्रकार रहेको छ- समालोचकको विवेकले कृतिमा जे देख्छ, त्यसको उद्घाटन गर्दै सत्यको निर्देशमा निर्णय

---

[४]. ज्ञानु अधिकारी, पूर्ववत्, पृ. ८।

[५]. मेघनाथ छेत्री, (सन् २००८), **भारतीय नेपाली समालोचक र समालोचना**, दार्जिलिङ : श्रीमती पूर्णिमा शर्मा, पृ. ३।

गर्नु र त्यसको व्याख्यान गर्नु हो।[६] टी एस.इलियटका विचारमा *समालोचना लिखित शब्दका माध्यमद्वारा गरिने कलाकृतिको टीका-टिप्पणी र व्याख्या विवेचना हो।*[७] प्रस्तुत परिभाषाहरू बाहेक समालोचनाका अझ धेरै परिभाषाहरू छन्। पाश्चात्य समालोचकहरूले समालोचनालाई विभिन्न सन्दर्भमा परिभाषित गरेको भए तापनि अन्तिममा समालोचनाको उद्देश्य रचना वा कृतिको परीक्षण तथा मूल्याङ्कन गर्नु हो भन्ने विचारमा सहमती जनाएका छन्।

### २.२.२ पूर्वीय साहित्यमा समालोचनाको परिभाषा

सर्वप्राचीन मानिएको पूर्वीय साहित्यमा समालोचनाको थालनी पश्चिमी साहित्यको तुलनामा धेरै पछि मात्र भएको देखिन्छ। पूर्वीय साहित्यमा शब्द, अर्थ, रस, गुण, वृत्ति, अलङ्कार आदिका आधारमा काव्यको आलोचना गर्ने परम्परा बसेको हो। पूर्वीय काव्यशास्त्रको चिन्तन परम्परामा रचनाको पारख गर्ने कामलाई आलोचना शास्त्र भन्ने गरियो। भरतमुनिले **नाट्यशास्त्रम्** लेखी नाट्य विधासम्बन्धी समालोचना परम्पराको थालनी गरेपछि मात्र समालोचना लेखनको प्रारम्भ भएको पाइन्छ। पूर्वीय साहित्य खासगरी संस्कृत साहित्यमा समालोचनाको महत्त्वपूर्ण स्थान रहेको छ। संस्कृत साहित्यमा समालोचना शब्दको प्रयोग राजशेखरले धेरै पछि मात्र गरेको पाइन्छ। राजशेखरले पूर्वीय साहित्यमा कारयित्री र भावयित्री गरी दुई थरीका प्रतिभाको चर्चा

---

६. ज्ञानु अधिकारी, पूर्ववत्, पृ. ८।
७. मेघनाथ छेत्री, पूर्ववत्, पृ. ४।

गरेका छन्।[८] यिनले सृजनालाई कारयित्री प्रतिभासित र समालोचनालाई भावयित्रीसित सम्बन्ध देखाई अध्ययन गरेका छन्। यसै क्रममा राजशेखरले भनेका छन्- *भावयित्री प्रतिभाले कविका श्रम र अभिप्रायलाई प्रकाशमा ल्याउँछ।*[९] साहित्यको सृजनात्मक पक्षलाई समीक्षा गरिने कार्यको नाम समालोचना हो भन्ने धारणा पूर्वीय साहित्यमा स्थापित भएको थियो। पूर्वीय साहित्यमा समालोचनाको इतिहासको लामो परम्परा देखिए तापनि समालोचना शब्दमा नै केन्द्रित रही समालोचनाको परिभाषा लेखिने कार्य थोरै मात्र भएको पाइन्छ। संस्कृत साहित्यमा राजशेखरपश्चात् मात्र समालोचना विधाको जग बसेको हो।

### २.२.३ नेपाली साहित्यमा समालोचनाको परिभाषा

नेपाली साहित्यमा समालोचनाको प्रारम्भ पूर्वीय र पाश्चात्य साहित्यको प्रभावबाट नै सुरू भएको हो। नेपाली साहित्यमा समालोचना अन्य विधाहरूको तुलनामा सबैभन्दा कान्छो विधा हो। नेपाली साहित्यमा समालोचनाको इतिहास छोटो भए तापनि यसले छुट्टै महत्त्व वहन गरेको छ। नेपाली साहित्यका केही मुख्य समालोचकहरूले आ-आफ्नै विचारअनुसार समालोचनाको परिभाषा प्रस्तुत गरेका छन्। नेपाली साहित्यका प्रख्यात समालोचक यदुनाथ खनालले समालोचनाको परिभाषा यस प्रकार प्रस्तुत गरेका छन्- *पानीको प्रवाहलाई नदी भन्ने नाम दिनु साहित्य हो, नदीको बारेमा अरू विशेष कुरा जान्नु,*

---

८. घनश्याम कँडेल, पूर्ववत्, पृ. ख।

९. कृष्णविलास पौड्याल, (वि.सं.२०६८), **साहित्य सिद्धान्त, नेपाली समालोचना तथा शोध र सृजनविधि,** काठमाडौं: नवीन प्रकाशन, पृ. १५६।

*उसको मूल मुख खोज्नु समालोचना हो।*[१०] *सुख-दुःख, राम्रो-नराम्रो, मन पर्दो-नपर्दो इत्यादि कुराको मस्तिष्कमा जब विवेचना हुन्छ, त्यसको परिणामस्वरूप समालोचनाको जन्म हुन्छ* भन्ने मन्तव्य समालोचक रामकृष्ण शर्माको रहेको छ।[११] यसै गरी नेपाली साहित्यका वरिष्ठ समालोचक वासुदेव त्रिपाठीले समालोचना सम्बन्धी यस्तो धारणा व्यक्त गरेका छन्- *टी. एस्. इलियटले भनेझैं तुलना र विश्लेषणका हतियारहरूको प्रयोग गर्दै परम्परा र व्यक्ति प्रतिभाको मूल्याङ्कन नै समालोचना हो।*[१२] समालोचक नेत्र एटमका अनुसार *समालोचना भनेको कृतिलाई परीक्षण गरेर त्यसको विश्लेषण र मूल्याङ्कनका साथसाथै परम्परामा त्यसको स्थान निर्धारणसमेत गर्नु हो*।[१३] समालोचनाको परिभाषा प्रदान गर्ने सन्दर्भमा समालोचक राजेन्द्र सुवेदीले पनि समालोचनालाई यसरी परिभाषित गरेका छन्- *कुनै पनि वस्तुलाई असल, खराब, गुण, अवगुण, सकारात्मक, नकारात्मक, लाभप्रद, हानिकारक पक्षहरूको समाजका निम्ति ग्राह्य, शिष्ट र मार्गदर्शक आदिका दृष्टिले छानबिन गरेर निष्कर्षसम्म पुग्ने कार्य समालोचना हो*।[१४] यसरी नै नेपाली साहित्यका अर्का प्रतिष्ठित समालोचक ताना शर्माको विचारमा *आलोचना फटाहालाई लाटो पारून्जेल पोल्ने सिस्नु हुनु पर्छ र पश्चिमा साहित्यको अध्ययनबाट निर्मित आलोचना शक्तिलाई निर्भीकता पूर्वक स्पष्ट शब्दमा कसैको पद र मुख नहेरी गरिएको समीक्षा हुनु*

---

१०. कृष्णविलास पौड्याल, पूर्ववत्।
११. पूर्ववत्।
१२. ज्ञानु अधिकारी, पूर्ववत्, पृ. १०।
१३. पूर्ववत्, पृ. १२।
१४. पूर्ववत्, पृ. ११।

*पर्छ भन्ने मान्यता सबैमा हुनु पर्छ*।[१५] ताना शर्माले समालोचनालाई गहन चुनौतीपूर्ण कार्य मानेका छन्।

समालोचनालाई विभिन्न विद्वानहरूले परिभाषित गरेका छन्। समालोचनासम्बन्धी प्राप्त परिभाषाहरूमा एकरूपता नभए तापनि समालोचनाले साहित्यको मूल्याङ्कन गर्छ भन्ने विचारको उद्घाटन भएको पाइन्छ। निष्कर्षमा भन्नु पर्दा कुनै पनि सिर्जनात्मक रचनाको अध्ययन, चिन्तन र मननपछि त्यसको वस्तुगत र कलात्मक वैशिष्ट्यको विवेचना तथा मूल्याङ्कन गर्ने कलाविशेषलाई समालोचना भनिन्छ। समालोचना अनिवार्य रूपमा मूल्याङ्कनपरक र कृतिको मूल्याङ्कन व्याख्यापरक हुन आवश्यक मानिएको छ।

## २.३ समालोचनाका प्रकार र प्रणाली

समालोचनाको अध्ययनक्रममा यसका विविध प्रकार र प्रणालीको पनि चर्चा गर्नु आवश्यक छ।

### २.३.१ समालोचनाका प्रकार

समालोचनाका विधि, पद्धति, प्रक्रिया, स्वरूप, प्रकृति, प्रवृत्ति आदिका आधारमा गरिने एक किसिमको वर्गीकरणलाई समालोचनाका प्रकार भनिन्छ। प्रत्येक समालोचनालाई हेर्ने आधार भिन्न-भिन्न भएकाले समालोचनाका विविध रूप पाइन्छ।

---

[१५]. राजेन्द्र सुवेदी, (वि.सं.२०६८,), **नेपाली समालोचनाःपरम्परा र प्रवृत्ति** (दो.सं), काठमाडौं : पाठ्यसामग्री प्रकाशन, पृ. १६।

त्यसैले समालोचनालाई विभिन्न आधारमा विभिन्न प्रकारले वर्गीकरण गरिएको छ। समालोचनाको कुनै अन्तिम र निश्चित वर्गीकरण नदेखिए तापनि विशेष गरी समालोचनालाई सैद्धान्तिक र व्यावहारिक गरी दुई रूपमा विभाजन गरिएको देखिन्छ। सामान्य रूपमा समालोचना सैद्धान्तिक र व्यावहारिक कुनै पनि पक्षसित सम्बन्धित हुनसक्छ। समालोचना गर्ने क्रममा कुनै एक समालोचकले अनेक प्रकारका समालोचना लेखेको हुनसक्छ। कतिपय समालोचकले समालोचना लेख्ने क्रममा सैद्धान्तिक पक्षलाई मूल आधार बनाएको हुन्छ भने कतिले चाहिँ आफ्नो वैयक्तिक विचारलाई आधार बनाई समालोचना लेख्ने गरेको देखिन्छ।

**२.३.१.१ सैद्धान्तिक समालोचना :** सैद्धान्तिक समालोचनामा कृतिका वस्तु, रूप आदिलाई आधार बनाएर कृतिको समालोचना गर्नुका सट्टा समालोचनाको मापदण्डका रूपमा सामान्य सिद्धान्तहरूको निर्माण गरिन्छ र तिनका आधारमा कृतिका वस्तु, रूप आदिलाई केलाउने एवम् कृतिका विशेषताको निरूपण गर्ने प्रयास गरिन्छ। साहित्यका मूल्य र वैशिष्ट्यलाई सैद्धान्तिकीकरण गर्न थालिएपछि सैद्धान्तिक समालोचनाको जन्म भएको हो। साहित्यिक कृतिको सैद्धान्तिक दृष्टिले त्यसको वस्तुगत अध्ययन गर्ने प्रक्रिया नै सैद्धान्तिक समालोचना हो। सैद्धान्तिक समालोचनाले प्राचीनकालदेखि नै पूर्वीय साहित्य र पाश्चात्य साहित्य दुवैमा महत्त्वपूर्ण स्थान ओगटेको छ। पूर्वीय साहित्यशास्त्रका रस, ध्वनि, अलङ्कार आदि सम्प्रदायहरू सैद्धान्तिक समालोचनाअन्तर्गत पर्दछन्। पूर्वीय

साहित्यमा भरतमुनिको **नाट्यशास्त्रम्**, भामहको **काव्यालङ्कार**, दण्डीको **काव्यादर्शन**, आनन्दवर्द्धनको **ध्वन्यालोक**, कुन्तकको **वक्रोक्ति जीवितम्**, मम्मटको **काव्यप्रकाश**, विश्वनाथको **साहित्यदर्पण** र जगन्नाथको **रसगङ्गाधर**जस्ता आदर्श ग्रन्थहरू सैद्धान्तिक समालोचनासित सम्बन्धित छन्।

नेपाली साहित्यको समालोचना क्षेत्रमा पनि सैद्धान्तिक समालोचनाको प्रयोग भएको देखिन्छ। नेपाली साहित्यका राममणि आ.दीको **कवितारीति**, कुलचन्द्र गौतमको **अलङ्कार चन्द्रोदय**, रत्नध्वज जोशीको **मानसलङ्कार**, सोमनाथ सिग्द्यालको **साहित्य प्रदीप**, बदरीनाथ भट्टराईको **संस्कृत साहित्यको सिंहावलोकन**, हेमाङ्गराज अधिकारीको **पूर्वीय समालोचना सिद्धान्त**, गोविन्दप्रसाद भट्टराईको **पूर्वीय काव्य सिद्धान्त**, केशवप्रसाद उपाध्यायको **पूर्वीय काव्य सिद्धान्त**, आदि कृतिहरू पूर्वीय सैद्धान्तिक समालोचनाका आदर्श नमूना हुन्। त्यसरी नै पाश्चात्य साहित्यमा पनि सैद्धान्तिक समालोचनाका केही नमुनाहरू पाइन्छन्। पाश्चात्य साहित्यका एरिस्टोटलको **पोइटिक्स** र आई.ए.रिचर्डसको **प्रिन्सिपल्स् अफ लिटरेरी क्रिटिसिज्म** नामक ग्रन्थहरू सैद्धान्तिक समालोचनाका उदाहरणीय नमुना हुन्। पाश्चात्य साहित्यमा सैद्धान्तिक समालोचनाको परम्परा त्यत्ति लामो देखिँदैन। पाश्चात्य साहित्यमा सैद्धान्तिक समालोचनालाई सक्रिय रूपमा प्रयोग गर्ने चिन्तकहरूमा प्लेटो, एरिस्टोटल, आई.ए.रिचर्डस, होरेस, कलरिज आदि हुन्।

**२.३.१.२ व्यावहारिक समालोचना :** व्यावहारिक समालोचनामा सौन्दर्यशास्त्रीय आधार र स्थापित सैद्धान्तिक मापदण्डलाई ध्यानमा राख्दै कृतिका रूप, वस्तु आदि कुनै वा सबै पक्षलाई केलाउने र त्यसैका आधारमा कृतिको मूल्याङ्कन गर्ने गरिन्छ। साधारणत: पाठकले पाठको पठन र आस्वादन गरेपछि सिद्धान्त निरपेक्ष रही उक्त पाठबारे निजी प्रतिक्रिया वा धारणा व्यक्त गर्न थालेपछि व्यावहारिक समालोचनाको जन्म भएको मानिन्छ। व्यावहारिक वा प्रायोगिक समालोचना विशेष गरी पाश्चात्य साहित्यमा अधिक विकसित र प्रचलित भएको पाइन्छ। व्यावहारिक समालोचनामा मूलत: कृति र कृतिकारको अध्ययन र मूल्याङ्कन गरिएको हुन्छ। यस्तो अध्ययन र मूल्याङ्कनका क्रममा शास्त्रीय सिद्धान्तहरू पृष्ठभूमिमा रहेका हुन्छन्। समय-समयमा विश्व साहित्यमा देखापरेका नौला-नौला प्रयोग, आन्दोलन, परिवर्तन आदिका कारणले सैद्धान्तिक समालोचनाको विपक्षमा जन्मेको समालोचनालेखन प्रणालीलाई प्रायोगिक समालोचना भनिन्छ। पूर्वीय समालोचना क्षेत्रमा राजशेखरको **काव्यमीमांसा**, अभिनव गुप्तको **ध्वन्यालोक लोचनटीका**जस्ता ग्रन्थहरू पूर्वीय व्यावहारिक समालोचनाका उदाहरण हुन्। पूर्वीय व्यावहारिक समालोचनाको तुलनामा पाश्चात्य व्यावहारिक समालोचना अधिक प्रचलित देखिन्छ। जोनसनको **लाइभ्स अफ पोएट्स**, जोन ड्राइडनको **लिटरेरी एसेज**, मेथ्यू आर्नोल्डको **एसेज अन क्रिटिसिज्म** र टी.एस.इलियटको **सेलेक्टेड एसेज**जस्ता कृतिहरू पाश्चात्य व्यावहारिक समालोचनाका महत्त्वपूर्ण ग्रन्थहरू हुन्। व्यावहारिक

समालोचनालाई विद्वानहरूले विशेष प्रभावपरक र निर्णयात्मक गरी दुई भेदमा विभाजन गरेका छन्। प्रभावपरक समालोचकले बहुधा शास्त्रीय बन्धनमा नबाँधिएर स्वतन्त्र रूपमा समालोचना गर्ने गर्छ। यस प्रकारका समालोचनामा बुद्धितत्त्वको भन्दा भावनाको बढी महत्त्व हुन्छ। प्रभावपरक समालोचनामा साहित्य शास्त्रका स्थानमा व्यक्तिगत रूचि, भावना र जीवनलाई सर्वोपरी मानिएको हुन्छ। त्यसरी नै निश्चित नैतिक र साहित्यिक सिद्धान्तलाई ध्यानमा राखी गरिने समालोचनालाई निर्णयात्मक समालोचना भनिन्छ। यसमा साहित्यकारको क्षमता र वास्तविकतालाई भन्दा कृतिको आदर्श पक्षलाई बढी महत्त्व दिइन्छ। व्यावहारिक समालोचना प्रभावपरक र निर्णयात्मक दुईवटा भेदमा मात्र सीमित छैन। व्यावहारिक समालोचनाअन्तर्गत अन्य विभिन्न प्रकारका समालोचना पद्धतिहरू पनि पर्दछन्।

## २.४ समालोचनाको पद्धति वा प्रणाली

साहित्यका विभिन्न विधाहरू तथा साहित्यिक कृतिहरूको अध्ययन र मूल्याङ्कन गर्ने क्रममा समालोचनाका विविध पद्धति वा प्रणालीहरूको निर्माण भएका छन्। समालोचक, साहित्यकार तथा विचारकहरूले विभिन्न काल विन्दुमा आ-आफ्ना अभिमत एवम् सिद्धान्तहरू प्रतिपादन गर्दै आएका छन्। विश्वमा विद्यमान साहित्यको अध्ययन गर्दा व्यावहारिक समालोचनाका विभिन्न प्रणाली वा पद्धतिहरूको विकास प्रशस्त मात्रामा

भएको पाइन्छ। विश्वसाहित्यमा प्रचलित त्यस्ता समालोचना पद्धतिहरूमध्ये केही प्रमुख पद्धतिको परिचय यहाँ प्रस्तुत गरिएको छ।

### २.४.१ नीतिपरक समालोचना पद्धति

नीति तत्त्वलाई मूल आधार बनाई साहित्यको विश्लेषण एवम् मूल्याङ्कन गरिने समालोचना नीतिपरक समालोचना पद्धति हो। नीतिपरक शब्द ग्रिसेली Didactic को नेपाली रूपान्तर हो। ग्रिसेली Didactic शब्दको अर्थ सत् शिक्षा दिने भन्ने रहेको छ।[१६] नीतिपरक समालोचनाले समाजमा मानवीय हितको स्थापना, नैतिक आचरण, व्यवहार, नियम पालना र अनुशासनबद्धता, सामाजिक उपयोगिताजस्ता कुरालाई बुझाउँछ। नीतिपरक समालोचना आदर्शवादद्वारा अनुप्राणित छ। नीतिपरक समालोचना पाश्चात्य साहित्यका प्रखर समालोचक प्लेटोबाट सुरू भएको देखिन्छ। नीतिपरक समालोचना प्रणाली पाश्चात्य साहित्य समालोचना क्षेत्रको सबैभन्दा पुरानो वा जेठो समालोचना प्रणाली हो। पाश्चात्य साहित्यका प्रथम समालोचक प्लेटोका मतानुसार *काव्यको कसौटी सदाचार तथा सत्यको प्राप्ति भएकाले काव्य सदा सत्यको पक्षमा हुनुपर्छ र यो मानव कल्याणकारी तथा राष्ट्रलाई प्रगतिको पथतिर डोऱ्याउने खालको हुनुपर्दछ।*[१७] नीतिवादी समालोचकहरू प्लेटोको धारणामा केन्द्रित देखिन्छन्। मूलतः समाजमा आदर्श र

---

[१६] मोहनराज शर्मा र खगेन्द्रप्रसाद लुइटेल, (वि.सं.२०६३), **पूर्वीय र पाश्चात्य साहित्य सिद्धान्त** (दो.सं.) काठमाडौं: विद्यार्थी पुस्तक भण्डार, पृ. १०१।

[१७] ईश्वरकुमार श्रेष्ठ, (वि.सं.२०६२),**पूर्वीय एवम् पाश्चात्य साहित्य-समालोचना :प्रमुख मान्यता, वाद र प्रणाली** (चौ.सं.), ललितपुर: साझा प्रकाशन, पृ. २१४।

मूल्यमान्यताको स्थापना, सत्-असतको परीक्षण गरी नीतिवादी मान्यताले साहित्यमा सतको पृष्ठपोषण गर्नु जस्ता विचार नीतिवादीहरूको रहेको छ। विभिन्न समयमा देखापरेका पाश्चात्य नीतिवादी समालोचकहरूले विभिन्न नीतिवादी मान्यता वा दृष्टिकोणका आधारमा नीतिपरक समालोचनालाई सुदृढ बनाउने कार्य गरेका छन्। प्लेटोद्वारा प्रतिपादित नीतिपरक समालोचनालाई सक्रिय रूपमा अघि बढाउने समालोचकहरू हुन् - होरेस, पुनर्जागरण कालका स्टिफेन ग्यासोन तथा सर फिलिप सिड्नी आदि। यी समालोचकहरूले कविताका आनन्दात्मक र शैक्षिक उद्देश्य स्विकार्दै नीतिपरक समालोचनालाई सक्रियता प्रदान गरेका छन्। नीतिपरक समालोचना प्रणालीको विकासक्रममा डा.जोनसन, स्वच्छन्दतावादी कवि एवम् समालोचक विलियम वर्डस्वर्थ, पी.बी.शेली, मेथ्यू आर्नल्ड र नवमानववादी सम्प्रदायको पनि मुख्य भूमिका रहेको छ। नीतिपरक समालोचना प्रणाली प्राचीन ग्रिसका प्लेटोदेखि प्राचीन रोमका होरेस हुँदै संयुक्त राज्य अमेरिकामा बीसौं शताब्दीमा नवमानववादसम्मको लामो यात्रा तय गर्न सफल बनेको छ।

### २.४.२ जीवनीपरक समालोचना पद्धति

सामान्यतया जीवनी भन्नाले मानिसको जीवनको इतिवृत्त भन्ने बुझिन्छ। कृति सृजना गर्ने सर्जकको जीवनलाई केन्द्र बनाई साहित्यको अध्ययन र मूल्याङ्कन गर्ने पद्धति नै जीवनीपरक समालोचना हो। कुनै लेखकको कृतिको व्याख्या तथा मूल्याङ्कन

उनकै जीवनवृत्तका आधारमा गरिने पद्धतिलाई जीवनीपरक समालोचना भनिन्छ। जीवनीपरक समालोचना लेखककेन्द्री पद्धति हो। कुनै पनि कृतिकारले कृतिमा आफ्नो जीवनदृष्टि व्यक्त गरेको हुन्छ। प्राचीनकालदेखि नै पाश्चात्य साहित्यमा इतिहासअन्तर्गत जीवनीलेखनको लामो परम्परा रहिआएको पाइन्छ। रोमेली इतिहासकार प्लुटार्क, ट्यासिटस र सुटोनियसले जीवनीलेखनमा महत्त्वपूर्ण योगदान प्रदान गरेका छन्। प्लुटार्कद्वारा लिखित **प्यारालेल लाइभ्स** (Parrallel Lives) जीवनीलेखन परम्पराको उल्लेखनीय कृति हो। यसै क्रममा बेलायती साहित्यकार फ्रान्सिस बेकनले पनि इतिहास र जीवनीलाई पृथक गरी जीवनीलेखनलाई अघि बढाउने काम गरे। यसै समयमा देखापरेका जोन ड्राइडेनले जीवनी भनेको व्यक्तिविशेषको जीवनको इतिहास हो भन्दै कुनै पनि कृतिको मूल्याङ्कन लेखकका व्यक्तित्वको अध्ययनविना सम्भव छैन भनी जीवनीपरक पद्धतिको महत्त्व दर्शाएका छन्।[१८] जीवनीपरक समालोचनाको प्रमुख संस्थापक र व्याख्याता ड्राइडेनलाई नै मानिन्छ। पछि जीवनीपरक समालोचनालाई फ्रान्सेली समालोचक सेन्ट व्युभले निरन्तरता प्रदान गरे। पश्चिमी साहित्यमा जीवनी साहित्यले विशेष लोकप्रियता प्राप्त गरेतापनि जीवनीपरक समालोचनाले त्यत्ति फस्टयाउने मौका भने पाएन। पाठकेन्द्री नवसमालोचनाको प्रारम्भ भएपछि जीवनीपरक समालोचनाको अस्तित्व लुप्त हुँदै गयो। जीवनीपरक समालोचनाको प्रभाव अन्य देशको साहित्यमा पनि परेको देखिन्छ। नेपाली साहित्यमा पनि समालोचनाको थालनी

[१८] मोहनराज शर्मा र खगेन्द्रप्रसाद लुइटेल, पूर्ववत्, पृ. १२३।

जीवनीपरक समालोचनाबाट नै भएको देखिन्छ। मोतीराम भट्टद्वारा लिखित **कवि भानुभक्त आचार्यको जीवनचरित्र** (सन् १८९१) नामक कृति नेपाली साहित्यको प्रथम जीवनीपरक समालोचनाको रूपमा प्रकाशित भएको थियो।

### २.४.३ समाजपरक समालोचना पद्धति

सामाजिक दृष्टिबाट साहित्यिक कृति तथा कृतिकारको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्ने पद्धतिलाई समाजपरक समालोचना पद्धति भनिन्छ। साहित्यको सिर्जना समाजबाट नै हुन्छ। मूलमा साहित्य र साहित्यकार समाजबाट नै प्रेरित हुन्छन्। सामाजिक सन्दर्भमा साहित्य र साहित्यकारको अध्ययन-विश्लेषण गर्ने पद्धतिलाई समाजपरक समालोचना भनिन्छ। समाजपरक समालोचना समाजसापेक्ष हुन्छ र यस पद्धतिले समाजलाई नै अध्ययनको केन्द्रबिन्दु बनाउँछ। समाजमा सकारात्मक परिवर्तन ल्याउने विचार समाजपरक समालोचकहरूको रहेको हुन्छ। समाजपरक समालोचनाको थालनी बीसौं शताब्दीमा भए तापनि यसको प्रारम्भिक रूपरेखा अठारौं शताब्दीमै विकोद्वारा प्रतिपादित भएको देखिन्छ। अठारौं शताब्दीमा विकोले होमरका र उन्नाइसौं शताब्दीमा हर्डरले शेक्सपियरका कृतिमा सामाजिकताको अध्ययन गरे पश्चात् समाजपरक समालोचना प्रणालीले लामो यात्रा तय गरेको हो। समाजपरक समालोचनाको व्यापक सैद्धान्तिक प्रस्फुटन हिप्पोलाइट टेनको क्षण, युग र जातिका सूत्रद्वारा भएको पाइन्छ।[१९]

---

१९. विद्यापति दाहाल,(वि.स.२०६०), **पाश्चात्य समालोचना र प्रमुखवाद**, आसाम : दाहाल प्रकाशन, पृ.१०।

त्यसरीनै सेण्टव्यूभका जीवनीपरक समालोचनाका सामाजिक पृष्ठभूमिको चर्चाले पनि समाजपरक समालोचनाको विकासमा सहयोग पुऱ्याएको छ। समाजपरक समालोचनाको वास्तविक विकास ईशाको बीसौं शताब्दीमा मार्क्सवादी धाराको आगमनसँगसँगै भएको हो। समाजपरक समालोचनाको विकासमा मार्क्सवादको महत्त्वपूर्ण योगदान रहेको छ। मार्क्सवाद विश्वप्रसिद्ध चिन्तक कार्ल माक्सका राजनीतिक, आर्थिक दृष्टिकोणमा आधारित छ। कार्ल मार्क्सकै धारणालाई आदर्श मानी समाजपरक समालोचना गर्ने अन्य समालोचकहरू हुन् — प्लेखानोभ, लेनिन, क्रिस्टोफर कड्वेल, म्याक्सिम गोर्की आदि। सत्यदेव मिश्राका विचारमा - *मार्क्सवादी धारणा भन्नाले त्यस सिद्धान्तको बोध हुन्छ, जसमा कार्लमाक्स (सन् १८१८-८६) र फ्रेडरिक एञ्जेल्स (सन् १८२०-९५) का दार्शनिक, सामाजिक, राजनीतिक तथा आर्थिक विचारहरू पर्न आउँछन्।*[२०] समाजपरक समालोचना प्रणाली बहुमुखी र उपलब्धिमुखी रहेको छ भन्ने मान्यता पाइन्छ। साहित्यिक कृतिको माध्यमबाट समाजको भूत र वर्तमानको अध्ययन गर्नु पनि समाजपरक समालोचनाको एउटा अङ्ग हो। समाजपरक समालोचनाको विकासमा गैरमार्क्सवादी समालोचकहरूले पनि सघाउ पुऱ्याएका छन्। साहित्य र कलाहरू मनुष्य मात्रका लागि हुन् र यी देशकाल र वर्गबाट पर हुन्छन् भन्ने मान्यता गैरमार्क्सवादीहरूका रहेको छ। सैद्धान्तिक आधार एकै भए तापनि समाजपरक समालोचनाभित्र ज्यादा वैयक्तिक मतभेद

[२०]. मेघनाथ छेत्री, पूर्ववत्, पृ. १५।

पाइन्छ। समाजपरक समालोचना जुनसुकै समुदायमा बाँडिए पनि यस समालोचलाको अस्तित्व र प्रयोग हालसम्म पनि देखिन्छ।

### २.४.४ मनोविज्ञानपरक समालोचना पद्धति

साहित्यमा मानवमनको महत्त्व पहिलेदेखि नै रहेको पाइन्छ। कृतिमा पात्रको मनको वैज्ञानिक अध्ययन गर्ने पद्धत्तिलाई मनोविज्ञानपरक समालोचना भनिन्छ। मनोविज्ञानपरक समालोचनाले साहित्यिक कृतिभित्र उपस्थित मञ्चीय पात्रहरूको मनोविश्लेषण गर्दा कृतिकारको व्यक्तित्व तथा मानसिक अवस्थालाई आधार मानेर गर्छ। कृतिकार, कृति, कृतिगत चरित्र तथा पाठकको मानसिक-स्नायविक विश्लेषणलाई मनोविज्ञानपरक वा मनोविश्लेषणवादी समालोचना भन्दछन्। पाश्चात्य साहित्यमा मनोविज्ञानपरक समालोचनाको थालनी बीसौं शताब्दीतिर सिग्मन्ड फ्रायडद्वारा भएको हो। अर्नेस्ट जोन्सले शेक्सपियरको नाटक **ह्यामलेट**-को नायकको मनोविश्लेषणात्मक अध्ययन गरे पश्चात् वास्तविक रूपमा मनोविज्ञानपरक समालोचना प्रणालीको सैद्धान्तिक परम्पराको सूत्रपात भएको देखिन्छ। मनोविज्ञानपरक समालोचना सिग्मन्ड फ्रायड, अल्फ्रेड एडलर र कार्ल गुस्ताव युङ्गजस्ता मनोविश्लेषणशास्त्रीका मनसम्बन्धी अध्ययन, खोज र प्राप्तिको परिणाममा आधारित छ। मनोवैज्ञानिक फ्रायडले शरीरका सम्पूर्ण प्रक्रियालाई नै मन मानेका छन् र मनलाई व्यक्तिको मूलका रूपमा स्विकारेका छन्। मानवमनको अध्ययन गर्ने क्रममा फ्रायडले मनलाई आकारात्मक र गत्यात्मक गरी दुई

भागमा विभाजन गरेका छन्। फ्रायडले आकारात्मक पक्षअन्तर्गत चेतन, अवचेतन र अचेतन गरी मनका तीन तहलाई प्रस्तुत गरेका छन् भने गत्यात्मक पक्षअन्तर्गत इद, इगो र सुपरइगोको चर्चा गरेका छन्।[२१] फ्रायडका मतानुसार - साहित्य भनेको अतृप्त कामेच्छाहरूको प्रतीकात्मक-बिम्बात्मक अनि उदात्तीकृत-रूपान्तरित अभिव्यक्ति तथा आत्मोपचारको साधन माध्यम हो।[२२] फ्रायडपछि देखापरेका फ्रायडकै शिष्य अल्फ्रेड एडलरले चेतन मनमा अवस्थित श्रेष्ठतम भावलाई मान्दछन्। एडलरले फ्रायडभन्दा विपरीत मत राखी सामाजिक शक्तिलाई मान्यता दिएका छन्। एडलरका विचारमा कला, साहित्य हीनभावनाको क्षतिपूर्तिको साधन हो र उनी के पनि मान्दछन् भने आफूमा अन्तर्निहित हीनत्वभावको क्षतिपूर्तिको श्रेष्ठत्व प्राप्ति वा अहम् स्थापनाका निम्ति कुनै पनि व्यक्ति साहित्यकारले साहित्य कृतिको सिर्जना गर्दछ।[२३] फ्रायडका अर्का शिष्य कार्ल गुस्ताव युङ्ग फ्रायडकै शिष्य भए तापनि उनको सिद्धान्त फ्रायडको भन्दा नितान्त पृथक देखिन्छ। मनोवैज्ञानिक युङ्गका मतमा —साहित्य सिर्जनाको मूल प्रेरक तत्त्व फ्रायडको दमित कामेच्छा अनि एडलरको झैं हीनत्वबोधको क्षतिपूर्तिद्वारा श्रेष्ठत्व प्राप्ति नभएर सामूहिक अचेतन मनको आग्रह हो।[२४] फ्रायडले झै युङ्गले पनि मनलाई तीनवटा तहमा

---

[२१]. मोहनराज शर्मा र खगेन्द्रप्रसाद लुइटेल, पूर्ववत्, पृ. १७२।

[२२]. ईश्वरकुमार श्रेष्ठ, पूर्ववत्, पृ. २२५।

[२३]. पूर्ववत्, पृ. २२६।

[२४]. पूर्ववत्।

विभाजन गरेका छन् — चेतन मन, व्यक्तिगत मन र सामूहिक अचेतन मन।[२५] युङ्गले साहित्यलाई मनको गहिराईबाट सम्पन्न हुने चेतनक्रिया मानेका छन्। साहित्यिक मनोविज्ञानपरक समालोचनाको विकासमा सिगमन्ड फ्रायडको महत्त्वपूर्ण भूमिका रहेको छ। फ्रायडवादको गहिरो प्रभाव कला, साहित्य र अन्य विभिन्न क्षेत्रमा पनि परेको देखिन्छ। बीसौं शताब्दीको पूर्वार्द्धमै देखापरेको मनोविज्ञानपरक समालोचना प्रणालीले मानव मनका विविध पक्षहरूको उद्घाटन गरेका छन्।

### २.४.५ आदिमतापरक समालोचना पद्धति

बीसौं शताब्दीमा देखापरेका आदिमतापरक समालोचना प्रणाली पाश्चात्य साहित्यको अपेक्षाकृत नौलो उपलब्धि मानिन्छ। 'आदिमतापरक' शब्द अङ्ग्रेजीको आर्किटाइपसित सम्बन्धित छ। यो आर्किटाइप शब्द ग्रिसेली 'आर्कि' र 'टाइपोस्' को संयोजनबाट बनेको हो। ग्रिसेली आर्किको शब्दार्थ आदि, आरम्भ, पहिलो नमुना, उदाहरण वा दृष्टान्त हो भने टाइपोस्को अर्थ छाप हो।[२६] समग्रमा यसले आद्यप्रकार, आदिबिम्ब वा मूल ढाँचालाई जनाउँछ। यो आदिमतावादी वा आदिमपरक समालोचना प्रणाली सामान्यतया मनोविज्ञानवादी समालोचनाकै विस्तारित संस्करण जस्तो देखापर्दछ। आदिमतापरक समालोचना प्रणाली युङ्गको मनोविश्लेषण र मानवशास्त्रको सांस्कृतिक दृष्टिको सहकारितामा आधारित रहेको छ। आदिमतापरक समालोचनाको स्थापना

---

२५. पूर्ववत्।

२६. मोहनराज शर्मा र खगेन्द्रप्रसाद लुइटेल, पृ. १९६।

आधुनिक युगमा भए तापनि यसको प्रारम्भिक पृष्ठभूमि अठारौं शताब्दीको प्रथम चरणमै पाइन्छ। आदिमतापरक समालोचनाको प्रारूप होमरका महाकाव्यका अध्येता अठारौं शताब्दीका विसोको मिथकीय व्याख्यामा पाइन्छ। मिथकीय भन्नाले देवी, देवता, दानव आदि अतिप्राकृतिक तत्त्वको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ। आधुनिक कालमा देखापरेका आदिमतापरक समालोचनालाई विशेष टेवा पुऱ्याउने समालोचकहरू हुन्- जेम्स जर्ज र कार्ल गुस्ताभ युङ्ग। त्यस समयका यी दुई समालोचकहरूमध्ये फ्राजर मानवशास्त्री र युङ्ग मनोवैज्ञानिक हुन्। त्यसैले आदिमतापरक समालोचनाको मानवशास्त्र र मनोविज्ञान दुवैसँग घनिष्ठ सम्बन्ध रहेको देखिन्छ। वासुदेव त्रिपाठीले आदिमतापरक समालोचनाको विकासक्रमको यात्रालाई तीनवटा मोडमा विभाजन गरेका छन्। उनका भनाइमा- *मोटामोटी यसको विकास प्रक्रियालाई प्रारूप, सैद्धान्तिक पृष्ठभूमिको निर्माण र उठान अनि उत्तरोत्तर विकासजस्ता तीन मोडमा बाँडेर हेर्न सकिन्छ।*[२७] अठारौं शताब्दीमा विको र हेर्डर अनि उन्नाईसौं शताब्दीमा नित्सेको चर्चाका साथै आदिमतापरक समालोचनाको प्रारूप प्रकट भएको कुराको उद्घाटन त्रिपाठीले गरेका छन्।[२८] त्यसरी नै उन्नाईसौं शताब्दीको उत्तरार्द्धदेखि बीसौं शताब्दीको प्रथम चरणसम्ममा स्वच्छन्दतावादी र प्रतीकवादी धारणाबाट प्रेरित भई फ्रायड र युङ्गको मनोविश्लेषण तथा सांस्कृतिक मानवशास्त्रका सिद्धान्तबाट आदिमतापरक समालोचनाको सैद्धान्तिक ढाँचा निर्माण भएको

---

[२७] वासुदेव त्रिपाठी, (वि.सं.२०६५), **पाश्चात्य समालोचनाको सैद्धान्तिक परम्परा भाग २** (पाँ.सं), ललितपुर: साझा समालोचना, पृ. १७९।

[२८] पूर्ववत्, पृ. १८०।

तथ्य त्रिपाठीले बताएका छन्।[२९] आदिमतापरक समालोचना प्रणाली युङ्गको मनोविश्लेषण र मानवशास्त्रको सांस्कृतिक दृष्टिको सहकारितामा आधारित रहेको पाइन्छ। आदिमतापरक समालोचना मनोवैज्ञानिक-सांस्कृतिक समालोचना प्रणाली हो। यस प्रकारको समालोचनालाई पुराकथात्मक मिथकीय समालोचना प्रणाली पनि भनिन्छ। आदिमतापरक समालोचनाले लिखित साहित्य र लोकसाहित्यका बिचमा सेतुको कार्य गरेको हुन्छ।

### २.४.६ शैली वैज्ञानिक समालोचना पद्धति

पाश्चात्य समालोचनाका विभिन्न प्रणालीहरूमध्ये शैली वैज्ञानिक समालोचना पद्धति पनि एक हो। शैली वैज्ञानिक समालोचनाको सर्वप्रथम प्रयोग उन्नाइसौं शताब्दीमा जर्मनीमा भएको पाइन्छ। शैलीको सामान्य अर्थ ढङ्ग, ढाँचा वा तरीका हो। साहित्यिक लेखनमा देखा पर्ने खास किसिमको ढङ्गलाई शैली भनिन्छ। शैली विज्ञानको सम्बन्ध साहित्यिक शैलीसित रहेको हुन्छ। शैली वैज्ञानिक समालोचना प्रणालीले साहित्यको भाषिक पक्षमा केन्द्रित रहेर अध्ययन, विश्लेषण र मूल्याङ्न गर्दछ। शैली वैज्ञानिक समालोचनाले भाषाशास्त्रलाई आधार बनाएर साहित्यको विश्लेषण गर्ने गर्दछ। साहित्य विवेचनाका सन्दर्भमा प्रतिपादित जति पनि काव्य सिद्धान्तहरू छन्, ती सबैका आ-आफ्नो शैलीहरू छन्। यिनै शैलीहरूलाई प्रमुख तत्त्वको रूपमा स्विकार्दै शैलीलाई नै केन्द्र

---

[२९]. पूर्ववत्, पृ. १८२।

मानेर साहित्यिक कृतिको मूल्याङ्कन गर्ने वस्तुवादी आलोचना पद्धति नै वास्तवमा शैली वैज्ञानिक समालोचना पद्धति हो। पाश्चात्य समालोचनाको क्षेत्रमा नयाँ उपलब्धिको रूपमा देखापरेका शैली वैज्ञानिक समालोचनाको प्रयोग पूर्वीय साहित्यमा पनि पाइन्छ। साहित्यिक शैलीको अध्ययन गर्ने परम्परा पश्चिम र पूर्व दुवैमा प्राचीनकालदेखि नै प्रचलित भए तापनि शैली विज्ञान साहित्यको नौलो प्रयोग हो। शैली विज्ञानको प्रतिपादन पश्चिममा प्लेटोबाट र पूर्वमा भरतमुनिबाट भएको मानिन्छ। शैली विज्ञानको उद्भव र विकासको इतिहास आधुनिक भाषाविज्ञान, रसियाली रूपवाद तथा पश्चिमेली वस्तुपरक-अन्तर्निष्ठ साहित्यालोचनका इतिहाससित सम्बन्धित छ।[३०] प्रतीकविज्ञान र अर्थविज्ञानको अभ्युदयका साथै सौन्दर्यशास्त्र र साहित्यशास्त्रीय विधा सिद्धान्त एवम् भाषाविज्ञानका नवस्थापनाबाट शैली विज्ञान प्रेरित भएको देखिन्छ। शैली विज्ञान वस्तुपरक चिन्तनको आधारमा ग्रहण गरिएको नवीन समीक्षा सिद्धान्त हो। शैली विज्ञान विशेष गरी कृतिकेन्द्री समालोचना पद्धति हो। समालोचक मोहनराज शर्माले शैली विज्ञानलाई साहित्यको भाषावादी, वस्तुवादी, वैज्ञानिक र सिर्जनात्मक आलोचना पद्धति मानेका छन्।[३१] शैली वैज्ञानिक समालोचनाको विकासमा भाषा विज्ञानका पिता फर्डिनाण्ड डि सस्युर र उनका शिष्य चार्ल्स बालीलगायत रूसी रूपवादी र चेक संरचनावादीहरूको महत्त्वपूर्ण योगदान रहेको छ। यसका साथै शैली वैज्ञानिक समालोचनाको विकासमा कलम चलाउनेहरूमा

---

[३०] घनश्याम नेपाल, (सन् २००९), **शैलीविज्ञान**(दो.सं), सिलगढी: एकता बुक हाउस प्रा.लि, पृ. ६३।

[३१] मोहनराज शर्मा र खगेन्द्रप्रसाद लुइटेल, पूर्ववत्, पृ. २४४।

बेलायतका आई.ए.रिचर्डस, फ्रान्सका चार्ल्स व्याली, जर्मनीका कार्ल भोस्कर, लियो स्पिटजर, रसियाका भ्लाडिमिर प्रप रोमन याकोब्सन, अमेरिकाका नोअम चम्सकी आदि समालोचकहरूले सक्रिय रूपमा सहयोग पुऱ्याएका छन्। अमेरिका, यूरोप हुँदै एशियाका विभिन्न देशहरूमा शैली वैज्ञानिक समालोचना पद्धति विकसित भएको पाइन्छ। विभिन्न देशका साहित्यिक कृतिहरूमा विकसित र भित्रिँदै आएको शैली वैज्ञानिक समालोचना पद्धति नेपाली साहित्यमा पनि भित्रिएको र विकसित भएको पाइन्छ। नेपाली साहित्यमा शैली वैज्ञानिक समालोचनाका अध्येताका रूपमा डिल्लीराम तिमसिना, वासुदेव त्रिपाठी, अभि सुवेदी, इन्द्रबहादुर राई, मोहनराज शर्मा र घनश्याम नेपाल प्रसिद्ध छन्।

### २.४.७ रूपपरक समालोचना पद्धति

रूप भनेको सामान्यत: कुनै कुरा वा वस्तुको त्यस्तो भौतिक आकार वा आकृति हो जुन मुख्यत: स्थानगत (सापेक्ष रूपमा कालगत) आयाममा आधारित हुन्छ र आँखा (चक्षु इन्द्रिय) मार्फत् चेतनाद्वारा ग्रहण गरिन्छ। साहित्यका अन्य पक्षबाट नभएर रूप पक्षबाट गरिने समालोचनाको आधुनिक पद्धतिलाई रूपपरक समालोचना मानिन्छ। रूपपरक समालोचनाले कृतिको विषयवस्तुको विश्लेषण नगरी कृतिमा प्रयुक्त रूपहरूको मूल्याङ्कन गर्छ। रूपपरक समालोचनाको थालनी बीसौं शताब्दीको प्रथम चरणका मुख्यत: रसियाली रूपवाद (सन् १९१५-३०) र आङ्ग्ल-अमेरिकी रूपपरक

नवसमालोचनाबाट भएको देखिन्छ।[३२] रूपपरक समालोचनाले कृतिको मूल्याङ्कन गर्ने पद्धतिलाई बढी कृतिगत तथा वस्तुवादी तुल्याएको छ। पाश्चात्य रूपपरक समालोचना क्षेत्रमा देखापरेका रसियाली रूपवाद पनि एउटा महत्त्वपूर्ण अभियान हो। रसियाली रूपवादको विकास मुख्यतः मस्को भाषिक समूह र काव्यभाषा अध्ययन समाजबाट भएको मानिन्छ। मस्को भाषिक समूहको स्थापना सन् १९१५ मा रूसमा रोमन याकोब्सनद्वारा भएको हो। त्यसरी नै काव्यभाषा अध्ययन समाजको स्थापना सन् १९२६ मा भिक्टर स्लोभ्स्कीद्वारा तत्कालीन पेट्रोगार्ड र हालको सेन्ट पिटर्सवर्गमा भएको पाइन्छ। काव्यभाषा अध्ययन समूहलाई छोटकरीमा ओपोयाज भनिन्छ। यस समालोचना पद्धतिले कृतिविशेषको कलात्मक प्रविधि वा कलात्मक रूपमा जोड दिँदै अन्तर्विषयलाई रूपकै अधीनस्थ अङ्ग मान्दछ। रसियाली रूपवादपछि रूपपरक समालोचनाको विकास अमेरिकामा नवसमालोचनाका रूपमा भएको पाइन्छ। नवसमालोचना विशेषगरी काव्यभाषाको समीक्षा हो। कृतिको कृतिपरक सूक्ष्म रूपमा विस्तृत अध्ययन गर्ने साहित्य सिद्धान्तलाई नवसमालोचना भनिन्छ। नवसमालोचनाले कृतिलाई त्यसको स्रोतबाट, लेखकबाट, लेखक र पाठकको मनोविज्ञानबाट, सामाजिक भूमिकाबाट र प्रभावबाट, विचारको इतिहास, राजनीति तथा आर्थिक अवस्थाबाट अलग्ग राख्छ र त्यसलाई आफैमा पूर्ण एक रचनाको रूपमा हेर्छ भन्ने मान्यता कृष्ण गौतमको रहेको छ।[३३]

---

३२. वासुदेव त्रिपाठी, पूर्ववत्, पृ. २०३।

३३. मेघनाथ छेत्री, पूर्ववत्, पृ. २३।

नवसमालोचनालाई कलावादी सिद्धान्तको परवर्ती रूप पनि मानिन्छ। कलावादी सिद्धान्त सौन्दर्यवादसित सम्बद्ध रहेकाले रूपवादी समालोचनामा पनि सौन्दर्य तत्त्वको प्रधानता पाइन्छ। कलावादले झैं रूपवादले पनि साहित्य र कला वा सौन्दर्यका बिच अटुट सम्बन्ध रहेको मान्यता मोहनराज र खगेन्द्रप्रसादले बताएका छन्।[३४] रूपपरक समालोचनाअन्तर्गत रूसी रूपवादले स्रष्टालाई नभएर उसको सृष्टिलाई विशेष महत्त्व दिएका छन् भने नवसमालोचनाले काव्यको कलात्मकतातिर विशेष ध्यान दिएका छन्।

### २.४.८ संरचनावादी समालोचना पद्धति

संरचनावादी समालोचना भाषाशास्त्री फर्डिनान्ड डि सस्युरको भाषासम्बन्धी सिद्धान्तबाट विशेष प्रभावित भएको पद्धति हो। संरचनावादी समालोचना बीसौं शताब्दीमा शैलीवैज्ञानिक समालोचनाकै हाराहारीमा हुर्किएको देखिन्छ। भाषाशास्त्री फर्डिनान्ड डि सस्युरद्वारा लिखित **कोर्स इन जेनरल लिङ्ग्विस्टिक** नामक पुस्तकमा प्रस्तुत भाषिक चिन्तनले संरचनावादको आधारभूमि तयार पारेको छ। कुनै पनि वस्तु, कृति वा विषयको संरचनामाथि केन्द्रित भई त्यसको वस्तुगत र वैज्ञानिक ढङ्गले विश्लेषण गर्ने पद्धतिलाई संरचनावाद भनिन्छ।[३५] सामान्य रूपमा संरचनावाद भन्नाले भाषा, सङ्केत, चिन्ह र तिनको संरचनाको अध्ययन गर्ने साहित्यिक सिद्धान्त बुझिन्छ। संरचनावाद समाजविज्ञान, मानवशास्त्र, समाजशास्त्र, भाषाविज्ञान, साहित्य, संस्कृति, गणित आदि क्षेत्रमा पनि प्रचलित

---

[३४]. मोहनराज शर्मा र खगेन्द्रप्रसाद लुइटेल, पूर्ववत्, पृ. २१३।
[३५]. मोहनराज शर्मा र खगेन्द्रप्रसाद लुइटेल, पूर्ववत्, पृ. २६।

भएको बहुशास्त्रीय अवधारणा हो। संरचनावादी समालोचनामा भाषावैज्ञानिक साहित्यिक दृष्टिकोणको प्रशस्त प्रभाव रहेको देखिन्छ। फर्डिनान्ड डि सस्युरको वर्णनात्मक भाषाविज्ञानबाट प्रेरित भई निर्माण भएको संरचनावादको अवधारणालाई अघि बढाउने क्रममा मानवशास्त्री क्लाउड लेभी स्ट्राउसको महत्त्वपूर्ण योगदान रहेको छ। स्ट्राउसको **स्ट्रकचरल एन्थ्रोपलजी** (संरचनात्मक मानवशास्त्र) नामक ऐतिहासिक पुस्तकको प्रकाशनपछि यसले वैचारिक चिन्तनको स्वरूप ग्रहण गरेको पाइन्छ। फ्रान्सबाट शुरू भएको संरचनावादी धारणा मनोविज्ञानको क्षेत्रमा पनि परिचित छ। यसै क्रममा कुनै पनि मानसिक अनुभवलाई तथ्यघटनाको रूपमा मूल्याङ्कन गरिनुपर्छ भन्ने संरचनावादी मनोविश्लेषक टिकेनेरको मान्यता रहेको छ। संरचनावादले साहित्यका विभिन्न क्षेत्रमा गहिरो छाप छोडेको पाइन्छ। संरचनावादको विकासमा मानवशास्त्रीहरूको, मनोवैज्ञानिक र दार्शनिकहरूको र भाषाशिक्षकहरूको तथा अमेरिकेली भाषावैज्ञानिकहरूको प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा महत्त्वपूर्ण भूमिका रहेको देखिन्छ। संरचनावाद गणित, तर्कशास्त्र, दर्शनशास्त्र, समाजशास्त्र, भाषाशास्त्र आदि क्षेत्रमा पनि प्रचलित हुन पुगेको बहुशास्त्रीय अवधारणा हो। यसरी नै सङ्केतविज्ञानसँग गाँसिई संरचनावादले झन् विकास गरेको छ र यूरोप, अमेरिका साथै विभिन्न देशहरूमा चिन्हारी प्राप्त गरेको छ। संरचनावादलाई भाषिक तथा साहित्यिक सिद्धान्तका रूपमा विकसित तुल्याउने क्रममा विभिन्न सम्प्रदायहरूको योगदान रहेको छ। संरचनावादलाई विकसित तुल्याउने विभिन्न सम्प्रदायहरू हुन्- जेनेभा

सम्प्रदाय, रसियाली सम्प्रदाय, प्राग सम्प्रदाय, कोपेनहेगन सम्प्रदाय, फ्रान्सेली सम्प्रदाय, बेलायती सम्प्रदाय, अमेरिकाली सम्प्रदाय। संरचनावादी समालोचकहरू कृतिको वाह्य मूल्यतर्फ ध्यान नदिई कृतिपरकतामा जोड दिन्छन्। संरचनावादी अवधारणाले साहित्यिक कृतिलाई वस्तुको रूपमा लिन्छ र त्यसको वस्तुगत विश्लेषणमा जोड दिन्छ।

### २.४.९ नारीवादी समालोचना पद्धति

नारीवाद अङ्ग्रेजीको 'फेमिनिज्म' (Feminism) को नेपाली रूपान्तर हो। नारीवादी चिन्तकहरूले चिरकालदेखि नै नारीमाथि हुँदै आएका सामाजिक, आर्थिक, शारीरिक र बौद्धिक शोषणको विरोध गर्दै, नारीमुक्तिका निम्ति आवाज उठाएका छन्। नारीवाद नारीसम्बन्धी त्यस्तो सिद्धान्त हो, जसले नारीलाई मुक्ति दिन, उठाउन, आत्मनिर्भर बन्न बल दिन्छ।[३६] पुरूषप्रधान समाजमा नारीलाई दोस्रो दर्जाको रूपमा राखी, नारीको शोषण गर्ने हैकमवादी पुरूष मानसिकताका विरूद्ध आवाज उठाउने कार्य अमेरिकी स्वतन्त्रता संग्राम (सन् १७७६) र फ्रान्सेली राज्य क्रान्तिदेखि नै प्रारम्भ भएको हो। सन् १९४९ मा प्रकाशित फ्रान्सेली लेखक सिमोन द बुभाको **द सेकेण्ड सेक्स** (The Second Sex) नामक कृतिलाई नारीवादी चिन्तनको बीज मानिन्छ। बुभाले यस कृतिमा समाजमा नारीको स्थिति र भूमिकाबारे प्रश्न उठाउँदै नारीको पहिचानसम्बन्धी विस्तृत समीक्षा गरेका छन्। पुरूषसत्ताबाट पृथकताको चाहना अर्थात् नारीमुक्तिको चाहनाबाट प्रारम्भ

---

[३६]. ज्ञानु अधिकारी, पूर्ववत्, पृ. ३३।

भएको नारीवादी आन्दोलन साहित्यिक रूपमा क्रमश विकसित हुँदै नारीवादी लेखन/नारीवादीलेखनसँगै नारीवादी समालोचनासम्म आइपुगेको देखिन्छ। नारीवादी समालोचनाको वास्तविक थालनी सन् १९७० को दशकमै भएको हो। यस अवधिमा विशेष अमेरिकामा नारीवादले अधिक लोकप्रियता प्राप्त गरेको थियो। सन् १९७७ सालमा बेलायतमा भिर्गो (Virgo) नामक प्रकाशनले नारीहरूको स्वतन्त्र पुस्तक प्रथम पटक प्रकाशित गरेको थियो। त्यसैको परिणामस्वरूप सन् १९७८ मा द ओमन प्रेस (The Women Press) को स्थापना भएको देखिन्छ। बीसौं शताब्दीमा देखापरेको नारीवादी समालोचनाले थोरै समयमा धेरै ख्याति प्राप्त गर्न सक्यो। नारीवादी समालोचनालाई निरन्तरता प्रदान गर्ने नारीवादी चिन्तकहरूमा भर्जिनिया उल्फ, म्यारी एल्मन, एलेन सोभाल्टर, प्याट्रिसिया मेयर, युलिया क्रिस्तेभा, एल.इरिगेरी, हेलेन सिकस आदि चिन्तकहरूको प्रभावशाली भूमिका रहेको छ। नारीवादी समालोचनाको चरण विभाजनमा सबै समालोचकहरूको एक मत पाइँदैन। मोहनराज शर्मा र खगेन्द्रप्रसाद लुइटेलले नारीवादी समालोचनालाई राजनीतिक नारीवादी समालोचना, गाइनो समालोचना, फ्रान्सेली नारीवादी समालोचना गरी तीन चरणमा विभाजन गरी नारीवादी समालोचनाको स्तरलाई शिखरमा पुऱ्याउने कार्य गरेका छन्।[३७] नारीवादी समालोचनाले पितृसत्तात्मकताको विरोध गरी, नारीले सहनु परेका विभिन्न आरोप र प्रत्यारोपको उद्घाटन गर्दै नारीलाई पुरूषको

---

[३७]. मोहनराज शर्मा र खगेन्द्रप्रसाद लुइटेल, पूर्ववत्, पृ. ३७४।

दमनबाट मुक्त गराउने प्रयास गरेका छन्। पाश्चात्य साहित्यमा प्रचलित नारीवादी समालोचनालाई कतिपय समालोचकहरूले नेपाली साहित्यमा पनि प्रयोगमा ल्याएका छन्।

## २.५ नेपाली समालोचना परम्परा

नेपाली साहित्यमा समालोचनाको थालनी बीसौं शताब्दीको मध्यतिरबाट मात्र भएको हो। मोतीराम भट्टको *कवि भानुभक्ताचार्यको जीवनचरित्र (सन् १८९१)* बाट नै नेपाली समालोचनाको थालनी भएको हो। भट्टले *कवि भानुभक्ताचार्यको जीवनचरित्र*-मार्फत नेपाली साहित्यमा समालोचना जस्तो नयाँ विधाको वीजारोपन गरे। भट्टको यसै कृतिलाई नेपाली समालोचनाको प्रस्थानविन्दु मानेर नेपाली समालोचनाको यात्रा अघि बढेको हो। भट्टले *कवि भानुभक्ताचार्यको जीवन चरित्र*-द्वारा जीवनीपरक समालोचनाको आधार प्रस्तुत गर्दै भानुभक्तको कवि व्यक्तित्वको चर्चा र मूल्याङ्कन गरेका छन्। यस हिसाबले नेपाली समालोचनाको थालनी साधारण परिचयात्मक र जीवनीपरक समालोचनाबाट भएको हो। *कवि भानुभक्ताचार्यको जीवनचरित्र*-मा पूर्वीय साहित्यशास्त्री राजशेखरको समालोचकीय दृष्टिकोण अवलम्बन गरी भानुभक्त आचार्यलाई सहज कविको रूपमा प्रस्तुत गरिएको छ। यस कृतिमा भट्टको भाषा-शैली सरल र प्रवाहपूर्ण छ, तर यो कृति प्रारम्भकालमा लेखिएको हुनाले यसमा तार्किकता, बौद्धिकता तथा विश्लेषणात्मकता जस्ता समालोचकीय गुणहरू देखिँदैनन्।

मोतीराम भट्टले सुरू गरेको समालोचना विधालाई अघि बढाउँदै राममणि आ.दी देखापर्छन्। राममणि आ.दी नेपाली समालोचनाको प्रारम्भिक कालका अर्का मुख्य समालोचक हुन्। उनको *कविता रीति* (सन् १९०८) नामक लेख *माधवी* पत्रिकामा धारावाहिक रूपमा छापिएको थियो। यस लेखमा विशेष पूर्वीय काव्य सिद्धान्तको प्रभाव देखिन्छ। पूर्वीय काव्य सिद्धान्तको आधारमा कविताको मूल्याङ्कन गर्ने प्रयास यस लेखमा गरिएको छ। यस लेखमा राममणिले कविताका सैद्धान्तिक पक्ष, भाषा, छन्द र अर्थजस्ता कुराहरूमा विशेष दृष्टि राखेका छन्। मुख्यतः राममणि आ.दी सैद्धान्तिक समालोचनातर्फ अग्रसर भएका देखिन्छन्। त्यसरीनै समालोचनाको लेखनक्रमलाई अघि सार्दै अर्का समालोचक शम्भुप्रसाद ढुङ्ग्यालको उदय हुन्छ। उनीद्वारा रचित *कविताको फल* (सन् १९१९) उनको अन्य कृतिहरुमध्ये विशेष उल्लेखनीय र महत्त्वपूर्ण कृति हो। इतिहासकारका रूपमा परिचित सूर्यविक्रम ज्ञवालीको योगदान पनि नेपाली समालोचनाको इतिहासमा उल्लेखनीय छ। उनले धरणीधरद्वारा रचित *नैवेद्य* कविता सङ्ग्रहमाथि *नैवेद्य समालोचना* (सन् १९२२) लेखेर नेपाली समालोचनाको स्तरलाई बढाउने काम गरे। नेपाली साहित्यमा वैयाकरण र भाषाशास्त्रीको रूपमा देखापरेका विद्वान् सोमनाथ सिगद्यालले *साहित्य प्रदीप* (सन् १९५९) प्रकाशमा ल्याएर नेपाली समालोचनाको यात्रालाई नयाँ आयाम प्रदान गरे। उनी पूर्वीय साहित्य सिद्धान्तका वरिष्ठ समालोचक हुन्।

सन् १९४२ देखि नेपाली समालोचनाको दोस्रो चरण वा आधुनिक कालको सुरूवात् भएको हो। यसै कालदेखि नेपाली समालोचनाले फस्ट्याउने मौका पायो। यस चरणमा पहिलो सशक्त समालोचकका रूपमा रामकृष्ण शर्मा देखापरे। साहित्यकारको दोष पक्षलाई अधिक देखाउने उनी प्रथम समालोचक हुन्। उनी नीतिपरक दृष्टिले भन्दा व्यावहारिक दृष्टिले कृतिलाई अध्ययन गर्न रूचाउछन्। शर्मा पाश्चात्य समालोचनाबाट ज्यादा प्रेरित भएको देखिन्छन्। उनी केही मात्रामा प्राभाववादी भए तापनि आफ्ना विचारलाई तार्किक, बौद्धिक रूपमा प्रस्तुत गर्दै निर्भीक र स्पष्टवादी समालोचकको रूपमा देखापरेका छन्। उनका समालोचनात्मक लेखहरू हुन् —*अङ्ग्रेजी साहित्यको प्रभाव* (शारदा, सन् १९४२), *ससशारदीय* (सन् १९६७), *दस गोर्खा* (सन् १९६९), *टेबल गफ नौ बैठक* (सन् १९७०)। उनका समालोचनात्मक लेखहरूमा विशेष गरी अङ्ग्रेजी स्वच्छन्दवादी धारणाको प्रभाव देखिन्छ। उनका समालोचनाका शैली विश्लेषणात्मक एवम् बौद्धिक छन्। रामकृष्ण शर्मा आधुनिक नेपाली समालोचनाका प्रवर्त्तक हुन्। यसै गरी नेपाली समालोचनालाई आधुनिकतातर्फ डोऱ्याउने अर्का समालोचकका रूपमा यदुनाथ खनाल देखापर्छन्। उनी दुवै पूर्वीय र पाश्चात्य साहित्य सिद्धान्तका विद्वान् भएकाले उनका समालोचनामा दुवै साहित्य सिद्धान्तको प्रभाव देखिन्छ। उनले आफ्नो समालोचनामा व्याख्यात्मक, विश्लेषणात्मक, तुलनात्मक एवम् निर्णयात्मक विधिलाई प्रयोगमा ल्याएका छन्।

समालोचनाको क्षेत्रलाई अझ विस्तृत तुल्याउने अर्का समालोचक हुन् बाबुराम आचार्य। बाबुराम आचार्य मुख्य रूपमा इतिहासकार भए तापनि समालोचना क्षेत्रमा पनि उनको योगदान उत्तिकै छ। सर्वप्रथम उनले *तुलनात्मक सुन्दरकाण्ड* (सन् १९४५) प्रकाशमा ल्याएर तुलनात्मक समालोचनाको थालनी गरे। त्यसरी नै उनको अर्को पुस्तक *पुराना कवि र कविता* (सन् १९४६) ले नेपाली कविताको इतिहासलाई धेरै अघि डोऱ्याएर लगेको छ। यसै चरणमा देखापरेका समालोचक हृदयचन्द्रसिंह प्रधानको पनि मुख्य भूमिका रहेको छ। हृदयचन्द्रसिंह प्रधान नेपाली समालोचनाको इतिहासमा प्रगतिवादी सिद्धान्तलाई भित्र्याउने पहिलो समालोचक हुन्। उनको समालोचनामा कालक्रमिक र तुलनात्मक पद्धतिको पनि झलक देख्न पाइन्छ। प्रधानको समालोचना विशेष वर्णनात्मक प्रकारका छन्। समालोचनालेखनको परम्परालाई पछ्याउदै देखापरेका अर्का समालोचक हुन् रत्नध्वज जोशी। जोशीले रामकृष्ण शर्माद्वारा प्रभावित भएर देवकोटाका कवितामाथि आलोचनात्मक लेख प्रस्तुत गरेका छन् भने गोपालप्रसाद रिमालकृत *मसान* नाटकमाथि पनि गहन अध्ययन गरेका छन्। उनले साहित्यका विभिन्न विधा जस्तै कथा, कविता र नाटकलाई केन्द्र बनाएर समालोचना गर्ने प्रयास गरेका छन्। जोशीको समालोचनामा व्याख्यात्मक, विवेचनात्मक र साथै निर्णयात्मक गुण र विशेषता पाइन्छन्। यस चरणका अन्य समालोचकहरुमा बदरीनाथ भट्टराई, माधवलाल कर्माचार्य आदि उल्लेखनीय छन्।

नेपाली समालोचनाको दोस्रो चरणमा समालोचकहरूले निर्भीक रूपमा कुनै पनि कृतिको गुण दोष केलाउने कार्य गरेका छन्। जीवनीपरक समालोचना लेख्ने परिपाटीलाई त्याग्दै सैद्धान्तिक आधारको निर्माण गर्ने कार्य यसै चरणबाट प्रारम्भ भएको हो। यस कालमा तुलनात्मकका साथै प्रगतिवादी दृष्टि राखी समालोचना लेख्ने परम्पराको थालनी भएको हो ।

नेपाली समालोचनाको तेस्रो चरणलाई नेतृत्व गर्ने समालोचकहरू हुन् - ईश्वर बराल र कृष्णचन्द्रसिंह प्रधान। ईश्वर बराल पूर्वीय एवम् पाश्चात्य समालोचना शास्त्रका उपासक हुन्। उनले सैद्धान्तिक एवम् व्यावहारिक दुवै थरीका समालोचना लेखेका छन्। अन्वेषणात्मक समालोचनालाई विकसित गर्ने समालोचकका रूपमा पनि उनी प्रसिद्ध छन्। ईश्वर बरालपश्चात यस चरणमा देखापरेका अर्का मुख्य समालोचक कृष्णचन्द्रसिहं प्रधान हुन्। प्रधानले *कवि व्यथित र काव्य साधना* (सन् १९५८) र *नेपाली उपन्यास र उपन्यासकार* (सन् १९७९) नामक समालोचना पुस्तकहरू प्रकाशनमा ल्याएका छन्। प्रगतिवादी समालोचना लेखनका साथै सैद्धान्तिक सचेतता उनमा देखिन्छ। उनको समालोचना लेखन बौद्धिक र विश्लेषणात्मक किसिमको हुन्छ। प्रधानद्वारा सम्पादित *साझा समालोचना* (सन् १९६८) नेपाली समालोचनामा कोसे ढुङ्गो साबित भएको छ।

यस चरणमा प्रगतिवादी सिद्धान्तलाई नै मान्यता दिँदै देखा परेका अर्का उन्नायक समालोचक हुन् डी.पी अधिकारी। उनले सैद्धान्तिक एवम् व्यावहारिक दुवै किसिमका

समालोचना लेखेका छन्। उनको समालोचनामा मार्क्सवादी सामाजिक यथार्थवादी सिद्धान्तको प्रभाव अधिक देखिन्छ। उनले आफ्नो समालोचनात्मक लेखको केन्द्रविन्दु उपन्यास विधालाई बनाएका छन्। प्रगतिवादी समालोचनाभन्दा भिन्नै किसिमको प्रवृत्ति अङ्गालेर कृतिपरक समालोचना र अन्वेषणपरक समालोचनाको प्रतिपादन गर्दै देखा पर्ने समालोचक शरदचन्द्र शर्मा भट्टराईले नेपाली समालोचनाको स्तरलाई बढाउने काम गरेका छन्। उनका समालोचना वर्णनात्मक र विश्लेषणात्मक परिपाटीको छ। तारानाथ शर्मा पनि यसै चरणका उज्जवल समालोचक हुन्। सुरुमा उनी पनि रामकृष्ण शर्माजस्तै मार्क्सवादी साहित्य सिद्धान्तबाट प्रभावित भएका छन्। उनी निर्भीक र स्पष्टवादी समालोचकका रूपमा प्रसिद्ध छन्। उनीद्वारा रचित कृतिहरूमध्ये *नेपाली साहित्यको इतिहास* (सन् १९७०), *सम र समका कृति* (सन् १९७१), *नेपाली साहित्यको ऐतिहासिक परिचय* (सन् १९७२) आदि अन्य कृतिहरूभन्दा उल्लेखनीय छन्। उनका समालोचनाहरू साहित्येतिहासपरक, स्रष्टापरक र कृतिपरक किसिमका छन्। विश्लेषणात्मकता र तुलमात्मकता उनको समालोचनाको विशेषता हो। यस चरणलाई विकसित तुल्याउने अन्य समालोचकहरूमा गणेशबहादुर प्रसाई, चूडानाथ भट्टराय, बालचन्द्र शर्मा, अम्बिकाप्रसाद अधिकारी, आनन्ददेव भट्ट, इन्द्रबहादुर राई, गणेशलाल सुब्बा, भाइचन्द प्रधान, राजनारायण प्रधान, तुलसीबहादुर छेत्री, लक्खीदेवी सुन्दास, कुमार प्रधान, गुमानसिहं चामलिङ र बालकृष्ण पोखरेल आदि हुन्।

पूर्वीय-पाश्चात्य सिद्धान्तलाई आधार बनाएर समालोचना गरिनु तेस्रो चरणको समालोचना परम्पराको मुख्य उपलब्धि हो। यसै चरणदेखि मात्र प्रगतिशील समालोचना लेखनक्रम अघि बढेको हो। विवेचनात्मक, व्याख्यात्मक, विश्लेषणात्मक तथा प्रगतिपरक समालोचनाका लागि यो तेस्रो चरण उर्वर रहेको देखिन्छ।

सन् १९६८ देखि हालसम्मको अवधि नेपाली समालोचनाको अन्तिम र महत्त्वपूर्ण चरण हो। यस चरणमा समालोचकहरूले समालोचना लेखनमा विभिन्न प्रयोग र प्रवृत्ति भित्राएका छन्। तेस्रो चरणमै देखापरेका समालोचक इन्द्रबहादुर राईले आयामेली सिद्धान्तलाई अङ्गालेर नौलो प्रयोगका साथ अघि आएको देखिन्छ। तेस्रो चरणमै प्रकाशित भएको उनको समालोचनात्मक लेखहरूको सङ्कलन *टिपेका टिप्पणीहरु* (सन् १९६६) को प्रौढ रूप चौथो चरणमा प्राप्त भएको छ। उनीद्वारा लिखित समालोचनाहरू तेस्रो चरणको तुलनामा चौथो चरणका समालोचनाहरू उत्कृष्ट छन्। राई पाश्चात्य साहित्य सिद्धान्तका चिन्तक भएका कारण त्यसको प्रभाव उनका समालोचनामा देखिन्छ। राईको समालोचना प्रभावपरकभन्दा तथ्यपरक बढी देखिन्छ र ती बौद्धिक एवम् विश्लेषणात्मक ढाँचाका हुन्छन्। इन्द्रबहादुर राई नेपाली समालोचनाको परम्परामा स्वैरकल्पनालाई सृजन मूल्यको एक स्थापित पद्धति पहिल्याउने समीक्षक हुन्। आधुनिक नेपाली समालोचनालाई सक्रियता प्रदान गर्ने अर्का महत्त्वपूर्ण समालोचक हुन् केशवप्रसाद उपाध्याय। उनले *साहित्यको सीमा र साहित्यकारको दायित्व* (सन् १९६२) नामक लेख

प्रकाशित गरी नेपाली समालोचनामा आफ्नो यात्रा आरम्भ गरेका हुन्। उनले पनि नेपाली समालोचनामा पूर्वीय र पाश्चात्य साहित्यको प्रयोग गरेका छन्। उनको समालोचना व्याख्यात्मक, विवेचनात्मक तथा तुलनात्मक किसिमको छ। उनले सैद्धान्तिक एवम् व्यावहारिक दुवै थरीका समालोचना लेखेका छन्।

नेपाली समालोचनाको चौथो चरणमा मार्क्सवादलाई आधार बनाएर समालोचना गर्ने गोविन्द भट्ट नेपाली समालोचनाको इतिहासमा महत्त्वपूर्ण व्यक्तित्व हुन्। उनी विशेष प्रगतिवादी समालोचकका रूपमा प्रसिद्ध छन्। उनको समालोचना गहन, बौद्धिक र विश्लेषणात्मक परिपाटीका छन्। उनले *सौता, तीन घुम्ती, शिरीषको फूल* र *आशमाया* उपन्यासमाथि प्रगतिवादी समालोचना लेखेका छन्। *आधुनिक युग, आधुनिक साहित्य र नयाँ साहित्य* (सन् १९७२) नामक समालोचना उनका समालोचना यात्राको महत्त्वपूर्ण उपलब्धि हो। उनले नेपाली प्रगतिवादी समालोचनालाई बौद्धिक ऊर्जा प्रदान गरी नेपाली समालोचनामा प्रगतिवादी धारालाई निरन्तरता प्रदान गरेका छन्।

*आधुनिक कवितामा मूल्याङ्कनको समस्या र रस सिद्धान्त* (सन् १९६५) नामक सैद्धान्तिक विषयमा समालोचना लेखी ठाकुर पराजुलीले आफ्नो समालोचना यात्रा सुरु गरे। उनका समालोचनाहरु इतिहासपरक, लोकसाहित्यपरक, स्रष्टापरक र कृतिपरक परिपाटीका छन्। पराजुलीले प्राय: सबै विधाका कृति र कृतिकारबारे समालोचना लेखेका छन्। उनका समालोचनाको भाषाशैली ठोस, वस्तुगत एवम् सुसङ्गठित देखिन्छ।

वास्तवमा भन्ने हो भने कसिलो गद्यशैली र वस्तुनिष्ठ बौद्धिक विश्लेषण उनका समालोचनाको खास पहिचान हो। नेपाली समालोचनालाई सम्पन्न र उत्कृष्ट बनाउनमा मोहनराज शर्माको पनि महत्त्वपूर्ण योगदान रहेको छ। उनले सैद्धान्तिक एवम् व्यावहारिक दुवै किसिमको समालोचना लेखी नेपाली समालोचनालाई स्तरीयता प्रदान गरेका छन्। उनको समालोचनामा वस्तुवादी ढाँचा पाइन्छ। नेपाली समालोचनामा शैलीवैज्ञानिक आलोचना गर्ने परम्पराको थालनी सर्वप्रथम शर्माद्वारा नै भएको हो। शैलीवैज्ञानिक आलोचना गर्ने क्रममा उनीद्वारा रचित **नेपाली साहित्यको संक्षिप्त इतिहास** (सन् १९७७), **कथाको विकास प्रक्रिया** (सन् १९७८), **शैलीविज्ञान** (सन् १९९१), **समकालीन समालोचना : सिद्धान्त र प्रयोग** (सन् १९९८) आदि ग्रन्थहरूले नेपाली समालोचना क्षेत्रमा महत्त्वपूर्ण भूमिका खेलेका छन्।

नेपाली समालोचनाको चौथो चरणमा देखापरेका समालोचक वासुदेव त्रिपाठी यस चरणका प्रमुख र केन्द्रीय समालोचक हुन्। उनी यस चरणका सर्वाधिक प्रसिद्धि प्राप्त भएको समालोचक हुन्। सर्वप्रथम *उत्तररामचरित* नाटकको समीक्षाबाट उनले आफ्नो समालोचना यात्राको आरम्भ गरे। उनका समालोचनामा पूर्वीय र पाश्चात्य साहित्य शास्त्रका सैद्धान्तिक आधारहरूको मिश्रित प्रयोग पाइन्छ। उनले जीवनीपरक, विधापरक, वस्तुतथ्यपरक, शोधपरक, व्याख्यापरक, लेखकीय प्रवृत्तिपरक, तुलनापरक र मूल्याङ्कनपरक गरी अनेक किसिमका समालोचना लेखेका छन्। उनको

शब्दभण्डारसम्बन्धी नरेन्द्रराज प्रसाई लेख्छन् - *उनका समालोचकीय शब्दभण्डार अत्यन्त विशाल छ र नेपाली साहित्यकै समिष्ट परम्परामा देवकोटा युग (सन् १९५९) पछि यतिको विशाल शब्दभण्डार खेलाउन सक्ने अर्को नेपाली लेखक देखिएको छैन।*[३८] उनका प्रमुख समालोचनात्मक कृतिहरू —**नेपाली कविताको सिहांवलोकन** (सन् १९७०), **विचरण** (सन् १९७०), **लेखनाथ पौड्यालका कवित्वको विश्लेषण र मूल्याङ्कन** (सन् १९७७), **पाश्चात्य समालोचनाको सैद्धान्तिक परम्परा** (सन् १९७३,भाग १, २) आदि हुन्। यस चरणका अर्का  प्रमुख समालोचक हुन् दयाराम श्रेष्ठ। सुरुसुरुमा प्रभावपरक समालोचनालेखनकै मार्ग पक्रे पनि हाल उनी वस्तुतथ्यपरक समालोचना लेख्ने समालोचकका रूपमा ख्याति प्राप्त छन्। उनले रचनाविधानका आधारमा साहित्यिक कृतिको विश्लेषण र मूल्याङ्कन गर्ने समालोचना पद्धतिलाई सफलतापूर्वक प्रयोगमा ल्याएका छन्। यी बाहेक रामलाल अधिकारी, कृष्णप्रसाद पराजुली, ऋषिराज बराल, प्रतापचन्द्र प्रधान, कुमार प्रधान, निनु चापागाईं, घनश्याम नेपाल, कृष्ण धरावासी, जीवन नामदुङ्ग आदि यस चरणका प्रमुख समालोचकहरू हुन्।

नेपाली समालोचनाको विकासमा यस चरणको बेग्लै विशेषता रहेको देखिन्छ। नेपाली समालोचनाले पश्चात्य समालोचना सिद्धान्त, व्याख्यात्मक प्रवृत्ति, बहुलतावादी प्रवृत्ति, नयाँ समालोचना प्रणाली, वस्तुतथ्यवादी प्रणाली र शैलीवैज्ञानिक प्रणालीलाई

[३८] नरेन्द्रराज प्रसाई, (वि.सं.२०५७), **नेपाली साहित्यका समालोचक र समालोचना**, काठमाडौं: एकता प्रकाशन, पृ. २९।

सफलतापूर्वक प्रयोग गरेर नेपाली समालोचनाको विकासमा महत्त्वपूर्ण योगदान पुऱ्याएको छ।

## २.६ नेपाली समालोचनामा कुमार प्रधानको आगमन

नेपाली साहित्यमा समालोचनाको थालनी साधारणत: जीवनीपरक तथा परिचयात्मक समालोचनाबाट भएको मानिन्छ। मोतीराम भट्टद्वारा लिखित **कवि भानुभक्ताचार्यको जीवनचरित्र** (सन् १८९१) नामक जीवनीपरक समालोचनाको प्रकाशनकालदेखि नेपाली समालोचनाको थालनी भएको मानिन्छ। यसरी जीवनीपरक समालोचना पद्धतिबाट सुरू भएको नेपाली समालोचनाको यात्रालाई चार चरणमा विभाजन गरी अध्ययन गरिएको पाइन्छ।[३९] जीवनीपरक समालोचनाबाट सुरू भएको नेपाली समालोचना पहिलो, दोस्रो, तेस्रो र चौंथो चरणहरू हुँदै विभिन्न उपलब्धि एवम् वैशिष्ट्यहरू प्रतिपादित गर्दै समृद्धशाली अवस्थामा आइपुगेको छ। पहिलो चरणमा नेपाली समालोचना जीवनीपरक, प्रशंसापरक, आत्मसंस्कारवादी लेखनसम्म मात्र सीमित रहेको पाइन्छ। त्यसरी नै दोस्रो चरणमा रामकृष्ण शर्माको अगुवाईमा कृतिपरक, प्रभावपरक, गुणदोष विवेचनपरक, निर्णयात्मक, तुलनात्मक आदि प्रवृत्तिसँगै आधुनिक दृष्टिकोणका साथ नेपाली समालोचनाको विकास भयो भने तेस्रो र चौंथो चरणलाई नेपाली समालोचनाको विकासको निम्ति अति उर्वर र महत्त्वपूर्ण चरण मानिन्छ। यिनै चरणमा

[३९] दयाराम श्रेष्ठ र मोहनराज शर्मा, (वि.सं.२०६९), **नेपाली साहित्यको संक्षिप्त इतिहास**, ललितपुर : साझा प्रकाशन, पृ. १५८।

व्याख्यात्मक, विश्लेषणात्मक, समाजपरक, वस्तुपरक, शैलीवैज्ञानिक, मनोविश्लेषणात्मक, नारीवादी, विनिर्माणवादी, शोधपरक आदि समालोचनात्मक पद्धतिहरूको प्रयोग भएको पाइन्छ। नेपाली समालोचनाको आधुनिक कालमा इन्द्रबहादुर राई, गणेशलाल सुब्बा, राजनारायण प्रधान, रामलाल अधिकारी, कृष्णप्रसाद पराजुली आदि समालोचकहरूका समकालीन समालोचकका रूपमा कुमार प्रधानको आगमन भएको देखिन्छ। उनले आफ्ना पूर्ववर्ती र समवर्ती समालोचकहरूसँगै नेपाली समालोचना परम्परालाई निरन्तरता प्रदान गरी नेपाली समालोचनाको परम्परालाई विकसित गराउनुमा महत्त्वपूर्ण योगदान दिएका छन्।

समालोचक कुमार प्रधानको आगमनले भारतीय नेपाली समालोचनालाई मात्र नभई सिङ्गो नेपाली समालोचनालाई नै समृद्ध र परिष्कृत तुल्याएको छ। सन् १९७१ मा प्रकाशित **वार्ताहरू** नेपाली समालोचनाको क्षेत्रमा प्रधानको पहिलो देन हो। उनीद्वारा सम्पादित **वार्ताहरूमा 'इलियटको काव्य सिद्धान्त'** शीर्षक समालोचना लेखेर प्रधानले नेपाली समालोचनाको क्षेत्रमा आफूलाई प्रतिष्ठापित गराएका छन्। उक्त समालचनाबाटै प्रधानको समालोचकीय दृष्टि पाश्चात्य समालोचना सिद्धान्तबाट प्रभावित भएको थाहा पाइन्छ।

## २.७ उपसंहार

प्रस्तुत दोस्रो अध्यायको अध्ययनबाट निम्नलिखित तथ्यहरू स्पष्ट भएका छन् -

कुनै पनि साहित्यिक कृतिको अध्ययन, आस्वादन र बोध गरिसकेपछि परिणामस्वरूप लिने निर्णय नै समालोचना हो। वास्तवमा साहित्यकारका कृतिको सहृदयतापूर्वक गरिने व्याख्या र पूर्वाग्रहरहित गरिने निर्णय नै समालोचना हो। समालोचनाका निम्ति आलोचना, समीक्षा, निरूपण, टीका-टिप्पणीजस्ता समानार्थी शब्दहरूको पनि प्रयोग गरिएको पाइन्छ। मुख्यत: समालोचना सैद्धान्तिक र व्यावहारिक गरी दुई किसिमका हुन्छन्। सैद्धान्तिक र व्यावहारिक दुवै समालोचनाका आधारमा कृतिको अध्ययन, व्याख्या विवेचना र मूल्याङ्कन गर्नु समालोचनाको धर्म हो। व्यावहारिक समालोचनालाई प्रायोगिक समालोचना पनि भनिन्छ। विश्वसाहित्यमा व्यावहारिक समालोचनाका विभिन्न नयाँ पद्धतिहरू विकसित भएको छ। विश्वसाहित्यमा प्रचलित यस्ता समालोचना प्रणालीहरूमध्ये नीतिपरक समालोचना, जीवनीपरक समालोचना, समाजपरक समालोचना, मनोविज्ञानपरक समालोचना, आदिमतापरक समालोचना, शैली वैज्ञानिक समालोचना, रूपपरक समालोचना, संरचनावादी समालोचना, नारीवादी समालोचना आदि समालोचनात्मक प्रणालीहरूको मोटामोटी चर्चा यस अध्यायमा गरिएको छ। समालोचनाको उत्पत्तिको मूल थलो पश्चिमी देश भए तापनि विश्वकै सम्पूर्ण देशमा समालोचनाको प्रयोग गरिएको देखिन्छ। समालोचनाका बारेमा पूर्वीय साहित्य र नेपाली साहित्यमा पनि व्यापक चर्चा भएको पाइन्छ। नेपाली साहित्यमा समालोचनालाई विशेष चारवटा चरणमा वर्गीकरण गरी विस्तृत अध्ययन गरिएको छ। यी विभिन्न चरणहरूमा

नेपाली समालोचनामा नौलो-नौलो प्रयोगहरू भएको देखिन्छ। समालोचनाको क्षेत्रमा नौलो प्रयोग गर्ने समालोचकहरूमा कुमार प्रधान पनि एक प्रतिष्ठित समालोचक हुन्। उनीद्वारा सम्पादित **इलियटको काव्य सिद्धान्त** शीर्षक समालोचनाबाट थालिएको समालोचनाको लेखनयात्रामा उनी इतिहासपरक, शोधपरक तथा कृतिपरकजस्ता समालोचना पद्धतिलाई नेपाली समालोचनामा भित्र्याउनमा सफल बनेका छन्। नेपाली साहित्य जगतमा समालोचना विधाको छुट्टै अस्तित्व र महत्त्व रहेको छ। तत्सम्बन्धी कुमार प्रधानका समालोचना अध्ययनबाट प्रमाणित गर्न सकिन्छ।

# तेस्रो अध्याय

## ३. कुमार प्रधानको जीवनी, कृतित्व, व्यक्तित्व र समालोचना यात्रा

### ३.१ कुमार प्रधानको सामान्य जीवनी

शोधनायक कुमार प्रधानको जीवनीको सामान्य रूपरेखा तलका उपशीर्षकहरूमा प्रस्तुत छ।

### ३.१.१ जन्म र पारिवारिक पृष्ठभूमि

कुमार प्रधान भारतीय नेपाली समाजमा प्रसिद्धि प्राप्त गरेका एकजना प्रख्यात इतिहासकारका साथै साहित्यकार व्यक्तित्व पनि हुन्। *मैले जीवनमा दुईपल्ट बिहे गरे- पहिलो, इतिहाससँग र दोस्रो साहित्यसँग-* भन्दै आफूलाई साहित्यसँग प्रेम गरेर इतिहाससँग बिहे गर्न पुगेका कुमार प्रधानको जन्म ७ मई १९३७ मा मावली गाँउ खरसाङमा श्री वीरूनारायण प्रधानको घरमा भएको हो। कुमार प्रधानको जन्म माता मनलक्षी प्रधान र पिता मणिकलाल प्रधानको कोखबाट साइला छोरोको रूपमा भएको हो। उनको बाल्यकाल दार्जिलिङ र खरसाङको रमणीय र सुन्दर पहाडी क्षेत्रमा बित्यो। पहाडकी रानी दार्जिलिङ र खरसाङ (ल्याण्ड अफ व्हाइट अर्किट) जस्ता प्राकृतिक सुन्दरताले भरिएको रमणीय वातावरणमा प्रधानले आफ्नो बाल्यकाल बिताएका थिए।

### ३.१.२ शिक्षा - दीक्षा

कुमार प्रधानको प्रारम्भिक शिक्षा दार्जिलिङको म्युनिसिपल विद्यालयबाट भएको हो, तर कतिपय पारिवारिक समस्याले गर्दा उनले यस विद्यालयमा केवल पाँचौ श्रेणीसम्म मात्र अध्ययन गर्न सके। त्यसपछि प्रधान पुनः आफ्नो मावली भूमि खरसाङ आए र खरसाङस्थित सन्त अलफन्सस नामक विद्यालयमा उनले छैटौं श्रेणीदेखि आठौं श्रेणीसम्म शिक्षा हासिल गरे। प्रधानको माध्यमिक तहसम्मको विद्यार्थी जीवनमा कुनै स्थिरता पाइँदैन। आठौं श्रेणीसम्म सन्त अलफन्ससमा शिक्षा हासिल गरिसकेपछि प्रधानले दुई वर्ष दार्जिलिङस्थित आर.के.एस.पी विद्यालयबाट सन् १९५३ मा माध्यमिक परीक्षा उत्तीर्ण गरे। प्रधानले विद्यार्थी जीवनमा पिता मणिकलालको कतिपय व्यावसायिक समस्याहरूका कारण धेरै विद्यालयहरू परिवर्तन गरे। प्रधानले माध्यमिक तहसम्मको शिक्षाको निम्ति तीनवटा भिन्न विद्यालयहरूमा भर्ना लिए र अन्त्यमा दार्जिलिङबाट उनले माध्यमिक तहको परीक्षा उत्तीर्ण गरे। त्यसपछि प्रधानले दार्जिलिङ सरकारी महाविद्यालयबाट आइ.ए र स्नातकको परीक्षा उत्तीर्ण गरे। स्नातक परीक्षाको सफलतापछि प्रधानले आफ्नो अध्ययनलाई त्यतिमै थाँती राखेनन्। उनले आफ्नो शिक्षाको स्तरीयताको विकास गर्दै कलकत्ता विश्वविद्यालयबाट इतिहास विषयमा स्नातकोत्तरको शिक्षा हासिल गर्दै सन् १९७५मा कलकत्ता विश्वविद्यालयमा नै विद्यावारिधि उपाधिको निम्ति नामङ्कित गर्दै केही सालपछि उनले विद्यावारिधिको उपाधिसमेत प्राप्त गरे।

### ३.१.३ वैवाहिक जीवन

कुमार प्रधानले प्रचलित आर्य परम्पराभन्दा भिन्न किसिमले अन्य कूल घरानाकी पुत्रीसँग विवाह गरे। उनले बिहारी मूलको प्रसाद परिवारका सारथी देवान र रामदास प्रसादकी सुपुत्री पूर्णिमा प्रसादलाई सन् १९६० सालमा सिक्किमको राजधानी गान्तोक सहरमा विवाह गरेका थिए। यी दम्पतिबाट सन्तानका रूपमा दुई छोरा सुमेन्द्र प्रियदर्शी प्रधान, गेहेन्द्र प्रियदर्शी प्रधान र दुई छोरी इन्दिरा प्रियदर्शना प्रधान र मनसा प्रियदर्शना प्रधानको जन्म भएको थियो।

### ३.१.४ पेसा

कुमार प्रधान पेसागत रूपमा शिक्षण वृत्तिलाई अवलम्बन गरी समाजको सेवातिर अग्रसर भएका व्यक्ति हुन्। प्रधानले सन् १९६३ मा दार्जिलिङको सन्त रोबर्ट्स विद्यालयमा शिक्षणकार्य सुरू गरे। त्यसरी नै सन् १९७३ देखि दार्जिलिङ सरकारी महाविद्यालयमा इतिहास विषयका प्राध्यापकका रूपमा रही सेवा पुऱ्याए। जीवनमा प्रधानले माध्यमिक तहदेखि स्नातक तहसम्मका विद्यार्थीहरूलाई अध्यापन गराए। उनले आफ्नो शिक्षण पेसालाई निरन्तरता दिँदै सन् १९८४ मा खरसाङ माहाविद्यालयका प्राचार्य भई त्यस महाविद्यालयका प्राचार्यको कार्यभार सम्हाल्दै सन् १९९७ मा अवकाश ग्रहन गरेका थिए। प्रधानले मूल रूपमा अध्यापन पेसामा नै संलग्न रही आफ्नो पेसागत जीवन बिताए।

### ३.१.५ सङ्घ-संस्थासँगको संलग्नता

कुमार प्रधान सामाजिक गतिविधिमा पनि संलग्न रहेका थिए। प्रधानले विभिन्न साहित्यिक एवम् सामाजिक सङ्घ-संस्थाहरूसँग संलग्न रही जीवनभर समाजको सेवा गरेका थिए। संस्थागत संलग्नताको रूपमा अखिल भारतीय नेपाली भाषा समितिका सदस्य र साहित्य अकादमी नेपाली परामर्श समितिका सदस्य भएर प्रधान समाज र साहित्यलाई महत्त्वपूर्ण योगदान दिएका छन्।

### ३.१.६ सम्मान तथा पुरस्कार

कुमार प्रधानद्वारा समाज र साहित्यको क्षेत्रमा गरेका उत्कृष्ट कार्यहरूका निम्ति उनी विभिन्न पुरस्कार र सम्मानद्वारा सम्मानित भएका थिए। प्रधानले सन् १९८३ मा, **पहिलो पहर**को निम्ति पश्चिम बङ्गाल सरकारबाट भानु पुरस्कार प्राप्त गरेका थिए। त्यसरी नै सन् २००२ मा नेपाली भाषा र साहित्यप्रतिको योगदानको मान राख्दै नेपाली साहित्य सम्मेलन दार्जिलिङबाट नेपाली साहित्य सम्मेलन पुरस्कारद्वारा पुरस्कृत भएका थिए। त्यसपछि प्रधानले सन् २००३ मा नेपाली साहित्य परिषद, सिक्किमबाट पनि अगम स्मृति पुरस्कार प्राप्त गरेका थिए। यी सम्मान र पुरस्कारहरूले प्रधानको नेपाली भाषा, साहित्य र समाजप्रतिको योगदानको महत्त्वलाई स्पष्ट पार्दछन्।

## ३.२ विधागत रूपमा कृतित्व

मुख्यतः कुमार प्रधान इतिहासकार भएका कारण इतिहासलेखनका साथै साहित्यप्रति पनि झुकाव राखेर उनले नेपाली साहित्यको क्षेत्रमा कलम चलाएका छन्। अर्धशताब्दीभन्दा धेर समयसम्म इतिहासकार, साहित्यकार र शिक्षकका रूपमा नेपाली समाजको सेवा गर्ने कुमार प्रधानले आफ्नो साहित्यिक यात्रा विद्यार्थी हुँदा नै **त्यो युवक** नामक कविताबाट थालनी गरेका हुन्। लेखनकार्यमा केवल एउटै विषय र विधामा मात्र सीमित नरहेर इतिहास, समालोचना, कविता, अनुवाद र सम्पादकीयजस्ता विभिन्न विधामा कुमार प्रधानले महत्त्वपूर्ण योगदान पुऱ्याएका छन्। मूलतः इतिहासकारकै रूपमा ख्याति कमाएका प्रधानले नेपाली साहित्यको क्षेत्रमा पनि अमूल्य योगदान पुऱ्याएका छन्।

### ३.२.१ समालोचना विधा

कुमार प्रधानद्वारा सम्पादित **वार्ताहरू** (सन् १९७१), विभिन्न विधागत विषयवस्तुसँग संबद्ध एउटा गहकिलो समालोचनात्मक ग्रन्थ हो। यस ग्रन्थमा स्वयम् प्रधानलगायत अन्य विभिन्न लेखकका ८ वटा समालोचनात्मक लेखहरू सङ्कलित छन्। त्यसरी नै समालोचना लेख्ने क्रममा सन् १९८२ मा दार्जिलिङमा नेपाली जातिको स्थितिबारे चर्चा गर्दै उनले **पहिलो पहर** नामक ऐतिहासिक समालोचना ग्रन्थ लेखेका छन्। सन् १९८४ मा **ए हिस्ट्री अफ नेपाली लिट्रेचर** नामक ऐतिहासिक ग्रन्थमा नेपाली साहित्यको इतिहासलाई अङ्ग्रेजी भाषामा लेखेर विश्वमा परिचित गराएका छन्। सन्

१९९१ मा **द गोर्खा कन्क्वेस्ट** नामक कृतिमा प्रधानले गोर्खा जातिको परिचय, रीति-थिति, परम्परा र संस्कृति आदिको चर्चा गरेका छन्। विभिन्न समय र सन्दर्भमा कुमार प्रधानले पाश्चात्य साहित्य सिद्धान्तका प्रतिपादक तथा नेपाली साहित्यका साहित्यकारहरूका कृति र रचनाहरूको मूल्याङ्कन गर्दै थुप्रै समालोचनात्मक लेखहरू लेखेका छन्, जसलाई **अधीति केही** (सन् २००५) मा सङ्गृहीत छन्।

### ३.२.२ कविता

प्राय: एकान्तमा बसेर पढ्नु र लेख्नु रूचाउने स्वभाव भएका प्रधान एक सफल कवि पनि हुन्। कुमार प्रधान नेपाली साहित्यमा कुशल समालोचकका साथै एक सशक्त कविका रूपमा पनि परिचित छन्। उनीद्वारा लिखित कविताहरू उनको देहवासनपछि सन् २०१४ मा रेमिका थापाको सम्पादनमा **आस्थातीत** नामक कविता सङ्ग्रह प्रकाशित भएको छ।

### ३.२.३ अनुवाद

इतिहासकार, कवि, कुशल सम्पादक, समालोचक आदिका रूपमा ख्याति कमाएका कुमार प्रधानलाई एक सफल अनुवादकका रूपमा पनि चिन्न सकिन्छ। उनका तीनवटा अनूदित ग्रन्थहरू प्रकाशित छन्। तीमध्ये नेपाली भाषामा लिखित **किनाराका आवाजहरू** पूर्वार्द्धका कविताहरूको उनले अङ्ग्रेजीमा अनुवाद गरेका छन्। कुमार

प्रधानले साहित्यका विभिन्न विधाहरूमा आफ्नो महत्त्वपूर्ण योगदान दिएका छन्। प्रधानले साहित्यका विभिन्न क्षेत्रमा केही कृति लेखे तापनि उनको लेखनको मूल क्षेत्र समालोचना विधा नै हो। उनी नेपाली साहित्यको समालोचनालेखन परम्परामा आधुनिक युगमा देखापरेका एकजना वरिष्ठ समालोचकका रूपमा स्थापित छन्।

### ३.२.४ सम्पादन

समालोचना र इतिहास लेखनसँगसँगै उनले सम्पादनको कार्य पनि गरेका छन्। उनी  एक कुशल सम्पादक हुन्। प्रधानले आफ्नो जीवनको लामो कालसम्म विभिन्न साहित्यिक, मासिक र दैनिक पत्र — पत्रिकाहरूको सम्पादन पनि गरे। कलकत्ताबाट प्रकाशित हुने मासिक पत्रिका **हाम्रो संसार** (सन् १९६१-१९६२), दार्जिलिङबाट नेपाली साहित्य सम्मेलनद्वारा प्रकाशित साहित्यिक पत्रिका **मालिङ्गो** (सन् १९६४), सिलगढीबाट प्रकाशित दैनिक पत्रिकाहरू **सुनचरी** (सन् १९९३-२००८) र **हिमालय दर्पण** (सन् २०१०-२०१३), **हाम्रो पत्रिका** (सन् २०१०) जस्ता प्रसिद्ध नेपाली पत्रिकाहरूमा उनका सम्पादकीयहरू प्रकाशित छन्।

## ३.३ विधागत रूपमा व्यक्तित्व

कुमार प्रधानको साहित्यिक व्यक्तित्वको विधागत रूपमा  चर्चा गर्दा निम्नलिखित व्यक्तित्वहरू प्रमुख देखा पर्दछन्।

### ३.३.१ समालोचक व्यक्तित्व

'म त एउटा पाठक मात्र हुँ', भनेर घोषणा गर्ने कुमार प्रधानले साहित्यका विभिन्न विधाहरूमा आफ्नो महत्त्वपूर्ण योगदान दिए तापनि मुख्य रूपमा उनी समालोचकका रूपमा नै प्रसिद्ध छन्। आभासबाट संवेदना हुँदै बुद्धिको गहिराइसम्म पुगेपछि हुने निर्णय नै समालोचनाको बीज हो।[१] नेपाली साहित्यमा समालोचनाको थालनी साधारणतः जीवनीपरक, प्रशंसापरक र भावात्मक प्रवृत्तिबाट भएको पाइन्छ। नेपाली साहित्यमा समालोचनालाई आधुनिकतातर्फ ढोऱ्याएर लाने समालोचकहरूमध्ये कुमार प्रधान पनि एक हुन्। नेपाली साहित्यको समालोचना क्षेत्रमा आधुनिक समालोचनात्मक प्रवृत्ति जस्तै कृति विश्लेषणपरक, ऐतिहासिक र अन्वेषणमूलकजस्ता नौलो प्रवृत्ति भित्र्याउने समालोचकका रूपमा कुमार प्रधान प्रख्यात छन्। प्रधानको समालोचना सैद्धान्तिकभन्दा धेर व्यावहारिक, अन्वेषणमूलक र ऐतिहासिक परिपाटीका छन्। प्रधानले आफ्ना अध्ययन र चिन्तनमा ऐतिहासिक दृष्टि राखेर नेपाली जाति, भाषा साहित्य र संस्कृतिबारे विभिन्न खोजपरक अनि वस्तुतथ्यात्मक समालोचनाहरू लेखेका छन्। प्रकाशनका दृष्टिले सर्वप्रथम स्वयम् प्रधानद्वारा सम्पादित **वार्ताहरू** (सन् १९७१) नामक समालोचनात्मक लेखहरूको सङ्ग्रहहरूको प्रकाशनदेखि प्रधानको समालोचना यात्रा प्रारम्भ भएको हो। यस **वार्ताहरू**-मा प्रधानलगायत अन्य लेखक, समालोचक र अध्ययनकर्ताका लेखहरू सङ्कलित छन्।

---

[१]. राजेन्द्र सुवेदी, (वि.सं.२०६८), **नेपाली समालोचना : परम्परा र प्रवृत्ति**, काठमाडौं : पाठ्यसामग्री प्रकाशन, पृ. ३।

प्रस्तुत ग्रन्थमा विभिन्न विषयका समालोचनात्मक लेखहरू समावेश गरिएको छ। त्यसरी नै उनीद्वारा लिखित **पहिलो पहर** (सन् १९८२), **ए हिस्ट्री अफ नेपाली लिट्रेचर** (सन् १९८४), **द गोर्खा कन्क्वेस्ट** (सन् १९९१) इतिहाससित सम्बन्धित गहकिला समालोचना ग्रन्थहरू हुन्। त्यसपछि चौध वर्षको अन्तरालमा प्रधानको अन्तिम समालोचना **अधीति केही** (सन् २००५) प्रकाशित भयो। **अधीति केही** समालोचना ग्रन्थभित्र *भानुभक्तको रामायण, नाट्यकार बालकृष्ण सम :एक विवेचन, देवकोटामा रोमान्टिकता, अगमसिंह गिरीको कवितामा जातीय भावना, इलियटको काव्य सिद्धान्त, सार्त्र : एउटा मिठो पागलपन*-जस्ता छ वटा गहन अध्ययन पत्रहरू समावेश गरिएको छ। प्रस्तुत समालोचना विभिन्न विषयवस्तु भएको शोधमूलक वा अन्वेषणमूलक ग्रन्थ हो। प्रधानका समालोचक व्यक्तित्व अन्य व्यक्तित्वभन्दा महत्त्वपूर्ण आयामका रूपमा स्थापित छ। प्रधानका समालोचनात्मक लेख, वार्ता, अध्ययनपत्रहरूले उनलाई एक सफल समालोचक प्रमाणित गरेका छन्।

### ३.३.२ कवि व्यक्तित्व

कुमार प्रधान एक सफल कविका रूपमा पनि परिचित छन्। अधिकांश समय पढेर र लेखेर बिताउने स्वभावका प्रधानले धेरै कविताहरू रचेका छन्। कवितामा आग्नेय जादू हुन्छ भन्ने दृढ विश्वास उनमा थियो। कविता सामान्यतया कल्पनाको

अभिव्यक्ति हो।[२] कविता लेखनको निम्ति प्रधानमा कल्पना शक्ति, संवेदनशील कवि हृदय र काव्य शिल्प जीवन्त रहेको पाइन्छ। प्रधानले किशोरकालदेखि नै कविता लेख्न थालेका थिए। कविता विज्ञानको विपरीत विधा हो, किनभने यसको मुख्य लक्ष्य आनन्द हो, सत्य होइन भन्ने धारणा पाश्चात्य साहित्यकार कलरिजको रहेको छ। प्रधानको यही धारणा कविताप्रति रहेको छ। उनी आफ्नो आनन्दको निम्ति कविता लेख्ने गर्दथे। प्रधानले विद्यार्थी हुँदा **त्यो युवक** नामक कविता लेखी आफ्नो कविता लेखनको श्रीगणेश गरेका थिए। किशोर अवस्थामा लेखिएको प्रधानको यस कवितामा कवित्वको सम्भावना भरपूर पाइन्छ। प्रधानको जीवनमा आध्यात्मिक पक्ष प्रबल रहेको छ र यसको पुष्टि उनको **त्यही दिन** नामक अर्को कविताले गर्दछ। यस कवितामा सिद्धार्थ गौतमलाई बुद्धत्व प्राप्त भएको कथाको विवरण पाइन्छ। उनले संसार र वैराग्य, मोह र मुक्ति, सिद्धार्थ र बुद्ध माझको अन्तर्द्वन्द्वलाई काव्यको रूपमा प्रस्तुत गर्ने प्रयास गरेका छन्। पूर्वीय काव्यशास्त्रमा रचनानुसार कविहरूलाई संज्ञा दिएको छ र यसको आधारमा प्रधानलाई *हृदयकवि* मान्न सकिन्छ। *मनमनै सिर्जना गरे पनि अरूबाट लुकाउने कविलाई हृदयकवि भन्दछन्*।[३] यस सम्बन्धमा स्वयम् कुमार प्रधान लेख्छन्- *पाठशाला छात्र*

---

[२]. केशवप्रसाद उपाध्याय, (वि.सं.२०६७), **साहित्य-प्रकाश**, ललितपुर :साझा प्रकाशन, पृ १३।

[३]. सोमनाथ शर्मा, (वि.सं.२०५८), **साहित्य प्रदीप**, काठमाडौं :विद्यार्थी पुस्तक भण्डार, पृ २०।

*अवस्थादेखि बेला-बेला पद्य रचना गर्ने रहरको बानीले होला.....झन्नै बीस वर्ष अघि लेखेर लत्याइराखेका निकै यस्ता लेखनमा तीनवटा यँहा छन्।प्रभासलाई दिइहाल्ने।*[४]

यस किसिमको उनको आत्मस्वीकृतिले पनि उनी *हृदयकवि* हुन् भन्ने तथ्य प्रमाणित गर्छ। प्रधानले धेरै मात्रामा कविता लेखे, तर प्रकाशन भने थोरै मात्रामा भएको छ। प्रधानका अन्य लेखहरूको तुलनामा कविता कमै छापिएको छ। अभ्यासकालीन समयमा लेखिएका प्रधानका कविताहरू **कलाकार देखे तिम्रो संसार**, **प्रभात**, **श्रद्धान्जली**, **कर्मभूमि** आदि हुन्। यस समयमा नेपाली साहित्यको कविता क्षेत्रमा लक्ष्मीप्रसाद देवकोटा, बालकृष्ण सम, गोपालप्रसाद रिमाल, अगमसिंह गिरी, वीरेन्द्र आदि कविहरूको कविताहरूले सफलताको आकाश प्राप्त गरेका थिए।

प्रेमको प्रधानता उनको कविताको प्रबल पक्ष हो। प्रेम प्रसङ्गमा कुमार प्रधान झीनो किसिमको आत्मकेन्द्री आलापप्रिय बनेका छन्। प्रधानको कविता यात्रा प्रकृति प्रेम र असहाय प्रेमबाट नै विकसित भएको देखिन्छ। प्रधानको कविता लेखनमा देवकोटा, वीरेन्द्र आदि कविहरूको गहिरो प्रभाव परेको पाइन्छ। यिनै कविहरूबाट प्रेरित भई{ प्रधानले **प्रभात**, **रजनी - स्वागत**, **भिखारिनी**जस्ता कविताहरू लेखे। प्रधानको कविताको विषयवस्तु केवल आफू वरिपरीको परिवेश मात्र नभएर उनले विश्वव्यापी विषयहरूलाई पनि आफ्नो कवितामा समेट्ने प्रयास गरेका छन्। प्रधानमा पाश्चात्य साहित्यको विभिन्न

---

४. मनप्रसाद सुब्बा, (सन् २०१४), **कुमार-कीर्ति**, सिलगढी :मुक्ति प्रकाशन, पृ ४८।

सिद्धान्तहरूको गहिरो ज्ञान थियो। त्यसैले] अङ्ग्रेज लाई समर्पित गरेर उनले] **ब्रिटिशलाई १, ब्रिटिशलाई २, ब्रिटिशलाई ३** नामक कविताहरू लेखेका छन्।

जन्मपछि मृत्यु तय हुन्छ भन्ने प्राकृतिक अकाट्य सत्यप्रति प्रधान सचेत देखिन्छन्। प्रधानले उनको कवितामा मृत्युलाई भयानक क्रूरताका रूपमा नभएर सुकुमारी स्पर्शको रूपमा वर्णन गरेका छन्। सृजनात्मक लेखनप्रति प्रधानको गम्भीर झुकाउ रहेको छ। उनी कारयित्री  र भावयित्री प्रतिभा दुवैले सम्पन्न कवि थिए। अतीतको प्रेम, सुदूरको मोह, अप्राप्तिको दंश कुमार प्रधानका कवितामा पाइएका विशेषताहरू हुन्। प्रधानका कविताहरूले आधुनिक विश्वसाहित्यको ज्ञान ग्रहण गरेका हुनाले उनका कविताहरूमा भरपूर मात्रामा अन्य भाषाका शब्दहरूको प्रयोग पाइन्छ। उनले आफ्नो कवितामा अप्रचलित शब्द, बिम्ब, मिथ, प्रतीक आदिको प्रयोग सफलतापूर्वक गरेका छन्। प्रधानको काव्यकारिताको प्रशंसा गर्दै उनी एक सफल कवि थिए भन्दै रेमिका थापा भन्छिन् - *अनुभूतिको तिख्खरता र इमानदारीले उनलाई कवि बनायो। भावनाको विलासभन्दा अनुभूतिको गम्भीरतालाई लेख्ने, पीडाको हल्का कारिगरी होइन तर संवेदनाको अतल तलबाट आनन्द टिप्न आग्रही कवि उनी हुन्।*[५]

प्रधानले आफ्नो जीवनकालमा जम्मा पचासवटा भन्दा अधिक कविताहरू लेखेका छन्, तर उनी जीवित भइन्जेल उनका सम्पूर्ण कविताहरू प्रकाशनमा आएनन्। प्रधानको

---

५. मनप्रसाद सुब्बा, पूर्ववत्, पृ. ५२।

देहवसानपछि सन् २०१४ मा उनका सम्पूर्ण कविताहरू सङ्कलन गरी रेमिका थापाद्वारा सम्पादित **आस्थातीत** नामक कविता सङ्ग्रह सिलगढीबाट प्रकाशनमा आएको हो]। यस कविता सङ्ग्रहमा जम्मा बाउन्न कविताहरू सङ्गृहीत छन्।

### ३.३.३ अनुवादक व्यक्तित्व

नेपाली साहित्यको विकासमा अनुवादको महत्त्वपूर्ण भूमिका रहेको छ। प्राचीनकालमा अन्य भाषाको साहित्यबाट नेपालीमा अनुवाद गर्ने प्रक्रियाबाट नै नेपाली साहित्यको अस्तित्व कायम भएको हो। नेपाली साहित्यको प्रारम्भिक चरणका कृतिहरू संस्कृत, अरबी, फारसी, उर्दू, हिन्दी, बंगला र अङ्ग्रेजी आदि भाषाबाट अनुवाद गरिएका थिए। अनुवाद साहित्यको एउटा स्वतन्त्र विधा भए तापनि नेपाली साहित्यमा यसको अध्ययन थोरै मात्रामा भएको छ। एउटा भाषामा भएको विषयवस्तुलाई अर्को भाषामा प्रस्तुत गर्नुलाई अनुवाद भनिन्छ।[६] अनुवाद दुई भिन्न भाषा- भाषीलाई सामाजिक, साहित्यिक र सांस्कृतिक सन्दर्भमा जोड्ने सेतु हो। अनुवादको निम्ति अनुवादकमा बहुभाषिक ज्ञान हुनु अनिवार्य हुन्छ। अनुवादकमा स्रोत भाषा, माध्यम भाषा र लक्ष्य भाषाको राम्रो ज्ञान भए मात्र अनुवाद सफल हुन सक्छ। अनुवाद गर्दा जुन भाषाबाट अनुवाद गरिन्छ त्यसलाई स्रोतभाषा भनिन्छ औ जुन भाषामा अनुवाद गरिन्छ त्यसलाई

[६]. घनश्याम नेपाल र कविता लामा, (सन् २०१४), **उच्च माध्यमिक नेपाली व्याकरण र रचना**, सिलगढी : एकता बुक हाउस प्रा.लि, पृ २७४।

लक्ष्यभाषा भनिन्छ।[७] त्यसैले साधारणतः अनुवाद कार्य दुई वा अधिक भाषाको माझ सम्पन्न हुन्छ। अनुवाद गर्दा अनुवादकलाई एकभन्दा बढी भाषा-साहित्यको ज्ञान हुन आवश्यक छ। यही गुण कुमार प्रधानमा पनि पाइन्छ। प्रधान भाषा-साहित्यका गम्भीर चिन्तक भएका कारण अनुवादकमा हुनु पर्ने गुण उनमा छर्लङ्ग देखिन्छ। अनुवादबिना अन्य भाषा-भाषीमाझ विचार, भाव, अनुभव आदिको आदान-प्रदान हुने सम्भावना देखिँदैन। अनुवादको यही महत्त्वलाई बुझ्दै प्रधानले विभिन्न साहित्यिक कृतिहरूको अनुवाद गरेका छन्। प्रधानले अङ्ग्रेजी भाषामा अत्यन्त कुशलतापूर्वक साहित्यको इतिहास लेखेका छन्। अङ्ग्रेजी भाषाको यही ज्ञानले उनलाई अनुवाद गर्नमा सहयोग पुऱ्याएको छ। हालसम्म प्रधानका तीनवटा अनूदित कृतिहरू प्राप्त छन्। प्रधानले विशेष गरी नेपाली-अङ्ग्रेजी र अङ्ग्रेजी-नेपालीमा अनुवाद गरेका छन्। प्रधानले रेमिका थापाद्वारा लिखित **किनाराका आवाजहरू**को पूर्वार्द्धमा परेका सोह्रवटा कविताहरूको अङ्ग्रेजीमा अनुवाद गरी **भ्वैसेज फ्रम द मार्जिन** (सन् २००९) शीर्षक दिएर पुस्तक प्रकाशित गरेका छन्। त्यसरी नै अनुवादकै प्रसङ्गमा सन् १९७३ मा हर्वर्ड मर्फेटको **साई बाबा द म्यान अफ मिरेकल**-कृतिलाई प्रधानले नेपालीमा अनुवाद गरी **अलौकिक पुरूष : साई बाबा पुस्तक** प्रकाशनमा ल्याएका छन्। उनी इतिहासकार पनि भएका कारण ऐतिहासिक ग्रन्थको पनि अनुवाद प्रधानले गरेका छन्। सन् १९९१ मा एम.के.नारायणको **ए हिस्ट्री अफ इण्डियन लिट्रेचर**को नेपालीमा अनुवाद गरी उनको **भारतीय अङ्ग्रेजी साहित्यको इतिहास** नामक

---

७. पूर्ववत्।

अनूदित कृति प्रकाशित भएको छ। विभिन्न काल खण्डमा प्रकाशित यी अनूदित पुस्तकहरू प्रधानको अनुवादकलाका नमूनाहरू हुन्। यसैबाट प्रधानको अनुवादक व्यक्तित्व सफल बनेको छ।

### ३.३.४ सम्पादक व्यक्तित्व

कुमार प्रधान एकजना सफल इतिहासकार, भाषा संग्रामी, साहित्यप्रति दृढ रूचि भएका सफल लेखकका साथै उनी एक कुशल सम्पादक पनि हुन्। प्रधानले साहित्यिक पत्रिका, दैनिक र मासिक पत्रिकाहरू गरी विभिन्न किसिमका पत्र-पत्रिकाहरूको सम्पादन गरेका छन्। प्रधानले सम्पादन गरेका साहित्यिक पत्रिकाहरूमध्ये सन् १९५३ मा दार्जिलिङबाट प्रकाशित **कमल** र दार्जिलिङबाटै नेपाली साहित्य सम्मेलनद्वारा प्रकाशित **मालिङ्गो** (सन् १९६४-१९६६) हुन्। त्यसै गरी नेपाली मासिक पत्रिकाअन्तर्गत **हाम्रो संसार** (सन् १९६१-१९६६) कलकत्ताबाट र **हाम्रो पत्रिका** (सन् २००९-२०१०) सिलगढीबाट प्रकाशनमा आएका थिए। प्रधानद्वारा सम्पादित पत्रिकाहरूमध्ये दैनिक पत्रिकाको रूपमा सिलगढीबाट प्रकाशित भएको *सुनचरी* समाचारपत्र (सन् १९९३-२००७) र **हिमालय दर्पण** (सन् २००८-२०१३) को लामो समयसम्म सम्पादन गरी पत्रकारिता जगतमा उनले सेवा पुऱ्याएका थिए र सन् २०१३ देखि उनले **हिमालय दर्पण**को सम्पादन कार्यभारबाट अवकास ग्रहण गरे। यीबाहेक प्रधानले समालोचनात्मक ग्रन्थको पनि सम्पादन गरेका छन्। सन् १९७१ मा प्रकाशित **वार्ताहरू** उनको

समालोचनात्मक ग्रन्थ सम्पादन कार्यको सफल नमुना हो। सन् १९७१ मा प्रकाशित **वार्ताहरू**मा बालचन्द्र शर्मा, इन्द्रबहादुर राई, नरा गुरूङ, राजनारायण प्रधान, मच्छिन्द्र प्रधान, लैनसिंह वाङ्गदेल, कृष्णचन्द्रसिंह प्रधान र स्वयम् कुमार प्रधानद्वारा लिखित विभिन्न विषयक लेखहरू यसमा सङ्गृहीत छन्। नेपाली साहित्य र समाजमा भएका कमी-कमजोरीको पूर्ती गर्ने उद्देश्यले प्रधानले नितान्त उपयोगी सम्पादन कार्य गर्दै उनले आफ्नो सम्पादक व्यक्तित्वलाई पूरा इमानदारीकासाथ निर्वाह गरेको पाइन्छ। विभिन्न समयमा विभिन्न पत्र पत्रिकाको सम्पादन गरी समाजमा भएको अपूर्णतालाई पूर्ण गर्ने प्रयास नै प्रधानको सम्पादक व्यक्तित्वको मूल विशेषता हो। प्रधानले **सुनचरी**-को सम्पादकीयमार्फत् भारतेली नेपाली पत्रकारिताको फाँटमा आफ्नो भाषा, साहित्य, संस्कृतिको सही ऐतिहासिक परिचय जनमानसमा पुऱ्याउने कार्य गरेका छन्।

सम्पादकका रूपमा कुमार प्रधान निष्पक्ष, दूरदर्शी र इमानदार रहेका छन्। उनले व्यवसायभन्दा धेरै आफ्नो वरिपरिको समाजमा भएको अव्यवस्थालाई सन्तुलित गर्ने आजीवन प्रयास गरे। समाज र साहित्यका विभिन्न पक्ष अनि ऐतिहासिक कालखण्डको वृतान्तसहित, घटनाको सही विश्लेषण गरी युगसापेक्ष विषयहरूको उत्घाटन गरी सम्पादकीय लेख्नु प्रधानको मौलिक विशेषता हो। यिनै विशेषताहरूले प्रधानको सम्पादक व्यक्तित्वलाई पुष्टि गरेका छन्।

### ३.४ कुमार प्रधानको समालोचना यात्रा

कुमार प्रधान (सन् १९३७-२०१३), नेपाली समालोचना क्षेत्रमा एकजना परिचित समालोचक हुन्। अहिलेसम्म उनका समालोचनासम्बन्धी चारवटा पुस्तक प्रकाशित भएका छन्। यिनै चारवटा पुस्तकका आधारमा प्रधानको समालोचनालेखनलाई विभिन्न चरणहरूमा वर्गीकरण गरी उनका समालोचना शिल्प, प्रविधि र प्रवृत्तिको अध्ययन गर्न सकिन्छ। साहित्य भनेकै समसामयिक यथास्थितिको ठोस अभिव्यक्ति हो। यसै सन्दर्भमा यदुनाथ खनाल भन्छन् - *कुनै युगको साहित्य त्यही युगको वितरण हो; कुनै देशको साहित्य त्यही देशको विवरण हो*।[८] यस दृष्टिले के भन्न सकिन्छ भने समय सधैं एकनास नरहे झैं साहित्यलेखन पनि एकनास रहँदैन। विभिन्न समयमा विभिन्न धारा वा प्रवृत्तिहरूले साहित्यलेखनलाई नयाँ स्पर्श दिने गर्दछ। कुनै एउटा समयमा लेखिएको साहित्यले अर्को समयको साहित्यलेखनसित मेल राख्दैन, यसकारण पनि विभिन्न समयमा लेखिएको साहित्यलाई आवश्यकताका आधारमा चरणगत दृष्टिले वर्गीकरण गर्नु अनिवार्य हुदँछ।

नेपाली समालोचनाको क्षेत्रमा कुमार प्रधानको आफ्नै अलग परिचय र विशेषता रहेको छ। उनका समालोचनालाई चार-पाँच दशकको अनुभवले समालोचनात्मक उचाइमा पुऱ्याएका छन्। यसबिच विभिन्न धारा, विचार वा प्रवृत्तिहरूलाई आत्मसात गरेर

[८] यदुनाथ खनाल, (वि.सं.२०४९), **समालोचनाको सिद्धान्त** (पाँ.स.), पुलचोक : साझा प्रकाशन, पृ. २।

प्रधानले समालोचनाहरू लेखेका छन्। उनका समालोचनालाई मूलतः तीन चरणमा विभाजन गरेर हेर्नु सुविधाजनक हुनका साथै उपयुक्त पनि ठहरिन्छ। प्रधानको समालोचना यात्रालाई अध्ययन सुविधाको निम्ति दशकीय आधारमा निम्न तीन चरणहरूमा वर्गीकरण गरी अध्ययन गरिनेछ।

१.पहिलो चरण (सन् १९७१-१९८२)

२.दोस्रो चरण (सन् १९८३-१९९१)

३.तेस्रो चरण (सन् १९९२-२००५)

**१. पहिलो चरण (सन् १९७१-१९८२)**

पहिलो चरण कुमार प्रधानको समालोचना लेखनको प्रारम्भिककाल हो। यस चरणमा प्रधानले सिङ्गो समालोचना ग्रन्थ नलेखे तापनि उनको सम्पादनमा सन् १९७१ सालमा **वार्ताहरू** शीर्षक समालोचना सङ्ग्रह पुस्तक प्रकाशित भएको छ। यस सङ्ग्रह पुस्तकमा स्वयम् प्रधानलगायत अन्य सातजना समालोचकहरूद्वारा लेखिएका समालोचनाहरू सङ्कलित छन्। यसबाहेक प्रधानका अन्य समालोचनात्मक लेखहरू प्रकाशित भएका छैनन्। यस दृष्टिले **वार्ताहरू**को भूमिका साथै *टी एस इलियटको काव्यसिद्धान्त* शीर्षक अध्ययन पत्र नै प्रधानको प्रथम चरणको उपलब्धि रहेको पुष्टि

हुन्छ। प्रधानले यिनै भूमिका लेखन र अध्ययन पत्रको माध्यमद्वारा आफूलाई समालोचकका रुपमा चिनाएका छन्।

### २. दोस्रो चरण (सन् १९८३-१९९१)

प्रधानको समालोचना यात्राको दोस्रो चरणलाई उनको समालोचनालेखनको विकासकाल मान्न सकिन्छ। समालेचनाहरूको सम्पादन कार्यदेखि सुरू भएको प्रधानको समालोचना यात्रा दोस्रो चरणमा आएर निक्कै विकशित भएको छ। यस चरणमा प्रधानको स्वतन्त्र समालोचनात्मक ग्रन्थहरू प्रकाशनमा आए। सर्वप्रथम सन् १९८२ मा **पहिलो पहर** नामक समालोचना ग्रन्थबाट प्रधानको समालोचनाको दोस्रो चरणको थालनी भएको हो। दोस्रो चरणअन्तर्गत प्रधानको समालोचनालेखन ऐतिहासिक प्रवृत्तितिर बढी आग्रही रहेको पाइन्छ। प्रधानद्वारा लिखित **पहिलो पहर**-मा *दार्जीलिङको नेपाली जाति: एउटा ऐतिहासिक अध्ययन, पादरी गङ्गाप्रसादको सन्दर्भ*-मा र *दार्जीलिङका केही पुराना नाटकहरू र बुद्धचरित्र नाटक* गरी जम्मा तीनवटा लामा-लामा समालोचनात्मक लेखहरू सङ्कलित छन्। यी तीनवटा लेखहरूमा प्रधानले दार्जीलिङको नेपाली जाति, भाषा र साहित्यको पहिलो पहरको लेखाजोखा गरेका छन्। प्रधानको यस समालोचनामा इतिहास पक्षको प्रबलता अधिक पाइन्छ। इतिहास केवल घटनाहरूको इतिवृत्त होइन, घटनाको व्याख्या इतिहासको धर्म हो भन्ने स्वयम् प्रधानको धारणालाई प्रस्तुत ग्रन्थले पुष्टि गरेको छ। प्रधानको समालोचनालाई प्रौढता प्रदान गर्दै यस चरणमा

प्रकाशित भएका अन्य समालोचनाहरू **द गोर्खा कन्क्वेस्ट** (सन् १९९१) र **ए हिस्ट्री अफ नेपाली लिट्रेचर** (सन् १९८४) ले पनि **पहिलो पहर**ले जस्तै व्यापक प्रसिद्धि हासिल गरेका छन्। यी दुवै ससमालोचनामा इतिहासको विवरण पाइन्छ। यस कालमा प्रकाशित प्रधानका सम्पूर्ण समालोचनाहरूमा ऐतिहासिक प्रवृत्तिको सफल प्रयोग भएको छ। यस चरणमा प्रधानले आफ्नो समालोचना लेखनमा ऐतिहासिक पक्षलाई अँगाल्दै समालोचना लेख्न सफल भएका छन्। समालोचनाको सम्पादनदेखि आरम्भ भएको समालोचना यात्रा दोस्रो चरणमा आएर निक्कै विकसित भई सिङ्गो समालोचनाको रचना गर्नुतिर उन्मुख रहेको छ। यही नै प्रधानको प्रमुख उपलब्धि पनि हो।

**३.तेस्रो चरण (सन् १९९२-२००५)**

सन् २००५ सालमा **अधीति केही**को प्रकाशनपछि प्रधानको समालोचना लेखनको तेस्रो चरण प्रारम्भ भएको छ। यस चरणमा प्रधानको केवल एउटा मात्र समालोचना पुस्तक प्रकाशनमा आए तापनि प्रस्तुत समालोचनाले प्रधानको समालोचनात्मक दक्षतालाई पूर्ण रूपमा प्रमाणित गरेको छ। उनको दोस्रो चरणका समालोचनाका विषयवस्तु पहिलो चरणभन्दा भिन्न किसिमको रहेको छ। दोस्रो चरणदेखि तेस्रो चरणसम्मको समालोचना यात्रामा प्रधानको कलम तिख्खर हुँदै आएको छ। प्रधानको समालोचना यात्राको यस चरणमा प्रकाशित समालोचनाहरूको संख्या कम भए तापनि **अधीति केही** एउटै समालोचनाले नै यस चरणलाई प्रभावकारी र सफल तुल्याएको छ।

वास्तवमा **अधितिकेही**भित्रका समालोचनाहरूमा पहिलो चरणदेखि तेस्रो चरणसम्मका प्रवृत्तिगत विशेषताहरू अन्तर्निहित छन्। पहिलो चरणमै प्रधानले सुरु गरेका अन्वेशणमूलक प्रवत्तिको प्रखर एवम् परिष्कृत रुप यस तेस्रो चरणमा आइपुग्दा देखापरेको छ। यस ग्रन्थमा प्रकाशित पाँचवटा समालोचनाहरू सबै प्रवृत्तिगत दृष्टिले नै अन्वेशणमूलक रहेका छन्। आफ्नो विद्वता, अध्ययन र अनुसन्धानले अर्जेको बौद्धिक क्षमताको फलस्वरुप तेस्रो चरणमा आइपुग्दा प्रधानको समालोचनालेखनले व्यापक दृष्टिदर्शनलाई अँगालेको छ। यसैले यो तेस्रो चरण प्रधानको समालोचना लेखनको चरम उत्कर्ष हो।

## ३.५ उपसंहार

साहित्य सेवा कुनै रहर र लहड होइन। यो त गम्भीर जिम्मेवारीबोध हो। जाति, भाषा, समाज आदिको युगानुकूल प्रवेश र प्रस्तुति साहित्यमा भएको हुँदछ। साहित्यलाई समयसापेक्ष विकसित गराएर लैजानुमा लगनशील साथै निष्ठावान् साहित्यकारहरूको भूमिका महत्त्वपूर्ण रहेको हुँदछ। यस्तै लगनशील र निष्ठावान् साहित्यकार कुमार प्रधान पनि हुन्। उनले आफूले अर्जेको ज्ञानलाई आफूसँगै सीमित राखेनन्, तर शिक्षा र साहित्यका माध्यमबाट त्यसको प्रचार प्रसार पनि गरे। सामाजिक उत्थानको दिशामा प्रधानले एकजना कुशल शिक्षक बनेर जति योगदान दिए त्यत्ति नै योगदान साहित्य लेखेर पनि दिए। इतिहास विषय लिएर उच्च शिक्षा आर्जन गरेका

हुनाले पनि प्रधानको साहित्यलेखन सत्यतथ्यको खोजी र विवरणमा कलात्मकतासित अघि बढेको पाइन्छ। साहित्यको क्षेत्रमा आफूलाई एकजना कुशल कवि, सम्पादक तथा सचेत अनुवादकका रूपमा स्थापित गराउन सफल बनेका प्रधान मूलतः एकजना गम्भीर अध्येता र आत्मसंस्कारवाददेखि माथि उठेका माझिएका समालोचक हुन्।

प्रधानले कुनै पनि साहित्यिक कृति र कृतिकारको प्रशंसा मात्र गरेर समालोचनालेखनलाई सतही बनाएका छैनन्। कृतिको अन्तर्निहित गुण र विशेषताबारे गम्भीरतापूर्वक अध्ययन गरेर कृतिकारको समेत चर्चा गर्दै व्याख्या, विश्लेषण, तुलना र न्यायिक निर्णयद्वारा मूल्याङ्कन गर्नु प्रधानको मौलिक वैशिष्ट्य बनेर देखापरेको छ। उनले प्राच्य र पाश्चात्य दुवैतिरका साहित्य सिद्धान्तहरूको गहिरो अध्ययन गरेका थिए। यसैले उनका समालोचनाहरू सैद्धान्तिक रूपले पनि परिमार्जित छन्। ऐतिहासिक सत्यतथ्यहरूको खोजी गरेर प्रमाणका साथ प्रस्तुत गर्नु प्रधानको समालोचकीय विशेषता हो। उनले कुनै पनि कृतिको वा साहित्यिक विकासक्रमको चर्चा गर्दा इतिहासलाई अघि राखेर तिनकै आलोकमा आफ्ना निर्णयहरू प्रकट गरेका छन्। निष्कर्षमा भन्नुपर्दा सिद्धान्तको अवमूल्यन नगरी कृति, कृतिकार र सिङ्गो पाठको अध्ययन गरेर आफ्ना निर्णयहरू स्वतन्त्र रूपमा राख्ने प्रधान एकजना तीक्ष्ण दृष्टिकोण भएका व्यावहारिक समालोचक हुन्। समालोचक प्रधानको आगमन भारतीय नेपाली समालोचनाको विकासलाई अग्रगति प्रदान गर्नमा महत्त्वपूर्ण बनेको छ।

# चौथो अध्याय

## ४. कुमार प्रधानका समालोचनाका पद्धति, प्रवृत्ति र विशेषता

समालोचक कुमार प्रधानले आफ्नो समालोचना लेखनमा के कस्ता समालोचना पद्धति वा प्रणाली, प्रवृत्ति अङ्गालेका छन् र उनका समालोचना लेखनमा पाइने विशेषताहरू के के हुन् यिनै कुरालाई ध्यानमा राखी प्रस्तुत अध्याय अघि बढेको छ।

### ४.१ कुमार प्रधानका समालोचनागत पद्धति

समालोचक कुमार प्रधानको समालोचनामा पाइने प्रमुख समालोचनागत पद्धतिहरू निम्नलिखित प्रकारका छन् -

### ४.१.१ ऐतिहासिक समालोचना पद्धति

कृतिको ऐतिहासिक सन्दर्भका सापेक्षतामा साहित्यको अध्ययन गर्ने पद्धतिलाई ऐतिहासिक समालोचना पद्धति भनिन्छ भन्ने मान्यता घनश्याम नेपालको रहेको छ।[१] ऐतिहासिक पद्धति प्रयोग गरी लेखिएको समालोचनामा विशेष युग, जाति र परिस्थिति यी तीन तत्त्वहरूको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ। ऐतिहासिक समालोचना पद्धतिको प्रारम्भ शास्त्रीय तथा नवशास्त्रीय युगमा नै भएको भए तापनि आधुनिक युगमा आएर मात्र ऐतिहासिक समालोचना पद्धति बढी लोकप्रिय र प्रचलनमा आएको हो।

---

[१].घनश्याम नेपाल, (सन् २००९), **शैलीविज्ञान** (दो.सं.), सिलगढी :एकता बुक हाउस प्रा.लि, पृ. ३१।

कुमार प्रधानले पनि आफ्नो समालोचना लेखन कार्यमा ऐतिहासिक पद्धतिको सफल प्रयोग गरेका छन्। प्रधानद्वारा लिखित **ए हिस्ट्री अफ नेपाली लिट्रेचर** नामक साहित्येतिहास ग्रन्थमा ऐतिहासिक पद्धतिको प्रयोग भएको पाइन्छ। यस समालोचनामा प्रधानले नेपाली साहित्यको इतिहासलाई ऐतिहासिक सन्दर्भसँग जोडेर नेपाली साहित्यको विस्तृत विश्लेषण प्रस्तुत गरेका छन्। उनले यस समालोचनामार्फत् नेपाली जातिको विकासमा नेपाली साहित्यको प्रभाव परेका विभिन्न तथ्यहरूलाई कालानुक्रमिक ऐतिहासिक घटनाक्रमका आधारमा समावेश गरेका छन्। प्रधानले यस समालोचनामा नेपाली भाषाको उत्पत्तिका साथै नेपाली साहित्यको कालक्रमिक विकासको चर्चा गरेका छन्। नेपाली साहित्यको विकासमा मोतीराम भट्ट, लक्ष्मीप्रसाद देवकोटा, लेखनाथ पौड्याल, बालकृष्ण सम आदि जस्ता महान्\ साहित्यकारहरूको पनि चर्चा गरिएको छ। नेपाली साहित्यका विभिन्न विधाहरूलाई पृथक पृथक राखी त्यसको गहन अध्ययन गरेको तथ्य पनि यस समालोचनामा पाइन्छ। साहित्यका विभिन्न विधा जस्तै कथा, कविता, उपन्यास, नाटक, निबन्ध र समालोचनाजस्ता विविध विधाहरूको चर्चा यस साहित्येतिहासका प्रमुख पक्षहरू हुन्\। प्रधानले यस कृतिमा विभिन्न कालक्रममा विभिन्न कृतिको प्रकाशनसँगसँगै कृतिकारको व्यक्तित्वको स्थापना कसरी भयो भन्ने तथ्यहरूको पनि पुष्टि गरेका छन् र यसका साथै प्रधानले विभिन्न साहित्यिक कृति, कृतिकार एवम् पत्र-पत्रिकाको समाजसापेक्षित दृष्टिकोण राखेका छन्। प्रस्तुत साहित्येतिहासमा प्रधानले नेपाली जाति,

भाषा र साहित्यप्रति गहन अन्वेषण गर्दै नेपाली साहित्यको इतिहासलाई वैज्ञानिक ढङ्गले प्रस्तुत गरेका छन्।

### ४.१.२ कृतिपरक समालोचना पद्धति

कृतिपरक समालोचना पद्धतिले स्रष्टा वा व्यक्तिको उपेक्षा गर्दै उसको कृतिलाई मात्र विश्लेषणको केन्द्रविन्दु मान्दछ। कृतिका सम्पूर्ण संरचनात्मक अवयवहरूको रूपात्मक पक्षको अध्ययनका आधारमा कृतिको विश्लेषण र मूल्याङ्कन गर्ने परिपाटी नै कृतिपरक समालोचना पद्धतिका रूपमा विकसित भएको छ।[२] वास्तवमा कृतिमा व्यक्ति लेखकको छाप वा व्यक्तिको छाप अवश्यै परेको हुन्छ, तर कृतिपरक समालोचना पद्धतिले लेखकको व्यक्तित्वलाई भन्दा कृतिको संरचना, कृतिको भाव आदिलई आधारस्वरूप ग्रहण गर्दछ र यसै अनुरूप कृतिको विश्लेषण गर्दछ।

कृतिपरक समालोचना पद्धति प्राचीनकालदेखिनै प्रयोगमा आएको पाइए तापनि पाश्चात्य साहित्यमा नवसमालोचनासँगै वास्तविक रूपले विकसित भएको हो भन्ने विज्ञहरूको भनाइ छ।[३] प्रारम्भिककालमा प्रायः सबै साहित्यमा लेखकलाई कृतिको केन्द्रमा राखेर पाठको विश्लेषण गर्ने परम्परा रहेको थियो। पाश्चात्य साहित्यको स्वच्छन्दवादी युगमा यो परम्परा झन विकसित भएको देखिन्छ। स्वच्छन्दवादीहरूले

---

[२]. कृष्णप्रसाद आचार्य, (सन् २००५), **पाश्चात्य साहित्य सिद्धान्त तथा समालोचना पद्धति र नेपाली समालोचना**, कीर्तिपुर : क्षितिज प्रकाशन, पृ. २०।

[३]. कृष्णप्रसाद आचार्य, पूर्ववत्, पृ. २०।

लेखकलाई नै सम्पूर्ण ज्ञानको स्रोत मानेका थिए, तर जब आधुनिककालमा फ्रान्सेली संरचनावादी चिन्तक रोला बार्थको *द देथ अफ अथर* नामक लेखमार्फत् लेखकको मृत्युको घोषणा हुन्छ, तत्पश्चात् लेखकको अस्तित्व कम हुँदै, कृतिपरक समालोचना पद्धतिको मान्यता झन् व्यापक रूपमा प्रचलनमा आएको हो।[४] कुमार प्रधानका समालोचनाहरूमा पनि उक्त स्वच्छन्दवादीहरूको मान्यताको विरोध गर्दै कृतिपरक विश्लेषणमा ध्यान दिएको पाइन्छ। यसको पुष्टिको निम्ति उनको **अधीति केही** समालोचना सङ्ग्रहभित्रका समालोचनात्मक लेखहरू *भानुभक्तको रामायण* र *नाट्यकार बालकृष्ण सम : एक विवेचन*-लाई लिन सकिन्छ। कुमार प्रधानको समालोचनात्मक पद्धतिलाई हेर्दा उनको समालोचनामा पनि कृतिपरक समालोचना पद्धतिको प्रयोग भएको प्रत्यक्ष रूपमा देख्न सकिन्छ। उनीद्वारा लिखित **अधीति केही** समालोचना सङ्ग्रहभित्रको एउटा समालोचनात्मक लेख *भानुभक्तको रामायण*-को कृतिपरक अध्ययन र मूल्याङ्कन गर्दै उनी भन्छन्- *भानुभक्तको रामायण एउटा धर्म सम्प्रदायको साम्प्रदायिक रामायणको अनुवाद भएर पनि नेपाली जातीय महाकाव्य भई हाम्रो साहित्यको एउटा प्रमुख कृति भएको छ।*[५]

उक्त उद्धृतांशमा भानुभक्तको व्यक्तित्वको चर्चालाई उपेक्षित गर्दै उनको रामायणमा पाइने काव्यगत विशेषतालाई मात्र प्रस्तुत गरिएको छ। उनले कृतिपरक

---

४. पूर्ववत्।

५. कुमार प्रधान, (सन् २००५), **अधीति केही**, सिलगढी : पूर्णिमा प्रकाशन, पृ. ३।

समालोचना पद्धतिको प्रयोग गर्दै विभिन्न रामायणहरूको सन्दर्भ लिँदै भानुभक्तीय रामायणको विश्लेषण गरेका छन्। यसअन्तर्गत प्रधानले भानुभक्तीय रामायणको मूल्याङ्कन गर्दै भानुभक्तले रामायण लेख्नुको मूल उद्देश्य साधारण जनजीवनमा रामकथा प्रचार-प्रसार गर्नु हो भन्ने धारणा प्रकट गरेका छन्। भानुभक्तको रामायणको चर्चा गर्दै प्रधानले रामायणलाई आद्यस्वरूपीय समालेचना मान्न सकिन्छ भन्ने मान्यता प्रस्तुत गरेका छन्। यस लेखमा भानुभक्तीय रामायण मूल रामायणभन्दा कसरी फरक छ र आफ्नो कृतिलाई केवल अनुवादमा मात्र सीमित नराखी जातीय मौलिक काव्य कसरी भयो भन्ने जिज्ञासाको फलस्वरूप प्रस्तुत समालोचना प्रधानले लेखेको मान्न सकिन्छ। प्रधानले यस समालोचनामार्फत् भानुभक्तको रामायणको मौलिकतामाथि प्रकाश पारेका छन्।

प्रधानद्वारा लिखित अर्को समालोचना *नाटचकार बालकृष्ण सम : एक विवेचन*-मा पनि व्यक्तिलाई भन्दा कृतिलाई महत्त्व दिएर पाठको समालेचना प्रस्तुत गरेका छन्। यस समालोचनात्मक लेखमा उनले समद्वारा लिखित नाटकहरूलाई पाश्चात्य साहित्यको नाटकहरूसित तुलना गर्दै कृतिपरक विश्लेषण गरेका छन्। यस समालोचनात्मक लेखमा पनि कृतिपरक समालोचना पद्धतिको भरपूर प्रयोग पाइन्छ। प्रस्तुत समालोचनामा उनले बालकृष्ण समको नाट्यकारिताको चर्चा गर्दै समका विभिन्न नाटकहरूको अध्ययन-विश्लेषण गरेका छन्। समद्वारा लिखित नाटकहरूमा केन्द्रित रही उनले समका नाटकहरूलाई पाश्चात्य साहित्यका नाटकहरूसित तुलना गर्दै त्यसको मूल्याङ्कन गर्ने

कार्य यस समालोचनामा भएको छ। प्रधानले समको कृतिको मूल्याङ्कन गर्ने क्रममा समको **मुटुको व्यथा**-लाई पहिलो मौलिक र ट्रेजेडी प्रयोग भएको नाटक मानेका छन्।[६] **मुटुको व्यथा**-को सन्दर्भमा प्रधान लेख्छन्- *बालकृष्ण समले संस्कृत नाटकको परम्परालाई छाडेर पहिलो मौलिक नेपाली ट्रेजेडी रचना गर्नुभयो।*[७] समका नाटकका पात्रहरूले बोकेको विशेषता, पात्रहरूमाझ भएको द्वन्द्वको पनि चर्चा यहाँ पाइन्छ। नाटकका पात्रहरू नाट्यकारलाई उल्लङ्घन गर्दैनन्, ती नाट्यकारकै तर्क बोल्छन् भन्ने धारणा प्रधानको रहेको छ। यसअन्तर्गत नाटकमा समद्वारा प्रयोग गरिएको अनुष्टुप छन्दका कवितामय संवादको चर्चा पनि प्रधानले यस समालोचनात्मक लेखमा गरेका छन्। समका विभिन्न कृतिहरूको अध्ययन गरी त्यसको विश्लेषण र मूल्याङ्कन गर्ने कार्यबाट प्रधानको यस छिमलका समालोचनामा कृतिपरक समालोचना पद्धति प्रयोग गरिएको समालोचनाको सफल नमुना हो भन्न सकिन्छ।

### ४.१.३ व्याख्यात्मक समालोचना पद्धति

जुन समालोचनामा पाठको व्याख्या नै सर्वोपरी हुन्छ, त्यसलाई व्याख्यात्मक समालोचना भनिन्छ। यस किसिमको समालोचना गर्दा समालोचकले व्याख्यात्मक पद्धतिलाई मूल रूपमा अङ्गालेर कुनै पनि साहित्यिक पाठ वा रचनाको विश्लेषण तथा मूल्याङ्कन गर्दछ। व्याख्या समालोचनाको एउटा अपरिहार्य पद्धति हो। कुनै पनि

---

[६] कुमार प्रधान, पूर्ववत्, पृ. ५७।
[७] कुमार प्रधान, पूर्ववत्, पृ. ६१।

समालोचना व्याख्याबिना पूर्ण हुँदैन। समालोचनाको काम नै पाठमा अन्तर्निहित विविध पक्षहरूको व्याख्या एवम् विश्लेषण गर्नु रहेकोले प्रत्येक समालोचना नैसर्गिक रूपले व्याख्यात्मक किसिमको हुन्छ। व्याख्यात्मक समालोचना भनेको व्याख्यालाई नै सर्वोपरी राखेर पाठगत विशेषताहरूको मूल्याङ्कन गर्ने समालोचनात्मक पद्धति हो।[८] समालोचकले कृतिको समालोचना गर्दा व्याख्यात्मक पद्धतिको अनुसरण गरेकै हुन्छ। यसैले समालोचनामा व्याख्यात्मकता अपरिहार्य पक्ष हो।

कुमार प्रधानले पनि आफ्ना समालोचनाहरूमा व्याख्यालाई अपरिहार्य पक्षका रूपमा प्रयोग गरेका छन्। उनका सबै समालोचनामा व्याख्यात्मक पद्धतिको यथेष्ठता पाइन्छ। ऐतिहासिक घटनाक्रमलाई आधार राखेर लेखिएका उनका समालोचनाहरू **पहिलो पहर** र **ए हिस्ट्री अफ नेपाली लिट्रेचर** ऐतिहासिक व्याख्याकै अभिनव उपलब्धिहरू हुन्। उनले व्याख्यात्मक परिपाटीलाई अङ्गालेर दार्जिलिङकेन्द्री नेपाली भाषा र साहित्यको ऐतिहासिक विवेचना प्रस्तुत गरेका छन्। यस बाहेक प्रधानद्वारा लिखित **अधीति केही** कृतिभित्र सङ्कलित समालोचनात्मक लेखहरू *भानुभक्तको रामायण, नाटयकार बालकृष्ण सम : एक विवेचन, देवकोटामा रोमाण्टिकता, अगमसिंह गिरीको कवितामा जातीय भावना, इलियटको काव्य सिद्धान्त, सार्त्र : एउटा लामो,तीतो, मीठो पागलपन* आदिमा पनि व्याख्यात्मकता संगलो रूपमा देखापरेको छ। प्रधानले भानुभक्तीय

---

८. कृष्णप्रसाद आचार्य, पूर्ववत्, पृ. २७।

रामायणको विश्लेषण गर्ने क्रममा पनि व्याख्यात्मकतालाई नै प्रमुख साधनको रूपमा प्रयोग गरेका छन्।

समालोचक प्रधानका अनुसार भानुभक्तको रामायण मौलिक नभए तापनि यो एउटा नेपाली जातिको महाकाव्य भएको छ भन्ने तर्कलाई सुव्यवस्थित व्याख्याद्वारा प्रस्तुत गरिएको छ। उनले भानुभक्तकृत रामायणका विभिन्न महत्त्वपूर्ण पङ्क्तिहरूको उद्धृतांश प्रस्तुत गर्दै तिनको सुव्यवस्थित व्याख्याद्वारा निष्कर्ष दिएका छन्। यसर्थ *भानुभक्तको रामायण* शीर्षक समालोचना एउटा व्याख्यात्मक परिपाटीको समालोचना हो। यसरी नै **अधीति केही** समालोचना ग्रन्थमा सङ्गृहीत अन्य समालोचनात्मक शीर्षक *नाट्यकार बालकृष्ण सम : एक विवेचन, देवकोटामा रोमाण्टिकता, अगमसिंह गिरीको कवितामा जातीय भावना, इलियटको काव्य सिद्धान्त, सार्त्र : एउटा लामो, तीतो, मीठो पागलपन* आदिमा पनि व्याख्यात्मक प्रवृत्तिको सबल एवम् सफल प्रयोग भएको छ। *इलियटको काव्य सिद्धान्त* सैद्धान्तिक व्याख्याको सुन्दर नमुना हो।

### ४.१.४ तुलनात्मक समालोचना पद्धति

कुनै दुई वा दुईभन्दा बढी कृतिहरूको वैशिष्ट्यलाई, एकै कृतिकारका अलग अलग कृतिलाई, अथवा दुई भिन्नै भाषाका कृतिहरूलाई तुलनाद्वारा प्रतिपादन गर्नु तुलनात्मक पद्धति हो। यस किसिमका समालोचनाहरू तुलनात्मक पद्धतिगत दृष्टिले निर्णयात्मक पनि रहेका हुन्छन्। तुलना गरेपछि निर्णय गर्नु नै तुलनात्मक समालोचनाको

अन्तर्भूत विशेषता हो। कुनै पनि कृतिको तथा कृतिकारको कृतिको समालोचना गर्दा तुलनालाई मूल आधार बनाएर गरिने समालोचना पद्धतिलाई तुलनात्मक समालोचना पद्धति भन्दछन्। तुलनात्मक समालोचना पद्धतिसम्बन्धी कृष्णप्रसाद आचार्यले यस प्रकारले परिभाषा प्रस्तुत गरेका छन्-*एक वा एकभन्दा बढी भाषाका साहित्यिक कृति वा साहित्यकारका एउटै विधाका एकभन्दा बढी कृतिको एक आपसमा सम्बन्ध देखाएर अध्ययन, विश्लेषण, व्याख्या र मूल्याङ्कन गर्ने पद्धति तुलनात्मक समालोचना पद्धति हो*।[९]

कुनै पनि लेखकको कृति र कार्यको मूल्याङ्कन गर्दा तुलना स्वतः नै सुनिश्चित रूपमा देखापर्दछ र त्यही गुण कुमार प्रधानको समालोचनामा पनि प्रस्फुटित भएको पाइन्छ। कुमार प्रधानद्वारा लिखित *भानुभक्तको रामायण, नाट्यकार बालकृष्ण सम: एक विवेचन* र *देवकोटामा रोमाण्टिकता* आदि समालोचनात्मक लेखहरूमा तुलनात्मक पद्धतिको सुन्दर प्रयोग पाइन्छ।

प्रधानद्वारा लिखित *भानुभक्तको रामायण* शीर्षक समालोचनात्मक लेख तुलनात्मक समालोचना पद्धति प्रयोग गरिएको एउटा सफल नमुना हो। समालोचना गर्ने क्रममा तुलनात्मक पद्धतिको प्रयोग प्रधानले सैद्धान्तिक ढङ्मा प्रस्तुत गरेका छन्। प्रधानद्वारा लिखित *भानुभक्तको रामायण* नामक समालोचनामा विभिन्न भाषामा लेखिएको रामायणहरूको सन्दर्भलाई चर्चा गर्दै भानुभक्तीय रामायणको विशलेषण गरेका छन्।

---

९. कृष्णप्रसाद आचार्य, पूर्ववत्, पृ. २९।

प्रधानले उक्त लेखमा भानुभक्तले मूल रामायण र अध्यात्मरामायणको कथालाई आफ्नै ढङ्गमा प्रस्तुत गर्दा भानुभक्तले कथालाई रोचक र छोटो पारेका छन् भन्दै भानुभक्तको मौलिकतालाई पनि यसमा दर्शाएका छन्। रामायणको तुलनात्मक अध्ययन गर्ने क्रममा प्रधानले अन्य रामायणहरूको तुलनामा भानुभक्तीय रामायणमा नेपाली लोक तत्त्व र सुगन्धले ओतप्रोत रहेको तथ्यलाई दर्शाएका छन्। प्रधान स्वयम्मा आध्यात्मिक पक्ष प्रबल भएका कारण रामायणको अध्ययन गर्दा व्यावहारिक ज्ञान र तथ्यका साथै आध्यात्मिक ज्ञानको पनि झलक देख्न पाइन्छ भन्ने तर्कमा तुलनात्मकता झल्कन्छ।

यसरी नै प्रधानद्वारा लिखित **अधीति केही** समालोचना ग्रन्थभित्र सङ्गृहीत अन्य समालोचनाहरू जस्तै *नाटयकार बालकृष्ण सम: एक विवेचन* र *देवकोटामा रोमाण्टिकता* नामक समालोचनाहरूमा पनि तुलनात्मक समालोचना पद्धतिको प्रयोग भएको छ। *नाटयकार बालकृष्ण सम : एक विवेचन* नामक समालोचनामा प्रधानले नाटयकार बालकृष्ण समका नाटकहरूको तुलना पाश्चात्य साहित्यका प्रसिद्ध नाटयकार सेक्सपियरका नाटकहरूसित गर्दै समका नाटयकारिताको मौलिकताको चर्चा समेत गरेका छन्। यस समालोचनात्मक लेखमा प्रधानले बालकृष्ण सममा सेक्सपियरका नाट्यकारिता र अन्य पाश्चात्य नाटयशिल्पहरूको प्रभाव परेका आरोपहरूको खण्डन गर्दै समको नाटयकारिताको मूल्याङ्कन गरेका छन्।

*देवकोटामा रोमाण्टिकता* कुमार प्रधानद्वारा लिखित तुलनात्मक पद्धति प्रयोग भएको अर्को समालोचनात्मक लेख हो। प्रस्तुत समालोचनामा प्रधानले देवकोटाको काव्यकारितालाई पाश्चात्य साहित्यका लेखकहरूसित तुलना गर्ने कार्य गरेका छन्। उनले देवकोटाको रोमाण्टिक काव्य-प्रवृत्तिका विविध पक्षहरूको अध्ययन गर्दै त्यसको तुलना अङ्ग्रेजी साहित्यका विभिन्न रोमाण्टिक कविहरूसित गरेका छन्। अङ्ग्रेजी साहित्यका महान् साहित्यकार ब्लेक र कलरिजमा जस्तै देवकोटामा पनि कल्पना शक्ति, भाव-प्रवणता र स्वतन्त्रताको उडान यथावत् रहेको छ भन्ने मान्यता प्रधानले प्रस्तुत गरेका छन्। विशेष गरी रोमाण्टिक कविता प्रकृतिकेन्द्री हुन्छ। देवकोटालाई रोमाण्टिक कविको रूपमा स्विकार गर्दै प्रधानले देवकोटालाई अङ्ग्रेजी साहित्यकार वर्डस्वर्थसित तुलना गर्ने क्रममा भन्छन्-*देवकोटाले वर्डस्वर्थले जस्तै प्रकृतिलाई ममतामयी देखे, त्यँहाबाट ज्ञान बटुले। वर्डस्वर्थले हावाको एक झोंकामा ज्ञान पाउँछन्, देवकोटालाई फुल्दो गुलाबबिच ज्ञान अनेक फुल्छन्।*[१०] तुलनात्मक पद्धतिको प्रयोगमार्फत् प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा देवकोटामाथि अङ्ग्रेजी रोमाण्टिक कविहरूको प्रभाव परेको सत्यताको प्रमाण यस समालोचनाले गर्दछ।

[१०]. कुमार प्रधान, पूर्ववत्, पृ. १०१।

### ४.१.५ स्रष्टापरक समालोचना पद्धति

कृतिपरक समालोचना पद्धतिले कृतिलाई समालोचनाको केन्द्रमा राखेको हुन्छ भने स्रष्टापरक समालोचना पद्धतिले व्यक्ति स्रष्टामा केन्द्रित रही पाठको विश्लेषण गर्दछ। यसले पाठको विश्लेषणमा रचनाकारको व्यक्तित्त्वको विवेचनामा अधिक महत्त्व दिँदछ। कृतिभित्र सापेक्षित रूपमा लेखकको व्यक्तित्त्व झल्किएको हुन्छ भन्ने मान्यता कृष्णप्रसाद आचार्यको रहेको छ।[११] कुमार प्रधानका समालोचनात्मक कृतिहरूलाई स्रष्टापरक समालोचना पद्धतिका आधारमा अध्ययन गर्न सकिन्छ। उनका कतिपय समालोचनात्मक लेखहरू कृतिपरक छन् भने कतिपय स्रष्टापरक पद्धतिमा आधारित छन्। प्रधानद्वारा लिखित *पादरी गंगाप्रसाद प्रधानको सन्दर्भ*-मा र *सार्त्र एउटा लामो, तीतो, मीठो पागलपन* शीर्षक समालोचनाहरूमा स्रष्टापरक पद्धतिको प्रयोग सफल रूपमा भएको पाइन्छ। *पादरी गंगाप्रसाद प्रधानको सन्दर्भमा* नामक समालोचनामा विशेषतः पादरी गंगाप्रसाद प्रधानको व्यक्तित्वलाई प्रतिष्ठापित गर्ने कार्य भएको छ। समालोचनाको केन्द्रविन्दु नै पादरी प्रधानको जीवन परिधिभित्र सीमित रहेको छ। कुमार प्रधानले यस समालोचनामा पादरी गंगाप्रसाद प्रधानको कृतित्व र साहित्यप्रतिको योगदानको वस्तुनिष्ठ मूल्याङ्कन गर्ने क्रममा पादरी गंगाप्रसाद प्रधान गोर्खा भाषाका सेवक पनि थिए भन्ने तथ्यहरू प्रस्तुत गरेका छन्। विशेष गरी दार्जिलिङमा नेपाली भाषा र साहित्यको पहिलो पहरमा पादरी गंगाप्रसादद्वारा प्रदान गरिएको योगदानको व्याख्यान यस समालोचनामा पाइन्छ। यसै

[११]. कृष्णप्रसाद आचार्य, पूर्ववत्, पृ. २०।

सन्दर्भमा कुमार प्रधानले गंगाप्रसाद प्रधान नेपाली भाषाको घडेरी खन्ने पहिलो मान्छे हुन् भनी घोषणा समेत गरेका छन्। पादरी गंगाप्रसाद प्रधानले नेपाली भाषा र साहित्य जगतमा गरेका कार्यहरूको मूल्याङ्कन गर्दै पादरी प्रधानलाई नेपाली साहित्य जगतमा माथि उठाउने कार्य विवेच्य समालोचनामा भएको छ। त्यसैले यस समालोचनामा स्रष्टापरक समालोचना पद्धतिको प्रयोग सफल भएको देखिन्छ।

प्रधानद्वारा लिखित अर्को समालोचना *सार्त्र एउटा लामो, तीतो, मीठो पागलपन* शीर्षक समालोचनात्मक लेखमा पनि स्रष्टापरक समालोचना पद्धतिको प्रयोग भएको पाइन्छ। प्रधानले यस समालोचनामा जाँ पल सार्त्रको जीवन जगत् प्रतिको अस्तित्ववादी दर्शनबारे चर्चा गरेका छन्। नोबल पुरस्कारद्वारा सम्मानित सार्त्र स्वतन्त्रताको भावनाले ओतप्रोत भई{, सत्यको खोजीमा निरन्तर लागिपर्ने उच्च कोटिका नाट्यकार, राजनैतिक सिद्धान्तकार, उपन्यासकार, अस्तित्ववादी दार्शनिकजस्ता महान् व्यक्तित्व हुन् भनी चिनाउने कार्य यस समालोचनामा भएको छ। वाल्यकालदेखि नै आफ्नो कर्मक्षेत्र साहित्यलाई मान्ने सार्त्रद्वारा प्रतिपादित अस्तित्ववादको अवधारणालाई पनि सङ्क्षेपमा चिनाउने कार्य यस समालोचनामा भएको छ। सार्त्रका उपन्यास **द एज अफ रिजन** र **रिप्रिव्** मार्फत् मान्छे परिस्थितिभित्रै सधैं आफ्नो स्वतन्त्रता र उत्तरदायित्वसँग सङ्घर्षरत छ अथवा कमिटेड छ, समर्पित वा प्रतिबद्ध छ भन्ने सत्यताको चर्चा प्रधानले यस समालोचनामा गरेका छन्। प्रधानले यस समालोचनामा सार्त्रद्वारा लिखित विभिन्न

कृतिहरूभित्र निहित विभिन्न अवधारणाहरूको विश्लेषण गरेका छन्। आफ्ना कृतिहरूको प्रत्युतरको रूपमा सार्त्रले भोग्नु परेका विभिन्न आरोपको चर्चा पनि गौण रूपमा गरिएको छ। राजनीतिक विषयहरूप्रति रूचि राख्दै सार्त्रले आफ्नो कलमलाई सक्रिय बनाएको हुँदा कम्युनिष्टहरूको पक्षमा आफ्नो कलम चलाएको हुँदा उनीमाथि कम्युनिष्ट भएको आरोप लागेको थियो भन्ने तथ्यको अन्वेषण प्रधानले यस समालोचनामा गरेका छन्। विवेच्य समालोचनामा प्रधानले एकातिर सार्त्र कम्युनिष्टहरूको पक्षमा थिए भन्ने कुरा गरेका छन् भने अर्कोतिर पनि मार्क्सवादप्रति कठोर निन्दा र विरोध जनाउने व्यक्तित्वको रूपमा पनि सार्त्रलाई उभ्याएका छन्। सार्त्रले समाजबाट पाइएका विभिन्न आरोपहरूको खुलासा प्रधानले यस समालोचनामार्फत् प्रस्तुत गरेका छन् भन्ने पुष्टि निम्न उदाहरणद्वारा प्रमाणित हुँदछ-

किर्केगार्दको अस्तित्ववाद आस्तिक भए, सार्त्रको अस्तित्ववाद नास्तिक हो। तर मानिसहरू सार्त्रलाई अतिधार्मिक मान्न थालेका छन्। एउटा फ्रेञ्च समालोचक जाक्वेस हूबर्टले सार्त्रलाई अझै एउटा मेटाफिजिशियन देख्छन् अनि धार्मिक भन्छन् भने अर्कोले मान्छेको कल्याणको निम्ति सार्त्रको संवद्धता देखेर तिनलाई धार्मिक भनेका छन्।[१२]

यसरी विभिन्न दार्शनिक तथा समालोचकहरूले सार्त्रको अस्तित्ववादी सिद्धान्त समाजपयोगी भए तापनि सार्त्रको अस्तित्ववादी अवधारणालाई विश्वका विभिन्न

---

[१२]. कुमार प्रधान, पूर्ववत्, पृ. १८६।

दार्शनिकहरूको दर्शन वा आवधारणाहरूसित तुलना गरेका तथ्यहरूप्रति प्रकाश पार्दै प्रधानले सार्त्रलाई आधुनिक सङ्कटमा, मूल्यहीन विश्वमा जन्मेका मान्छेको एउटा गम्भीर र महान् चिन्तक हुन् भनी आफ्नो मन्तव्य प्रस्तुत गरेका छन्।

### ४.१.६ निर्णयात्मक समालोचना पद्धति

कुनै पनि कृतिको गहिराइमा डुबुल्की लगाई, कृतिको आन्तरिक विशेषतामाथि प्रकाश पार्दै, मूल्याङ्कन गरी जीवन-जगतमा त्यस कृतिको कुन प्रकारको छाप रहेको छ भन्ने निर्णायक मन्तव्य राख्नु नै समालोचकको अन्तिम निर्णय मानिन्छ। जुन समालोचना पद्धतिले सम्बन्धित आलोच्य कृति वा रचनाको मूल्य खोजी गर्दै कृतिका बारेमा एउटा निर्णयात्मक निष्कर्ष प्रस्तुत गर्दछ, त्यसलाई नै निर्णयात्मक समालोचना पद्धति भन्दछन्।[१३] कुनै पनि कृतिको अन्तिम निर्णय पेश गर्नका निम्ति समालोचकले निश्चय नै कुनै नियम वा सिद्धान्तको पालन गरेकै हुन्छ। समालोचकले कुनै पनि कृतिमाथि आफ्नो निर्णय प्रस्तुत गर्दा निष्पक्ष भएर कृतिको गुण, दोष आदिको निर्णय दिनु पर्ने हुन्छ। त्यसैले निर्णयात्मक पद्धतिलाई समालोचनाको एउटा महत्त्वपूर्ण अङ्ग मानिन्छ। निर्णयात्मक समालोचना पद्धतिले शास्त्रीय वा सैद्धान्तिक नियमका आधारमा कृतिको गुण-दोषको मूल्याङ्कन गर्ने गर्दछ। प्रत्येक समालोचना एउटा निर्णय हो र समालोचनामा

[१३]. कृष्णप्रसाद आचार्य, पूर्ववत्, पृ. २७।

निर्णयलाई प्रमुख एवम् सर्वोपरी स्थान दिएको हुन्छ भन्ने मान्यता कृष्णचन्द्रसिंह प्रधानको रहेको छ।[१४]

नेपाली साहित्यको समालोचना विधामा कुमार प्रधानले निर्णयात्मक समालोचना पद्धतिलाई बढी महत्त्व दिएको पाइन्छ। उनीद्वारा लिखित *भानुभक्तको रामायण* र *नाटयकार बालकृष्ण सम : एक विवेचन* नामक समालोचनात्मक लेखहरूलाई निर्णयात्मक पद्धति प्रयोग गरिएको उत्कृष्ट उदाहरण मान्न सकिन्छ। *भानुभक्तको रामायण* नामक समालोचनामा प्रधानले भानुभक्तीय रामायणलाई विभिन्न रामायणहरूसित तुलना गर्दै भानुभक्तीय रामायण ग्रीकहरूको इलियड र ओडेस्सीझैं नेपालीहरूको जातीय महाकाव्य भएको छ भनी आफ्नो निर्णय प्रस्तुत गरेका छन्। त्यसरी नै *नाटयकार बालकृष्ण सम : एक विवेचन* नामक समालोचनामा पनि निर्णयात्मक पद्धतिको प्रयोग गरी कृतिको समालोचना गरिएको छ। प्रधानद्वारा लिखित यस समालोचनामा निर्णयात्मक पद्धतिको प्रयोग भएको पुष्टि निम्न पक्तिद्वारा स्पष्ट हुन आउँछ- *समज्यूको नाटय रचना विश्वको कुनै महान् नाटय परिपाटीभित्र पर्दैन बरू उहाँ सर्वास्तिवादी (एक्लेटिक) हुनुहुन्छ जसको आफ्नै सिद्धान्तको भित्ति छ।*[१५] यसरी समको नाटयकारिता कुन दिशातिर अग्रसर रहेको छ भन्ने निर्णय प्रधानले यस समालोचनामा दिएका छन्। यसका साथै सममा पाश्चात्य साहित्यकारहरूको प्रभाव नपरेको ठोकुवा उनी गर्छन्। प्रधानले आफ्नो समालोचनामा

---

[१४]. कृष्णचन्द्रसिंह प्रधान, (वि.सं.२०५८), **साझा समालोचना** (पाँ.सं), ललितपुर : साझा प्रकाशन, पृ. १३२।

[१५]. कुमार प्रधान, पूर्ववत्, पृ. ७८।

कुनै पनि निर्णय प्रस्तुत गर्नका निम्ति विभिन्न तर्कहरू प्रस्तुत गरेका हुन्छन्, जसद्वारा उनको निर्णय सठिक र प्रामाणिक हुन्छ।

### ४.२ कुमार प्रधानका समालोचनाको प्रवृति

समालोचक कुमार प्रधानको समालोचनामा पाइने प्रमुख समालोचनागत प्रवृत्तिहरू निम्नलिखित प्रकारका छन् :

#### ४.२.१ प्रभाववादी समालोचना प्रवृत्ति

कुनै पनि कृतिको अध्ययनपछि त्यसको सकारात्मक वा नकारात्मक प्रभाव अध्येतामा अवश्यै परेको हुन्छ। तिनै प्रभावको फलस्वरूप सम्बन्धित कृतिबारे कुनै विचार व्यक्त गरेर निष्कर्ष प्रदान गर्नुलाई प्रभाववादी प्रवृत्ति भन्दछ। प्रभाववादी प्रवृत्तिका समालोचनाले कृति र कृतिकारको सामान्य परिचय, गुण-दोष र पाठक वा भावकमा परेको प्रभावको आधारमा समालोचकले आफ्नो मन्तव्य व्यक्त गर्दछ।

कुमार प्रधानले पनि आफूले अध्ययन गरेका कृति अथवा कृतिकारबाट प्रभावित भएरै समालेचना गरेका छन्। उदाहरणका रूपमा प्रधानद्वारा लिखित **पहिलो पहर** समालोचनात्मक ग्रन्थभित्र सङ्गृहीत *पादरी गंगाप्रसाद प्रधानको सन्दर्भमा, भानुभक्तको रामायण* र *अगमसिंह गिरीको कवितामा जातीय भावना* आदि समालोचनात्मक लेखहरूलाई राख्न सकिन्छ। *पादरी गंगाप्रसाद प्रधानको सन्दर्भमा* शीर्षक समालोचनात्मक लेखमा पादरी गंगाप्रसाद प्रधानको भाषिक एवम् साहित्यिक योगदानबाट

प्रभावित भएर कुमार प्रधानले आफ्नो विवेचना प्रस्तुत गरेका छन्। पादरी गंगाप्रसाद प्रधानलाई नेपाली पाठ्य पुस्तकहरूको थालनीकर्ता (पायोनिर) मान्नु तथा ताना शर्माद्वारा पादरी गंगाप्रसाद प्रधानबारे व्यक्त गरिएका विचारहरूको खण्डन गर्दै पादरी गंगाप्रसाद प्रधानको भाषा जाति र माटोको नजिक छ भन्नु साथै साहित्यिक दृष्टिले पादरी गंगाप्रसाद प्रधानको मूल्याङ्कन गर्नु आदि तथ्यहरू प्रभाववादी प्रवृत्तिका सुन्दर नमूना भएर देखा परेका छन्। उनले पादरी गंगाप्रसाद प्रधानलाई एकजना कुशल अनुवादकका रूपमा पनि स्विकार गरेका छन्, उनी भन्छन्- *गंगाप्रसादको तेस्रो कृतित्व बाइबलजस्तो एउटा महाकाय ग्रन्थको अनुवाद हो। अनुवादको श्रेय तिनलाई दुवै ठेलीमा कतै दिइएको छैन, तदपि यो धर्मग्रन्थ र समकालिक अरू ख्रीष्टीयन नेपाली प्रकाशनमा तिनको हात मुख्य थियो*।[१६] यस भनाइबाट कुमार प्रधान पादरी गंगाप्रसाद प्रधानको अनुवादक व्यक्तित्वबाट प्रभावित भएको कुरा स्पष्ट हुँदछ। यसैले प्रस्तुत लेख प्रभावपरक प्रवृत्तितिर उन्मुख भएको छ। यसरी नै प्रधानद्वारा लिखित अर्को समालोचनात्मक लेख *भानुभक्तको रामायण* शीर्षकमा पनि प्रधानले आफूमा परेका प्रभावहरूलाई सूत्रबद्ध गरेर भानुभक्तीय रामायणमाथि आफ्नो दृष्टिकोण राखेका छन्। उनले भानुभक्तको रामायणलाई तुलनात्मक दृष्टिकोणद्वारा अवलोकन गर्दै तिनमा प्रवृत्त लोकसम्मत विशेषताको चर्चा गरेका छन्। वस्तुतM राम कथाको मिथकलाई विभिन्न समयमा विभिन्न लेखकहरूले आ-आफ्नो पाराले प्रस्तुत गरेको भएतापनि भानुभक्तको रामायण अन्य रामायणहरूको तुलनामा भिन्नै रहेको

---

[१६]. कुमार प्रधान, (सन् २०१०), **पहिलो पहर** (दो.सं.), ललितपुर : साझा प्रकाशन, पृ. ५४।

वर्णन प्रधानले गरेका छन्। यिनै वर्णनमा उनको प्रभाववादी दृष्टिकोण पनि स्वतः स्फुरण हुन पुगेको छ। उनको भनाइअनुसार भानुभक्तको रामायण एउटा प्रचलित धार्मिक सम्प्रदायको अध्यात्म रामायणलाई आदर बनाएर कुनै धर्म सम्प्रदायको सीमाभित्र बाँन्धिएको धर्म पुस्तक बनेको छैन।[१७] यसबाट प्रधानको समालोचनात्मक दृष्टिले प्रभावपरक प्रवृत्तिलाई अनुसरण गरेको पुष्टि हुँदछ। यसबाहेक प्रधानद्वारा लिखित *अगमसिंह गिरीको कवितामा जातीय भावना* शीर्षक समालोचनात्मक लेख पनि प्रभावपरक प्रवृत्तिकै सुन्दर परिणाम हो। यसमा अगमसिंह गिरीका कविताहरूले आफूमा पारेको प्रभावलाई मूल रूपमा अभिव्यक्त गर्दै प्रधानले गिरीका कविताहरूको गहन व्याख्या गरेका छन्। भारतीय परिप्रेक्ष्यमा गोर्खा जातिले युगैदेखि भोग्दै आइरहेका पीडा र लाञ्छनाहरूको प्रतिवाद गर्दै अगमसिंह गिरीले जाति प्रेमलाई प्रमुखता दिएर कविताहरू सृजना गरेका छन्। तिनै कविताहरूले कुमार प्रधानको मनमा गहिरो प्रभाव पारेको कुरा उनको भनाइबाट थाहा लाग्दछ। उनी लेख्छन्- *गिरीमा कहिले कतै प्रयोगको प्रचेष्टा छैन, उर्लिआएका भाव र भावनाहरू सुललित, सरल शब्द र सुरमा छचल्कन्छन्; तिनका भाषाका तन्तु स्निग्ध, कोमल छन्, गिरी जहिले पनि गीतिमय छन्।*[१८] यसरी गिरीका सरल र सुरम्य कविताहरूले आफूलाई प्रभाव पारेको कुरा प्रधानले अभिव्यक्त गरेका

[१७] पूर्ववत्, पृ. ५४।
[१८] पूर्ववत्, पृ. १३२।

छन्। यस कारण विवेच्य समालोचनात्मक लेखलाई प्रभावपरक प्रवृत्तिको असल उदाहरण मान्नु युक्तिसङ्गत देखापर्दछ।

### ४.२.२ शास्त्रीयतावादी समालोचना प्रवृत्ति

शास्त्रीय लक्षणहरू तथा दृष्टि दर्शनलाई आधार मानेर कृतिको विवेचना गर्ने प्रवृत्तिलाई शास्त्रीयतावाद भनिन्छ। यसअन्तर्गत पूर्वीय वाङ्मयमा प्रचलित छन्द, लय, रस, अलङ्कार, रीति, गुण, वक्रोक्ति, औचित्य आदि लक्षणहरूलाई मान्यता दिइन्छ भने पाश्चात्य वाङ्मयमा प्लेटो, एरिस्टोटल आदिद्वारा प्रतिपादित काव्य शास्त्रीय सिद्धान्तहरूलाई अघि राखिन्छ। यसमा पनि मूलतः एरिस्टोटलद्वारा काव्यसम्बन्धी व्यक्त गरिएका धारणाहरूलाई साधनका रूपमा प्रयोग गरेर कृतिको व्याख्या एवम् विश्लेषण गरिए शास्त्रीयतावादी प्रवृत्तिको अनुसरण हुँदछ। यसरी पूर्व र पश्चिममा प्रचलित विभिन्न काव्यशास्त्रीय मूल्य वा मान्यताहरूलाई अपनाएर गरिने समालोचनालाई शास्त्रीयतावादी समालोचना प्रवृत्ति भनिन्छ। यस दृष्टिले कुमार प्रधानका समालोचनाहरूमा शास्त्रीयतावादी प्रवृत्तिको प्रयोग असल ढङ्गमा भएको छ। उनीद्वारा लिखित समालोचनाहरू जस्तै *भानुभक्तको रामायण* र *नाटयकार बालकृष्ण सम : एक विवेचन* शास्त्रीयतावादी प्रवृत्तिका समालोचनाहरू हुन्। *भानुभक्तको रामायण*-मा राम कथाको परम्परा केलाउँदै तत्सम्बन्धी लेखिएका विभिन्न रामायणहरूलाई तुलनात्मक दृष्टिअन्तर्गत राखेर तिनमा प्रयुक्त छन्द र लय साथै रसहरूको चर्चा गरिएकोले यो एउटा शास्त्रीयतावादी प्रवृत्तिको समालोचना

भएको छ। यसमा मुख्यतया कुमार प्रधानले अध्यात्म रामायणकै अनुवाद भए तापनि भानुभक्तले आफ्नो रामायणमा मौलिक पक्षलाई जिउँदो राख्दै आवश्यकताअनुरूप रस परिपाक र छन्द प्रयोगमा कलात्मक प्रस्तुति दिएका छन्। उनको भनाइअनुसार भानुभक्तले विभिन्न वार्णिक छन्दहरूलाई प्रयोगमा ल्याएर सौन्दर्य तत्त्वको सृष्टि गरेका छन्। भानुभक्तको रामायणमा रसको प्रतिति पनि अपरिहार्य रूपले पूरा गरिएको छ भन्ने कुमार प्रधानको भनाइ रहेको छ। विभिन्न रसहरूको परिपाकबारे भानुभक्त सचेत रहेका छन्, जसमध्ये वीर रसको प्रधानताले रामायणको महत्त्व झल्काइएको छ भन्ने निष्कर्षलाई कुमार प्रधानले विवेच्य समालोचनामा राखेका छन्। यसरी नै उनी छन्द प्रयोग र छन्द परिवर्तनको दृष्टिले भानुभक्तीय रामायणको व्याख्या गर्दै तिनको सुस्पष्ट चित्रण गर्नमा प्रधानले विशेष युक्ति अपनाएका छन्। उनका अनुसार भानुभक्तले मूल अध्यात्म रामायणमा झैं एउटै छन्द नचलाएर साथै मूल कथा र घटना वर्णनबाट केही परिवर्तनहरू गरेर नेपाली लोक सम्मत जीवनको झझल्को प्रस्तुत गरेका छन्। यस प्रकार रामायणका विविध संस्करण र अनुवाद कार्यहरूलाई लिएर व्यापक रूपमा चर्चा परिचर्चा गर्दै अन्तमा पूर्वीय काव्यशास्त्रीय लक्षणअनुसार रस र छन्द प्रयोगका आधारमा भानुभक्तीय रामायणको विवेचना प्रस्तुत गरेका हुनाले यो शास्त्रीयतावादी समालोचना प्रवृत्तिको सुन्दर प्रस्तुति भएको छ। प्रधानद्वारा लिखित *नाट्यकार बालकृष्ण सम : एक विवेचन* शीर्षक समालोचनात्मक लेखमा पनि शास्त्रीयतावादी प्रवृत्तिको प्रयोग सफलतापूर्वक भएको छ।

समका नाटकहरूको चर्चा गर्ने क्रममा प्रधानले समको दुःखान्त दृष्टि चेतनालाई विशेष महत्त्व दिएका छन्। एरिस्टोटलद्वारा प्रतिपादित त्रासादि सम्बन्धित धारणाहरूका आधारमा समका दुःखान्त नाटकहरूको मूल्याङ्कन गर्नुका साथै समलाई मौलिक दुःखान्त लेखनका स्रष्टा मान्नु प्रधानको लक्ष्य रहेको छ। वास्तवमा समलाई मानवतावादी तथा सर्वास्तिवादी नाटककारका रूपमा परिचित गराउनु नै प्रस्तुत लेखको उद्येश्य रहेतापनि त्रासादि लेखनका पक्षहरूलाई नै समेटिएर समका नाटकहरूको विवेचना गरिएकोले यसलाई शास्त्रीयतावादी समालोचनाको कोटिमा राख्नु पर्ने हुन्छ। उनी भन्छन्- *भाषाको विकासमा बालकृष्णको देन ठूलो छ। उसरी नेपाली नाटकको खुट्टा नयाँ बाटोमा उहाँले लाइदिनु भयो। उहाँले ट्रेजेडी लेख्नुभयो इडिपस र शेक्सपियरको भव्यता लिएर होइन; उहाँ इब्शेन वा बर्नर्ड शाको नेपाली संस्करण पनि हुनुहुन्न।*[१९] यसबाट सम एकजना आफ्नै परम्परा र प्रवृत्तिका त्रासादि लेखक हुन् भन्ने पुष्टि हुँदछ। त्रासादि लेखनको गुण विशेषतालाई अपनाए तापनि कतिपय पक्षहरूमा समले आफ्नो मौलिक वैशिष्टयलाई टड्कारो राखेका छन्। त्रासादि लेखनकै विशेष लक्षणहरूलाई आधार स्वरूप राखेर प्रस्तुत लेखको निर्माण गरिएको छ। यसैले यो पनि एउटा शास्त्रीयतावादी समालोचना प्रवृत्तिकै अब्बल नमुना हो।

१९. पूर्ववत्, पृ. ८९।

### ४.२.३ जीवनीपरक समालोचना प्रवृत्ति

कृतिकारको जीवनलाई आधार मानेर गरिने समालोचनालाई जीवनीपरक समालोचना भनिन्छ। यस किसिमका समालोचनामा कृतिकारको जीवन, उनको भोगाइ, अनुभव र अनुभूति आदिलाई सर्वोपरी मानिन्छ। *जीवनीपरक समालोचनाको प्रवृत्ति सूचनात्मक हुन्छ, यसले साहित्यलाई विशुद्ध कलाकृतिको रूपमा नहेरेर जीवनको एउटा अभिव्यक्तिको रूपमा हेर्दछ* भन्ने मान्यता घनश्याम नेपालको रहेको छ।[२०] कुमार प्रधानका समालोचनामा जीवनीपरक प्रवृत्ति पनि पाइन्छ। प्रधानका समालोचनाहरूमध्ये **पहिलो पहर** समालोचनात्मक ग्रन्थमा सङ्गृहीत *पादरी गंगाप्रसाद प्रधानको सन्दर्भ-मा* शीर्षक समालोचना लेखमा जीवनीपरक प्रवृत्तिको प्रयोग भएको छ। यसमा प्रधानले पादरी गंगाप्रसाद प्रधानको जीवन र उनका भोगाइहरूलाई आफ्नो समालोचनाको केन्द्रस्थल मानेका छन्। पादरी गंगाप्रसाद प्रधानले आफ्नो जीवनकालमा नेपाली भाषा र साहित्यको उत्थानका निम्ति गरेका सङ्घर्षहरूको विस्तृत वर्णन विवेच्य समालोचनात्मक लेखमा पाइन्छ।

दार्जिलिङमा नेपाली भाषा र साहित्यको विकास गर्नुमा पादरी गंगाप्रसाद प्रधानको योगदान बहुमूल्य रहेको कुरा कुमार प्रधानले गरेका छन्। नेपाली भाषामा नेपाली जनसाधारणको निम्ति पाठ्य पुस्तकहरू तयार पार्ने क्रमसँगसँगै **गोर्खे खबर कागत्** नेपाली समाचारपत्रको प्रकाशनमा महत्त्वपूर्ण योगदान दिने पादरी गंगाप्रसाद प्रधानले पुऱ्याएका

---

२०. घनश्याम नेपाल, पूर्ववत्, पृ. २६।

सेवाहरूको विस्तृत चर्चा गर्दै कुमार प्रधानले जीवनीपरक दृष्टि समेत अपनाएर आफ्नो लेख प्रस्तुत गरेका छन्। उनले पादरी प्रधानको योगदानलाई उनकै जीवनको इतिवृत्तभित्र समेटेर समुच्चमा हेरेका छन्। यसमा पादरी गंगाप्रसाद प्रधानले नेपाली भाषाको निम्ति गरेका सकारात्मक कार्यहरू, उनले भोगेका समस्या र आलोचनाहरू साथै उनले गरेका विभिन्न सङ्घर्षहरूलाई सुव्यवस्थित ढङ्गमा कुमार प्रधानले विवेचना गरेका छन्। नेपाली समाजमा पादरी प्रधानलाई इसाई धर्म प्रचारकका रूपमा मात्र हेर्ने गरेको प्रचलनसित विमति राख्दै कुमार प्रधानले पादरी प्रधानको नेपाली भाषा र साहित्य सेवाप्रति सकारात्मक दृष्टिकोण प्रतिपादन गरेका छन्। विवेच्य समालोचनात्मक लेखलाई पादरी प्रधानको जीवनको लेखाजोखा मान्दै यसलाई जीवनीपरक प्रवृत्तिको समालोचना कित्तामा राख्नु सम्मुचित ठहर्दछ। यसैले यो एउटा जीवनीपरक समालोचना प्रवृत्तिको सफल नमुना हो।

### ४.२.४ शोधपरक वा अन्वेषणमूलक प्रवृत्ति

शोध भनेकै नयाँ ज्ञान प्राप्तिको निम्ति गरिने कार्य हो। यसमा नयाँ कुराहरूको खोजी वा अनुसन्धानलाई विशेष प्रश्रय दिएर गम्भीर दृष्टिका साथ निष्कर्ष प्रदान गरिन्छ। कुनै पनि विषयलाई वैज्ञानिक ढङ्गले अध्ययन-अनुसन्धान गरेर तत्सम्बन्धी प्रमाण प्रस्तुत गर्नु नै शोधको औचित्य हुँदछ। यस अर्थले तथ्यहरू सङ्ग्रह गरेर नयाँ कुराहरूको वस्तुनिष्ठ रूपमा खोजी गरिनुनै शोधपरक प्रवृत्ति हो।

समग्रमा हेर्दा कुमार प्रधानका समालोचनाहरू शोधपरक प्रवृत्तितिर बढी मात्रामै उन्मुख रहेको पाइन्छ। उनले नेपाली जाति, भाषा र साहित्यबारे खोजी गरेर नयाँ ज्ञान प्रस्तुत गर्ने दिशामा महत्त्वपूर्ण पाइला चालेका छन्। उनको **पहिलो पहर**-भित्र सङ्गृहीत समालोचनात्मक लेखहरूमा पनि शोधपरक प्रवृत्तिको झझल्को पाइन्छ, यद्दपि सम्बन्धित समालोचनाहरू ऐतिहासिक दिग्दर्शन र समाजशास्त्रीय दृष्टि दर्शनतिर पनि अघि बढेकाले तिनलाई ऐतिहासिक र समाजशास्त्रीय समालोचनाको कोटिमा पनि राख्न सकिन्छ। प्रधानद्वारा लिखित **पहिलो पहर** नामक समालोचनात्मक ग्रन्थभित्र सङ्गृहीत *दार्जिलिङका केही पुराना नाटकहरू र बुद्ध चरित्र नाटक र दार्जिलिङको नेपाली जाति : एउटा ऐतिहासिक अध्ययन* शीर्षक समालोचनाहरूमा शोधपरक प्रवृत्तिको सफल प्रयोग भएको पाइन्छ।

*दार्जिलिङका केही पुराना नाटकहरू र बुद्ध चरित्र नाटक* नामक समालोचनात्मक लेखमा प्रधानले दार्जिलिङमा नाटक विधाको सुरूवातको ऐतिहासिक अन्वेषण गर्दै **बुद्ध चरित्र** नाटकको महत्त्वबारे गहन अध्ययन गरेका छन्। उनले दार्जिलिङमा नाटकको इतिहास कसरी कहाँबाट र कहिले भयो भन्ने विषयमा विषद विवरणका साथ तथ्य प्रस्तुत गर्दै आफ्नो शोधको गहनतालाई दर्शाएका छन्। प्रधानले *दार्जिलिङको डाँडाकाँडा, हाटमेला, चौतारी र देउरालीमा पारस्परिक सुख दुःख साट्ने, मायाप्रीति गाँस्ने, विचार बोक्ने र बाड्ने विस्तृत माध्यम भई नेपाली भाषा फैलिएपछि; सवाई, लहरी र सिलोकहरू*

*लेखिएपछि नाटकको युगमा प्रविष्ट हुन्छौँ*।[२१] भन्दै नाटकको उत्थानकालको चर्चा गरेका छन्।

प्रधानले नेपाली नाटकको थालनी अन्य भाषा जस्तै —हिन्दी, उर्दू, अङ्ग्रेजी र बङ्गालीजस्ता समृद्ध भाषाका नाटकहरूको प्रभाव र अनुवादबाट भएको तथ्य प्रस्तुत गरेका छन्। प्रधानले विशेष गरी बीसौं शताब्दीको प्रथम दशकको नाटकको इतिहासमाथि विशेष ध्यान दिएका छन्। नेपाली शब्दको वहिष्कार गर्दै गोर्खाली भनिने समाजमा गोर्खा लाइब्रेरी, गोर्खा नेशनल थिएटर, गोर्खा समितिहरूको निर्माणको इतिहासलाई प्रधानको यस समालोचनाबाट दर्शाउनु शोध वा खोजीको ठूलो उपलब्धि प्राप्त भएको मान्न सकिन्छ। प्रधानले तत्कालीन दार्जिलिङको समाजमा गोर्खाली शब्दप्रतिको प्रेम र झुकावलाई यहाँ स्पष्ट रूपमा देखाएका छन्। दार्जिलिङका केही पुराना नाटकहरूमा बङ्गाली र हिन्दी नाटकहरूको प्रभाव परेको तथ्यलाई] सुस्पष्ट रूपमा यहाँ देखाइएको छ।

बङ्गालको चपेटमा परेको दार्जिलिङको नेपाली समाजमा पहिलो पटक नेपालीहरूले खेलेको पहिलो नेपाली नाटक **अटलबहादुर** रङ्गमञ्चीय प्रदर्शनपछि दार्जिलिङमा नेपाली नाटकको सिलसिला सुरू भएको इतिहासको चर्चा यस लेखमा पाइन्छ। नेपाली नाट्य साहित्यका साथै बङ्गाली नाट्य साहित्यको इतिहासलाई पनि

---

[२१]. कुमार प्रधान, पूर्ववत्, पृ. ८८।

यहाँ गौण रूपमा चर्चा गरिएको छ। प्रधानले यस समालोचनात्मक लेखमा दार्जिलिङमा नाटकहरूको प्रदर्शनीको इतिहासलाई दर्शाउँदै **बुद्ध चरित्र** नाटकबारे तथ्यपूर्ण उदाहरणहरू प्रस्तुत गर्दै **बुद्ध चरित्र** नाटकका उपलब्धिहरूको विश्लेषण र मूल्याङ्कन गर्ने कार्य गरेका छन्।

प्रधानद्वारा लिखित *दार्जिलिङको नेपाली जाति : एउटा ऐतिहासिक अध्ययन* नामक समालोचनात्मक लेखमा मुख्यतः ऐतिहासिक चेतना अधिक पाइए तापनि यसलाई शोधपरक वा अन्वेषणमूलक प्रवृत्तिभित्र पनि राखेर व्याख्या विश्लेषण गर्न सकिन्छ। प्रधानले यस समालोचनामा दार्जिलिङको नेपाली समाजको इतिहासलाई आफ्नो प्रामाणिक तथ्यहरूद्वारा प्रस्तुत गरेका छन्। प्रधानले परम्पराप्रति सचेत रही दार्जिलिङको ऐतिहासिक घटनाक्रमलाई यहाँ गहनतापूर्वक दर्शाएका छन्। उनले दार्जिलिङको नेपाली समाजको आफ्नै विशेषता छ भन्ने तथ्यहरूको उद्घाटन गरेका छन्। तत्कालीन दार्जिलिङका बासिन्दाहरूले भोग्नु परेका दुःख-कष्टहरूको लेखाजोखा यस लेखमा पाइन्छ। भारतीय गोर्खाहरूद्वारा स्थापित समाजको अध्ययन प्रस्तुत लेखमा गरिएको छ। प्रधानले दार्जिलिङको नेपाली भाषा, साहित्यको विकास र नेपाली जातिको गठन प्रक्रियालाई वस्तुनिष्ठताको आधारमा प्रस्तुत गरेका छन्।

दार्जिलिङको नेपाली समाजमा विभिन्न भाषा बोल्ने विभिन्न जात-जातिहरू एउटै जातीयताको सूत्रमा बाँधिएको इतिहासको वृतान्त यस समालोचनामा पाइन्छ। यसै क्रममा

प्रधानले नेपाली जाति गोष्ठीमा भएका भिन्न भाषा जस्तै मगर, गुरूङ, राइ-लिम्बूहरूको रितिथिति, संस्कार आदि बारे पनि गहन चिन्तन गरी तथ्य प्रस्तुत गरेका छन्। नेपाली समाजमै पनि विभिन्न भाषा-भाषीहरूको धार्मिक, सांस्कृतिक परम्पराहरूको खोजीमा प्रधान निरन्तर लागि परेका छन्। समालोचनामा प्रयोग भएका *पल्लो किरात वा लिम्बुवानका रैथानेहरू तिब्बतीमा सोङ् (चोङ्) भनिन्छन्, लाप्चेहरू तिनीहरूलाई चाङ् र लिम्बूहरू आफैलाई याक्थुम्बा भन्छन्* ।[२२] जस्ता पङ्क्तिहरूले प्रधानद्वारा गरिएको शोधको गहनतालाई पुष्टि गरेका छन्। आलोच्य समालोचनामा यस्ता उद्धरणहरू प्रशस्त मात्रामा देख्न पाइन्छ। त्यसरी नै प्रधानले विभिन्न ऐतिहासिक दस्तावेज र गेजेटियरहरूलाई आधार मान्दै क्रमैले सिक्किम-नेपालमाझको युद्ध, ब्रिटिस-भारत र नेपालबिचको युद्धलगायत सुगौलीको सन्धिपछि दार्जिलिङको सामाजिक अवस्थितिमाथि परेको प्रभावको इतिहासलाई यहाँ प्रस्तुत गरेका छन्। यसरी प्रधानले यस लेखमा दार्जिलिङमा नेपाली समाजको स्थापनाको इतिहासलाई शोधपरक ढङ्गले प्रस्तुत गर्ने कार्य गरेका छन्। शोधमूलक लेखनको निम्ति अन्तर्दृष्टि हुनु अनिवार्य हुन्छ र प्रधानद्वारा लिखित यी दुवै लेखमा त्यो विधिपूर्वक निर्वाह भएको पाइन्छ।

---

२२. पूर्ववत्, पृ. ५।

#### ४.२.५ ऐतिहासिक प्रवृत्ति

ऐतिहासिक समालोचनामा विगतमा घटेका घटनाहरूका आधारमा केन्द्रित रहेर इतिहासकै सन्दर्भमा व्याख्या विश्लेषण र अध्ययन गरी कृति र कृतिकारका महत्त्व र मूल्य निरूपण गरिन्छ। युगानुकुल स्थितिहरूका आधार लिएर कृति र कृतिकारको मूल्याङ्कन गर्ने समालोचनालाई ऐतिहासिक प्रवृत्तिको समालोचना भनिन्छ। कुमार प्रधानद्वारा लिखित **ए हिस्ट्री अफ नेपाली लिट्रेचर** नामक ग्रन्थ र *दार्जिलिङको नेपाली जाति : एउटा ऐतिहासिक आधार* नामक समालोचनात्मक लेखमा ऐतिहासिक प्रवृत्ति पाइन्छ।

*दार्जिलिङको नेपाली जाति : एउटा ऐतिहासिक आधार* नामक समालोचनात्मक लेख प्रधानले नेपाली समाजको अध्ययन गर्ने क्रममा दार्जिलिङको सामाजिक तथा ऐतिहासिक पृष्ठभूमिलाई महत्त्व दिँदै लेखेको ऐतिहासिक लेख मान्न सकिन्छ। इतिहास त्यसैको लेखिन्छ जो भूत कालमा समय सापेक्षित थियो। त्यही समय सापेक्षभित्र मिसिन आएका तीता-मीठा क्षणको यथार्थिक चिन्तन यस लेखमा गरिएको छ। भारतीय मूलबाट नेपाली साहित्यमा के कस्ता योगदान दिइयो त्यसलाई यथार्थ रूपमा स्पष्ट पार्न खोज्नु प्रधानको मूल उद्देश्य हो। उनी **पहिलो पहर**-को भूमिकामा भन्छन्- *ऐतिहासिक तथ्यहरूको धेरथोर जानकारी भइसकेको अवस्था भए विशद विश्लेषण मात्र सम्भाव्य हुने थियो तर इतिहासको चेतना थोरै भएको हामीमा पुराना र पछिलाई सम्झेर नयाँ पनि*

*जोहो गर्ने चलन छैन।* प्रधानको उक्त भनाई यहाँ सान्दर्भिक छ। प्रधानले यस समालोचनात्मक लेखमा दार्जिलिङको नेपाली समाजको पृष्ठभूमिलाई ऐतिहासिक दृष्टिले अध्ययन गरेका छन्। उनले तत्कालीन दार्जिलिङको नेपाली समाजको ऐतिहासिक पक्षबारे निर्भीक र मौलिक दृष्टिकोण राखेका छन्। यस लेखमा प्रधानले दार्जिलिङको नेपाली जाति, भाषा र साहित्यको विकासलाई दर्शाएका छन्। ऐतिहासिक प्रवृत्ति अपनाएर लेखिएको यस समालोचनाको मुख्य सन्दर्भ दार्जिलिङको नेपाली जाति भएतापनि यस लेखमा नेपाली सम्प्रदाय भित्रको प्रत्येक जातिगोष्ठीलाई खूबै परिश्रम लगाएर सूक्ष्म रूपमा अध्ययन गरेका छन्। आलोच्य समालोचना दार्जिलिङमा नेपाली भाषा साहित्यको विकास, भाषा शिक्षाको प्रारम्भ, तत्कालीन समाजको स्थिति, सङ्घ-संस्था त्यसको प्रचार-प्रसार र समाजमा परेको प्रभावको ऐतिहासिक दस्तावेज मान्न सकिन्छ। यो लेख ऐतिहासिक परिप्रेक्ष्यमा लेखिएको दार्जिलिङका नेपालीहरूका समाज, राजनीति, भाषा साहित्य आदिको प्रारम्भिक बखान हो।

प्रधानद्वारा लेखिएको **ए हिस्ट्री अफ नेपाली लिट्रेचर** नामक ग्रन्थमा पनि ऐतिहासिक प्रवृत्तिको सफल प्रयोग भएको पाइन्छ। यस ग्रन्थमा प्रधानले नेपाली साहित्यको इतिहास केलाउने कार्य गरेका छन्। नेपाली साहित्यका विभिन्न विधाहरू सुव्यवस्थित ढङ्गले विवेचना गर्ने क्रममा ऐतिहासिक दिग्दर्शनलाई मूल आधार मानेर नेपाली साहित्यको कालक्रमिक इतिहास केलाउने कार्य प्रधानद्वारा भएको छ। यस

ग्रन्थमा प्रधानले विभिन्न उपशीर्षकहरूमा नेपाली साहित्यको इतिहासलाई विभाजन गरी त्यसको गहन विश्लेषण गरेका छन्। नेपाली भाषाको प्रारम्भ कहाँबाट, कसरी भयो त्यसको विस्तृत इतिहासको चर्चा गर्दै नेपाली भाषा भारतका पश्चिम बङ्गाल, सिक्किम, उत्तर प्रदेश, हिमाचल प्रदेश आदि क्षेत्रमा फैलिएका तथ्य यहाँ प्रस्तुत गरेका छन्। नेपाली भाषाको उत्पत्तिको इतिहास लेख्ने क्रममा प्रधानले नेपाली शब्द खसकुरा, पर्वते वा पार्वतीय र गोर्खाली हुँदै अन्तमा नेपाली शब्दको प्रचलनमा आएको इतिहासलाई यहाँ विस्तृत रूपमा केलाएर हेरेका छन्। नेपाली भाषाको उत्पत्तिका साथै प्रधानले नेपाली लोक साहित्यको विशेषता र समृद्धताको खुलासा गरेका छन्। लोक साहित्यमा प्रचलित दन्त्यकथा, स्वस्थानी व्रत कथा, लोक गीत, पर्व गीतजस्ता विभिन्न विषयहरूमाथि गहन अध्ययन गरिएको छ। गाउँघरमा फुर्सदको समयमा सबै भेला भई दन्त्यकथा सुनाउने प्रथाको चर्चा गर्दै दन्त्यकथा —*उहिले नै एका देशमा* भन्दै शुरू हुने र *भन्नेलाई फूलको माला, सुन्नेलाई सुनको माला* भन्दै अन्त हुने सन्दर्भलाई यहाँ समावेश गरिएको छ।

प्रधानले यस ग्रन्थमा नेपाली साहित्यको इतिहास केलाउने क्रममा प्राथमिक कालका कवि सुवानन्ददास, भानुदत्तजस्ता लेखकहरूको चर्चा गर्दै संस्कृत साहित्यको प्रभावलाई यहाँ दर्शाएका छन्। यस ग्रन्थमा प्रारम्भिककालमा अन्य भाषा साहित्यको अनुवादबाट थालिएको नेपाली साहित्य भानुभक्तको युगमा आइपुग्दासम्मको विकास र मैलिकताको चर्चा गहन रूपमा गरिएको छ। यसै क्रममा भानुभक्तको रामायणको

मौलिकताको चर्चा गर्दै भानुभक्तीय रामायणमा नेपालीपनको झझल्कोलाई देखाइएको छ। प्रधानले नेपाली साहित्यको कविता विधाका साथै कथाको विकासको पनि चर्चा-परिचर्चा गरेका छन्। नेपाली साहित्यमा गद्य लेखनको प्रारम्भ **जङ्ग बहादुरको बेलायतको यात्रा** (सन् १८५३) बाट भएको मानेका छन्। प्रारम्भिक चरणमा संस्कृतबाट अनुदित साहित्य कृतिहरूले नेपाली गद्यलेखनको पृष्ठभूमि निर्माण गरेको उल्लेख गरेका छन्। त्यसरी नै नाटक विधा, निबन्ध, समालोचना विधाहरूको चर्चा गर्दै नेपाली साहित्यिक पत्र-पत्रिका, सङ्घ-संस्थाहरूको गतिविधि र त्यसको योगदानको पनि चर्चा प्रधानले यस पुस्तकमा गरेका छन्। यस पुस्तकमा इतिहाससम्मत तथ्यहरूको आधारमा साहित्यिक अभिव्यक्तिहरूका विशेषताहरूको अनुशीलन गरिएको छ। नेपाली साहित्यका विभिन्न युग र त्यसको परिस्थितिको विश्लेषण यस ग्रन्थमा प्रस्तुत छ।

### ४.२.६ समाजशास्त्रीयतावादी प्रवृत्ति

समाजशास्त्रीय समालोचना, समाजपरक समालोचनाअन्तर्गत पर्ने गैर मार्क्सवादी धारा हो। साहित्यले देशकाल, समाज, युग र व्यक्ति प्रतिभाको इतिहासलाई कायम राख्दछ। समाजको समष्टि सांस्कृतिक स्पन्दनबाट कुनै पनि कृति उम्किन र बेग्लिन सक्दैन। त्यसैले समाज बिग्रिनु र सप्रिनुमा साहित्यको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ। बीसौं शताब्दीको उत्तरवर्ती युगमा समाजपरक समालोचनाको नयाँ सिद्धान्त र मान्यताको रूपमा समाजशास्त्रीय समालोचनाको विकास भएको पाइन्छ। कुनै पनि साहित्यिक कृति

र कृतिकारको माध्यमबाट समाजको भूत र वर्तमानको अध्ययन, व्याख्या विश्लेषण र मूल्याङ्कन गरी मूल्य निरूपण गर्ने क्रममा समाजशास्त्रीय प्रवृत्तिको विशेषता प्रकट हुँदछ। यस किसिमको समालोचना मुख्यतः समाजकेन्द्री हुन्छ। कृति र कृतिकारको तथा साहित्यको यथातथ्य विवरण र तथ्याङ्कका साथै प्रतिलिपि चित्रणका रूपमा अध्ययन गर्नु समाजशास्त्रीय समालोचनाको मूल उद्येश्य र कार्य हो।[२३]

कुमार प्रधानद्वारा लिखित *दार्जिलिङको नेपाली जाति : एउटा ऐतिहासिक अध्ययन* नामक समालोचनात्मक लेख प्रवृत्तिगत दृष्टिले समाजशास्त्रीय रहेको पाइन्छ। प्रस्तुत समालोचना दार्जिलिङको नेपाली समाजको दर्पण हो। प्रधानले यस समालोचनामार्फत् दार्जिलिङको समाजमा बसेका जातिहरूको वास्तविकतालाई आफ्नो पारामा देखाउने प्रयास गरेका छन्। प्रधानले यस समालोचनात्मक लेखमा दार्जिलिङमा नेपाली जातिको गठन प्रक्रियाको विश्लेषण गरेका छन्। उनले यस लेखमा दार्जिलिङका नेपाली समाजको प्रारम्भिक इतिहासको चर्चा गरेका छन्। तत्कालीन सिक्किमभित्र रहेको दार्जिलिङको कस्तो अवस्था र पछि छुट्टै दार्जिलिङको कस्तो अवस्था थियो भन्ने कुरालाई तुलनात्मक दृष्टिकोण राख्दै दुई भिन्न देशकाल र परिस्थितिमा गुज्रिएको समाजको चर्चा विवेच्य समालोचनात्मक लेखमा गरिएको छ। यस लेखद्वारा प्रधानले नेपाल र नेपालबाहिरका नेपालीहरूलाई समान रूपमा हेरिने कुराको पनि विशेष कारणहरू पहिल्याँउदै

[२३]. कृष्णप्रसाद आचार्य, पूर्ववत्, पृ. ५४।

वास्तविकतामा पुग्न सफल बनेका छन्। यसमा तत्कालीन जनगणना, राजनीति, भौगोलिक गतिविधि, साहित्य आदि विषयको तथ्यात्मक र अति आवश्यक इतिहासको पनि उल्लेख गरेका छन्। यस लेखको मुख्य सन्दर्भ दार्जिलिङको नेपाली जातिको समाज भए तापनि यस समालोचनामा नेपाली सम्प्रदायभित्रको प्रत्येक जातिगोष्ठीलाई खूबै परिश्रमपूर्वक सूक्ष्म रूपमा अध्ययन गरिएको छ। दार्जिलिङमा स्थापित नेपाली समाजको सबिस्तार ऐतिहासिक तथ्यहरू केलाउनु यस लेखको वैशिष्ट्य हो। आलोच्य लेखलाई ऐतिहासिक प्रवृत्ति र शोधपरक प्रवृत्तिभित्र पनि राखेर अध्ययन गर्न सकिन्छ।

## ४.३ कुमार प्रधानको समालोचनाका विशेषताहरू

नेपाली समालोचना विधाका एक प्रतिष्ठित समालोचक कुमार प्रधानका समालोचनागत विशेषताहरू अनेक छन्। तीमध्ये केही प्रमुख विशेषताहरूको चर्चा यँहा गरिन्छ।

### ४.३.१ ऐतिहासिक चेतनामूलक विशेषता

कुमार प्रधानका समालोचनात्मक विशेषतामध्ये ऐतिहासिक चेतना प्रमुख हो। **ए हिस्ट्री अफ नेपाली लिट्रेचर** र **पहिलो पहर** कृतिमा इतिहासलाई नै पाठको केन्द्रीय आधार ग्रहण गरिएको छ। यी कृतिहरूमा तथ्याङ्कको समायोजनका साथै कालक्रमिक शृङ्खला रहेको पाइन्छ। **ए हिस्ट्री अफ नेपाली लिट्रेचर** साहित्येतिहास हो भने उनले यस कृतिमा नेपाली जातिको ऐतिहासिक पृष्ठभूमि दिँदै परिचयात्मक रूपमा मानवशास्त्रीय र

समाजशास्त्रीय दृष्टिले पनि नेपाली जातिको पृष्ठभूमिलाई प्रस्तुत गरेका छन्। भाषा र साहित्यको विकासमा लोकसाहित्यको भूमिकालाई विशिष्ट रूपमा ग्रहण गर्दै शिष्ट साहित्यको निर्माणमा लोकसाहित्यको भूमिकालाई उनले सर्वोपरि महत्त्व दिएका छन्। यसरी उक्त कृतिमा नेपाली साहित्यमा कथा, कविता, उपन्यास, नाटक, निबन्ध, समालोचनाको विधागत विकासको पृष्ठभूमि र विकासलाई तथ्याङ्कसहितको अध्ययन प्रस्तुत गरिएको देखिन्छ।

प्रधानद्वारा लिखित **पहिलो पहर**-मा पनि ऐतिहासिक दृष्टिकोण नै विशेष रूपमा देखापर्दछ। *दार्जिलिङको नेपाली जाति : एउटा ऐतिहासिक अध्ययन*-मा ऐतिहासिकताका साथै मानवशास्त्रीय एवम् समाजशास्त्रीय दृष्टिकोण नै विशेष रूपमा देखापरेको छ। यस कृतिमा कालक्रमअनुसार दार्जिलिङमा नेपाली समाजको स्थापना र नेपाली जातिको बसोबासको ऐतिहासिक पृष्ठभूमिको तथ्याङ्कसहित चर्चा गरिएको पाइन्छ। दार्जिलिङमा बसोबास गरेका नेपाली जातिका विभिन्न जात गोष्ठीको सङ्ख्या र अवस्थाको पनि चर्चा गरिएको छ। *पादरी गंगाप्रसाद प्रधानको सन्दर्भ-मा* शीर्षक लेखमा पादरी गंगाप्रसाद प्रधानका भाषिक र साहित्यिक योगदानबारे पनि चर्चा गरिएको छ। उक्त समयमा पादरी गंगाप्रसाद प्रधान र पारसमणि प्रधानमाझ भएको वैचारिक द्वन्द्वलाई पनि यस पाठमा आलोचकीय दृष्टिकोणले प्रस्तुत गरिएको छ। *दार्जिलिङका केही पुराना नाटकहरू र बुद्ध चरित्र नाटक* लेखमा दार्जिलिङमा नाट्य साहित्यको लेखन एवम् मञ्चन परम्पराको

ऐतिहासिक अवलोकन प्रस्तुत छ। यस अध्यायमा बुद्धचरित्रको प्रसङ्गमा अन्य नाट्य साहित्यको पनि तुलनात्मक अध्ययन प्रस्तुत गरिएको छ।

कुमार प्रधानको समालोचना सङ्ग्रह **अधीति केही**-मा सङ्कलित *भानुभक्तको रामायण, नाटचकार बालकृष्ण समः एक विवेचना, देवकोटामा रोमाण्टिकता* जस्ता समालोचनात्मक लेखहरूमा पनि प्रसङ्ग र आवश्यकताअनुरूप कालक्रमिक तथ्याङ्क एवम् पाठगत वैशिष्ट्यलाई समालोचक प्रधानले राम्ररी केलाएर प्रस्तुत गरेका छन्। कुमार प्रधानका कृतिहरूमा ऐतिहासिक दृष्टि र पद्धति नै प्रमुख विशेषता हुनाले पनि कालक्रमिक दृष्टि र तथ्याङ्कलाई उनले विशेष जोर दिएका छन्। यस पक्षको प्रबलताका कारणले नै उनका कृतिहरू नेपाली साहित्यको अमूल्य कृति बन्न पुगेका छन्।

### ४.३.२ समाज चेतनामूलक विशेषता

कुमार प्रधानका समालोचनाहरूमा समाज चेतना पनि एउटा प्रबल विशेषता हो। **ए हिस्ट्री अफ नेपाली लिट्रेचर**-मा विभिन्न साहित्यिक कृति एवम् पत्र-पत्रिकाको अध्ययनमा समाज सापेक्षित दृष्टि राखिएको पाइन्छ। प्रधानले **पहिलो पहर** कृतिमा दार्जिलिङको समाज निर्माणमा नृवंशीय एवम् समाजकेन्द्री दृष्टिकोण राखेर *दार्जिलिङको नेपाली जाति एउटा ऐतिहासिक अध्ययन* प्रस्तुत गरेका छन्। उक्त अध्यायमा उनले दार्जिलिङको समाजशास्त्रीय एवम् मानवशास्त्रीय अध्ययन गर्दा पाइने रोचकताको प्रसङ्ग समेतको

अभिव्यक्ति प्रस्तुत गरेका छन्। *पादरी गंगाप्रसाद प्रधानको सन्दर्भमा* नामक समालोचनात्मक लेखमा पनि इसाई समाजसापेक्षित भाषाको प्रयोगबारे चर्चा गरेका छन्। *भानुभक्तको रामायण* शीर्षक समालोचनामा नेपाली समाजमा भानुभक्तको रामायणको प्रभाव र आध्यात्मिक पक्षको महत्त्वमाथि प्रकाश पारिएको छ।

*नाटयकार बालकृष्ण सम : एक विवेचन*-मा बालकृष्ण समको समाजसापेक्षित चिन्तन सम्बन्धमा समालोचक प्रधान यसरी लेख्छन्—

*समाजको पुरातन व्यवस्थालाई निर्मुल पारी नँया समाजको गठन रोज्ने क्रान्तिको दर्शन उँहाको होइन, राजनीतिको नारा झण्डा लिई साहित्य सिर्जनालाई विपुल प्रोपाग्याण्डा बनाउने रहर पनि उँहाको होइन। समयको चालमा प्रगतिशील बन्नपरेको कर जस्तो छ, नत्र प्रगतिशीलता आफ्नो रूचि राख्ने नाटयकारले कबै बुर्जुवा मान्यताहरूकै संरक्षणको निम्ति कलम टिप्दैन। क्रान्ति र समाज सुधारकै भावनामा लेखिएका उँहाका कृतिहरू कुन हुन् र? वैवाहिकता, सतीत्व, पतिभक्तिकै संस्थापनको निम्ति बालकृष्ण भवदेव बन्नुहुन्छ।*[२४]

*अगमसिंह गिरीको कवितामा जातीय भावना*-शीर्षक समालोचनात्मक लेखमा कवि अगमसिंह गिरीमा जातीय चेतना उजागार हुनमा सामाजिक पृष्ठभूमिको महत्त्व र त्यसको आवश्यकता नै मुख्य रहेको बारे कुमार प्रधानले चर्चा गरेका छन्।

---

[२४]. कुमार प्रधान, पूर्ववत्, पृ. ७७।

### ४.३.३ अध्ययनको सूक्ष्मता

कुमार प्रधानको समालोचनात्मक कृतिमा अध्ययनको सूक्ष्मता पाइन्छ। **ए हिस्ट्री अफ नेपाली लिट्रेचर** नामक कृतिमा उनको सूक्ष्म दृष्टि, वैज्ञानिक तथ्य सङ्कलन, गम्भीर एवम् विस्तृत अध्ययनको परिचय प्राप्त हुन्छ। उक्त कृतिको परिचयमा नै उनले नेपाली जातिसँगै भाषाको विकासलाई सूक्ष्म दृष्टिले अध्ययन गरेका छन्। यस कृतिमा उनले भानुभक्तका समयका साथै उनका पूर्ववर्ती कविहरूका कृतित्वको अध्ययन गर्दै विधागत रूपमा नेपाली साहित्यको ऐतिहासिक विवरणलाई प्रस्तुत गरेका छन्। लोक साहित्यले शिष्ट साहित्यलाई पारेको प्रभावबारे गरिएको गम्भीर चर्चाले नै उनको अध्ययनको सूक्ष्मतालाई प्रमाणित गर्दछ। उनीद्वारा लिखित **पहिलो पहर** नामक कृतिको पहिलो अध्यायमा *दार्जिलिङको नेपाली जाति एक ऐतिहासिक अध्ययन*-मा दार्जिलिङको सर्वेक्षण गरिएको तथ्याङ्कका आधारले पनि समालोचक कुमार प्रधानका समालोचनामा पाइने अध्ययनको सूक्ष्मतालाई पुष्टि गरेको छ। त्यसरी नै *दार्जिलिङका केही पुराना नाटकहरू* र *बुद्ध चरित्र नाटक*-मा पनि उनको सर्वेक्षण र अध्ययनको सूक्ष्मता देखिन्छ भने उनले विस्तृत रूपमा दार्जिलिङको नाटकको विकासक्रमको रेखाङ्कन गरेका छन् र साथै नेपाली नाटकमा परेको सामाजिक प्रभाव र नाटकीय मञ्चनको समेत चर्चा गरेका छन्।

### ४.३.४ बौद्धिकता

बौद्धिकता समालोचनाको एउटा महत्त्वपूर्ण पक्ष हो। कुमार प्रधानको समालोचनामा पनि बौद्धिक चिन्तन पाइन्छ। *भानुभक्तको रामायण* शीर्षकको समालोचनामा प्रधानले रामायणमा राम कथाको उद्‌भव र विकाससँगै आध्यात्मिक रामायण र तुलसी दासकृत रामचरितमानसको प्रसङ्‌गमा चर्चा गर्दै भानुभक्तको रामायणको प्रासाङ्‌गिकतालाई प्रस्तुत गरेका छन्। उपर्युक्त समालोचनामा कुमार प्रधानले संस्कृत र ब्रज भाषामा लेखिएका रामायणहरूको गहन अध्ययन गरेका छन्। यस समालोचनामा प्रधानले आध्यात्मिक चेतना, पात्रगत दृष्टि एवम् तुलनात्मक अभिव्यक्तिलाई बौद्धिकतापूर्वक प्रस्तुत गरेका छन्। *नाटयकार बालकृष्ण सम : एक विवेचन* नामक समालोचनामा प्रधानले बालकृष्ण समको नाट्य विशेषतालाई पूर्वीय एवम् पाश्चात्य नाट्य परम्पराको आधारमा चर्चा गर्दै विषयपरक एवम् तात्विक विवेचना गरेका छन्। पात्र-पात्रा र द्वन्द्वलाई मुख्य आधार बनाएर कुमार प्रधानले बालकृष्ण समका नाटकको बौद्धिकतापूर्वक विश्लेषण गरेका छन्। त्यसरी नै *देवकोटामा रोमाण्टिकता* नामक समालोचनामा पनि उनले पाश्चात्य समालोचनामा रोमान्टिक लेखनको उद्‌भव र विकासको चर्चा गर्दै त्यसको प्रभाव र तुलनाका आधारमा देवकोटाका कविताहरूको गहन अध्ययन गरेका छन्। *अगमसिंह गिरीको कवितामा जातीय भावना* शीर्षक समालोचनामा

दार्जिलिङको राजनीतिक एवम् सांस्कृतिक पृष्ठभूमि केलाएर अगमसिंह गिरीको कविताहरूको समाजशास्त्रीय दृष्टिले बौद्धिक विवेचना गरिएको पाइन्छ।

प्रधानद्वारा लिखित **अधीति केही** नामक कृतिमा *इलियटको काव्य सिद्धान्त* र *सार्त्र : एउटा लामो, तीतो, मीठो पागलपन* जस्ता समालोचनाले कुमार प्रधानको अध्ययनका गहनता, व्यापकता र बौद्धिकतालाई इङ्गित गरेको पाइन्छ। यथार्थवादी र कलावादी चेतनाका आधारमा इलियटलाई परम्पराबाट पृथक सिद्धान्तकारका रूपमा चर्चा गर्ने कुमार प्रधानले ज्याँ पाल सार्त्रको अस्तित्ववादी विचार धारालाई पनि सापेक्षिक दृष्टिले अध्ययन गरेर समालोचनामा आफ्नो बौद्धिकता देखाएका छन्। **पहिलो पहर**-मा सङ्गृहीत *दार्जिलिङको नेपाली जाति : एउटा ऐतिहासिक अध्ययन* नामक समालोचनात्मक लेखमा कुमार प्रधानको सर्वेक्षण र इतिहास चेतनाको भरपूर ज्ञान प्राप्त हुँदछ। प्रस्तुत लेखमा दार्जिलिङको इतिहासलाई नेपाल, भूटान, सिक्किम आदिसँग पनि जोडेर नेपाली जातिको ऐतिहासिक तथा सांस्कृतिक पृष्ठभूमिको निर्माणका विभिन्न तथ्यहरू प्रस्तुत गरिएको पाइन्छ। *पादरी गंगाप्रसाद प्रधानको सन्दर्भ-मा* अनि *दार्जिलिङका केही पुराना नाटकहरू* र *बुद्ध-चरित्र नाटक*-ले दार्जिलिङमा साहित्यको ऐतिहासिक पृष्ठभूमिमाथि प्रकाश पारेका छन्। प्रधानका समालोचनामा तथ्याङ्कका साथै विषयको दस्तावेजीकरण गरिएको देखिन्छ। साधनायुक्त सर्वेक्षण एवम् ऐतिहासिक चेतनाका कारण नै उनका समालोचनामा उक्त कार्य सफलतापूर्वक भएको हो भन्न सकिन्छ।

### ४.३.५ तार्किकता

तर्क समालोचनामा पाइने एउटा महत्त्वपूर्ण पक्ष हो। समालोचनामा तर्क प्रस्तुत गर्नलाई तथ्याङ्कगत प्रमाण एवम् चिन्तन दुवै कुराको आवश्यकता पर्दछ। कुमार प्रधानका समालोचनामा तर्क प्रस्तुतिको निम्ति तथ्याङ्क र चिन्तन दुवै कुरा विशिष्ट रूपमा देखापर्दछन्। भानुभक्तका रामायणमा पाइने मौलिकता र समाजसापेक्षित अभिव्यक्तिलाई प्रधानले आध्यात्मिक रामायणको सन्दर्भ र सापेक्षमा तर्कयुक्त तथ्याङ्कलाई प्रस्तुत गरेका छन्। त्यसरी नै बालकृष्ण समका नाटकका सन्दर्भमा पाश्चात्य र पूर्वीय नाट्यपरम्पराको आधार लिएर प्रधानले तर्कयुक्त रूपमा चर्चा गरेका छन्। नाट्य तत्त्वलाई आधार बनाएर पात्रहरूकको माध्यमबाट समाजको अध्ययनलाई समेत प्रस्तुत गर्ने कलालाई कुमार प्रधानको समालोचनाको अर्को विशेषता मान्न सकिन्छ। लक्ष्मीप्रसाद देवकोटा, इलियट अनि सार्त्रजस्ता व्यक्तित्वहरूको सन्दर्भमा पाश्चात्य समालोचनाका प्रसङ्ग र सन्दर्भलाई प्रस्तुत गर्दै आवश्यकताअनुसार तर्कयुक्त तुलनालाई पनि प्रस्तुत गरेका छन्। *अगमसिंह गिरीको कवितामा जातीय भावना* शीर्षकको समालोचनामा अगमसिंह गिरीप्रति कुमार प्रधानको तार्किक दृष्टि अन्य समालेचनाको तुलनामा केही पृथक बोध गर्न सकिन्छ। ऐतिहासिक पृष्ठभूमिका आधारमा गिरीको जातित्वलाई समालोचक प्रधानले आयातीत रोमान्स भनेका छन्। **पहिलो पहर**-मा सङ्कलित दार्जिलिङको *नेपाली जाति : एउटा ऐतिहासिक अध्ययन* र *दार्जिलिङका केही*

*पुराना नाटकहरू* र *बुद्ध चरित्र नाटकमा सर्वेक्षणात्मक दृष्टि*मा ऐतिहासिक पृष्ठभूमिलाई प्रस्तुत गरिएको छ। पादरी गंगाप्रसाद प्रधानको सन्दर्भमा भने तर्कयुक्त समालोचनात्मक दृष्टिकोण रहेको पाइन्छ। पारसमणि प्रधान र पादरी गंगाप्रसाद प्रधानद्वारा प्रयोग गरिएको] भाषाको सन्दर्भमा विविध विवाद र तर्कहरू पाइन्छन्। कुमार प्रधानले पादरी गंगाप्रसादको योगदानलाई पूर्ण रूपमा मूल्याङ्कन गर्दै उक्त समालोचनामा गंगाप्रसाद प्रधानको भाषामा पाइने ग्राम्यता र मौलिकतालाई समेत चर्चा गरेका छन्। संस्कृत भाषाको प्रभावमा अधिक लेखिने समयमा उनले प्रयोग गरेको भाषाको प्रयोग प्रशंसनीय रहेको मत कुमार प्रधानको छ।

कुमार प्रधानका समालोचनामा पाइने तार्किकता भनेको रामकृष्ण शर्मा, ताना शर्मा आदि समालोचकका आलोचनामा पाइने किसिमका तार्किकता होइन। उनका समालोचनामा वस्तुपरक प्रबन्धात्मकता पाइन्छ। प्रधानले प्रस्तुत गर्ने तर्क बौद्धिक उच्चाटभन्दा अधिक तथ्याङ्कमा आधारित रहेको हुन्छ।

### ४.३.६ निर्णयात्मक क्षमता

कृतिको समालोचना गर्दा समालोचकमा निर्णयात्मक क्षमता हुन आवश्यक हुन्छ। कुनै पनि कृति र कृतिकारको मूल्याङ्कनपछि त्यस कृतिका बारेमा तर्क दिँदै एउटा ठोस निर्णय प्रस्तुत गर्नु समालोचनाको मौलिक विशेषता हो। कुमार प्रधान एक सफल समालोचक हुन् र समालोचकमा हुने निर्णयात्मक क्षमता प्रधानमा नित्य रूपमा देखिन्छ।

प्रधानद्वारा लिखित **अधीति केही**-मा सङ्गृहीत *भानुभक्तको रामायण* शीर्षक समालोचनामा प्रधानले गहन अध्ययन गरी भानुभक्तीय रामायणप्रति आफ्नो तर्कपूर्ण निर्णय दिएका छन्। भानुभक्तीय रामायण भक्तिकाव्य होइन वीर काव्य हो, यो धार्मिक काव्यभन्दा बढी एक साहित्यिक कृति हो र रामायण नेपाली भाषा-प्रसारको प्रमुख कारण होइन भनी तर्कपूर्ण निर्णय प्रस्तुत गरेका छन्। प्रधानद्वारा लिखित अर्को समालोचनात्मक लेख *नाट्यकार बालकृष्ण सम : एक विवेचन* नामक समालोचनामा समका नाट्यकारितामाथि प्रधानको निर्णयलाई मनप्रसाद सुब्बाले यस प्रकार दर्शाएका छन्, उनी लेख्छन्-

*गम्भीर अन्तर्द्वन्द्वमा रूमल्लिरहने तथा मारक दोषयुक्त शेक्सपियरेली ट्रेजेडीका मूलपात्रहरूका तुलनामा समका पात्रहरू सुनिर्दिष्ट चरित्रका साथै अन्तर्द्वन्द्वरहित बाह्य स्थितिसित मात्र जुझ्नेहरू भएकाले उनका वियोगान्त नाटकहरूले ट्रेजेडीको उच्चता उक्लन नसकेको निर्णय दिनुहुन्छ समीक्षक। र उहाँको प्रभावी तर्कहरू सुनिसकेपछि यो निर्णयलाई नकार्न पनि सकिन्न।*[२५]

कुमार प्रधानले यस समालोचनामा बालकृष्ण समको नाट्यकारितालाई गम्भीर रूपमा अध्ययन गरी त्यसको निष्कर्ष प्रस्तुत गरेका छन्। सममा शेक्सपियर र अन्य नाटककारको अनुकरण र प्रभाव परेको प्रचलित रूढ धारणालाई नकार्दै, समका नाटकहरू मौलिक छन् भन्ने निष्कर्ष दिएका छन्। प्रधान लेख्छन्- *मुटुको व्यथा*

---

२५. मनप्रसाद सुब्बा, (सन् २०१४), **कुमार कीर्ति**, सिलगढी : मुक्ति प्रकाशन, पृ. ८१।

*प्रकाशित भयो आफ्ना दुई देन लिएर : मौलिकता र ट्रेजेडी* ।[२६] यसरी प्रधानले समद्वारा लिखित नाटकहरूको गहन अध्ययन गरी संस्कृत नाटकको परम्परालाई छाडेर मौलिक नेपाली ट्रेजेडीको रचना गर्ने पहिलो व्यक्ति सम हुन् भनी आफ्नो निर्णय दिएका छन्। मानव जीवन नै दुःखान्त हो, सुख र संयोग स्थायी होइनन् भन्ने ट्रेजेडीको नौलो भाव नेपालीमा स्थापित गर्ने श्रेय समलाई जान्छ। बालकृष्ण सम नेपाली शेक्सपियर हुनुहुन्न, आफ्नो परम्परा र परिपाटीमा बालकृष्ण एक्लै हुनुहुन्छ भन्ने प्रबल निर्णय प्रधानको रहेको छ।

### ४.३.७ भाषिक क्षमता

साहित्य भाषिक कला हो। साहित्यको सृजना र समालोचनामा भाषाको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ। भाषा र शैलीका माध्यमले लेखकलाई अन्य लेखकभन्दा भिन्न गराउँछ। सृजनामा भाषाको भूमिका हुन्छ भने समालोचनामा पनि भाषाको नै अहम भूमिका रहेको देखिन्छ। समालोचकमा भाषा चयनको क्षमता हुन नितान्त आवश्यक छ। समालोचनात्मक भाषा प्रयोगका माध्यमबाट नै समालोचकको सफलता र विफलताको मूल्याङ्कन गर्न सकिन्छ। समालोचकले आफ्नो समालोचकीय दृष्टिलाई कतिको निर्दिष्ट भाषाद्वारा व्यक्त गरिएको छ भन्ने बुझ्नका निम्ति उसको भाषिक क्षमतालाई हेर्न आवश्यक हुन्छ। कुमार प्रधानका समालोचनामा प्रयुक्त भाषा सशक्त र मानक छ।

[२६]. कुमार प्रधान, पूर्ववत्, पृ. ५७।

जीवन चरित्रात्मक एवम् घटनात्मक रूपका अभिव्यक्तिलाई प्रस्तुत गर्दा छोटा छरिता वाक्यलाई प्रस्तुत गर्ने समालोचक प्रधानले कतै लामा-लामा वाक्य पनि प्रयोग गरेका छन्। आयामका दृष्टिले उनका समालोचनामा लामा अनि छोटा दुवै थरीका वाक्यहरू पाइन्छन्। तत्सम र तद्भवको समायोजनसँगै आगन्तुक भाषाको प्रयोगद्वारा भाषिक प्रयुक्तिको सान्दर्भिकता अनुभूत गर्न सकिन्छ। आवश्यकताअनुसार कुमार प्रधानले अङ्ग्रेजीमा प्रचलित पारिभाषिक शब्दावलीलाई अङ्ग्रेजीमा नै प्रयोग गरेका छन्। जस्तै-

*बाल्मीकिको साहित्य रचना शोकार्त चित्तको आवेगदेखि शुरू भए पनि कला स्वतः स्फुरण मात्र वा केवल लिरिसिजम् होइन। बाल्मीकिले शायद त्यो समस्यामाथि चिन्ता गरे, जसलाई इलियटको ओब्जेक्टिव कोरिलेटिव पाउने समस्या भन्न सकिन्छ।*[२७]

विश्वसनीयताका निम्ति पाद टिप्पणीमा उद्धृत वाक्यांश समेतलाई राखिदिएका हुन्छन् भने सन्दर्भ र आवश्यकताअनुसार पाठको मध्य भागमा नै पनि पादटिप्पणी प्रयुक्त भएको पाइन्छ। कति जस्ताको तस्तै, कतिलाई आफ्नो भाषामा रूपान्तरण गरेर राखिएको हुन्छ भने कतिलाई उनले अनुवाद गरेर प्रस्तुत गरेका छन्। कुमार प्रधानका समालोचना अन्वेषण कार्यतिर अग्रसरित भएको हुँदा शोधपरक शिष्टता र शाब्दिक मितव्ययिता उनका समालोचनामा देखिन्छ। कुमार प्रधान सिर्जनात्मक लेखनप्रति आकृष्ट रहेका हुनाले उनको समालोचनामा भाषिक सिर्जनशीलताको पनि अनुभूत गर्न सकिन्छ। अवस्थाअनुसार काव्यात्मक भाषामा भावाभिव्यक्त गर्ने कुमार प्रधान वक्रोक्तियुक्त वाक्यमा यसरी भाव

[२७] पूर्ववत्, पृ. २।

व्यक्त गर्छन्- *धर्मको धारामा यो एउटा प्रवाहको सामञ्जस्य नहुँदा धर्म प्रबल हुन सकेन।*[२८] *वार्णिक छन्दको लगाम लागेर घोडाको टाप मिलाउँदै पनि होइन।*[२९] समग्रमा भन्नुपर्दा कुमार प्रधानको समालोचना शोधको प्रामाणिकतातिर अन्वेषित भएको हुँदा भाषिक मानकीकरण, स्पष्टता र शिष्टतालाई प्रमुखता दिइएको छ। स्पष्ट अभिव्यक्तिको प्रस्तुति उनको भाषाको प्रमुख विशेषता हो।

### ४.४ उपसंहार

कुनै पनि कृतिको समालोचना गर्दा समालोचकले निश्चय नै एउटा निश्चित लक्ष्य राखेर समालोचनाका विशेष पद्धति र प्रवृत्तिलाई अवलम्बन गरेकै हुन्छ। समालोचना गर्ने क्रममा निश्चित रूपमा एउटै समालोचनात्मक प्रवृत्ति र पद्धतिको प्रयोग हुन्छ भन्नु उचित ठहर्दैन। एउटा समालोचनामा पनि विभिन्न समालोचनात्मक प्रवृत्ति र पद्धतिको प्रयोग पनि भएको पाइन्छ। समालोचनाको निम्ति पद्धति र प्रवृत्तिलाई अनुशासनका महत्त्वपूर्ण अङ्गहरू मानिएको छ। पूर्वीय र पाश्चात्य दुवै साहित्यका गहन अध्येता कुमार प्रधानले समालोचक भएर गर्नुपर्ने कर्त्तव्यहरूको सफलतापूर्वक पालना गर्दै पूर्वीय र पाश्चात्य दुवैतिरका समालोचनात्मक पद्धति र प्रवृत्तिहरूको ग्रहण गर्दै सफलतापूर्वक प्रयोगमा ल्याएका छन्। प्रधानको समालोचनाका पद्धति र प्रवृत्ति विशेष रूपमा प्रभाव व्याख्या, तुलना, निर्णय, कृतिपरक, स्रष्टापरक, ऐतिहासिक र शोधमूलक पद्धति र प्रवृत्तितिर बढी

[२८] पूर्ववत्, पृ. ३८।
[२९] पूर्ववत्, पृ. ५७।

उन्मुख भएको देखिन्छ। प्रधानको समालोचनामा अध्ययनको सूक्ष्मता, निष्पक्षता, स्पष्टता साथै निर्णय-क्षमता प्रबल रूपमा रहेको पाइन्छ। तुलनात्मक तथा निर्णयात्मक दृष्टिहरूको न्यायपूर्वक प्रतिपादन गर्दै समालोचना लेख्नु प्रधानको समालोचनाको मुख्य विशेषता हो। तथ्य सङ्कलनका साथ ठोस प्रमाण प्रस्तुत गर्दै समालोचना लेख्नु नै प्रधानको समालोचकीय गुण हो। यिनै समालोचनात्मक पद्धति, प्रवृत्ति र विशेषताहरूको कारणले गर्दा कुमार प्रधान सिङ्गो नेपाली समालोचना फाँटमा एक प्रतिष्ठित समालोचकका रूपमा स्थापित छन्।

## पाचौं अध्याय

## ५. शोधकार्यको उपसंहार तथा निष्कर्ष

यस अध्यायमा शोधकार्यको प्रत्येक अध्यायको उपसंहारका साथै सम्पूर्ण शोधको निचोडस्वरूप समष्टि निष्कर्ष निम्नलिखित उपशीर्षकअन्तर्गत प्रस्तुत गरिएको छ।

### ५.१ अध्यायगत उपसंहार

प्रस्तुत लघुशोधप्रबन्धको शीर्षक **कुमार प्रधानको समालोचनाको प्रवृत्तिगत विशेषताको अध्ययन**-मा जम्मा पाँचवटा अध्यायहरू संयोजित छन् र प्रत्येक अध्यायमा प्रस्तुत गरिएको तथ्यगत विश्लेषणको सारांशलाई यहाँ अध्यायगत उपसंहारका रूपमा प्रस्तुत छ।

पहिलो अध्यायको शीर्षक **शोधको परिचय** रहेको छ। प्रस्तुत लघुशोधप्रबन्धमा शोध विषयसँग केन्द्रित रहेर शोधको औचित्य प्रमाणित गरिएको छ। यसो गर्ने क्रममा शोधको परिचय, समास्या कथन, उद्देश्य कथन, पूर्वकार्यको समीक्षा, शोधको ढाँचा र सामग्री सङ्कलन विधि आदिबारे विस्तृत व्याख्या गरिएको छ। शोध गर्नुको औचित्यलाई स्पष्टसँग बुझाएर शोधसम्बन्धी तथ्यहरूबारे प्रकाश पार्नु नै पहिलो अध्यायको प्रमुख ध्येय रहेको छ।

दोस्रो अध्यायमा **समालोचनाको सैद्धान्तिक परिप्रेक्ष्यमा कुमार प्रधानपूर्वको नेपाली समालोचना परम्परा** शीर्षकअन्तर्गत विभिन्न उपशीर्षकहरू रहेका छन्। प्रस्तुत अध्यायमा समालोचनाको सिद्धान्तको आधारभूत चर्चा गरिएको छ। समालोचनाको सैद्धान्तिक पक्षको चर्चा गर्दै समालोचनाको अर्थ र व्युत्पत्तिको चर्चासँगसँगै परिभाषालाई यहाँ समावेश गरिएको छ। यस अतिरिक्त समालोचनाको अध्ययनका साथै यसका विविध प्रकार र प्रणालीको चर्चा गर्नु आवश्यक रहेकाले प्रस्तुत अध्यायमा विश्व साहित्यमा प्रचलित विभिन्न समालोचना प्रणालीको परिप्रेक्ष्यमा चर्चा गरिएको छ। यसका साथै प्रस्तुत अध्यायमा नेपाली समालोचना परम्पराको विस्तृत अध्ययन गर्दै नेपाली समालोचना क्षेत्रमा कुमार प्रधानको आगमनको चर्चा गरिएको छ।

तेस्रो अध्याय **कुमार प्रधानका जीवनी, कृतित्व, व्यक्तित्व र समालोचना यात्रा** शीर्षकमा केन्द्रित रहेको छ। यस अध्यायअन्तर्गत कुमार प्रधानको संक्षिप्त जीवनीबारे चर्चा गर्दै प्रधानद्वारा लिखित विभिन्न लेखहरूको परिचय, समाज र साहित्यमा दिएको योगदानको मूल्याङ्कन गर्ने कार्य भएको छ। यसरी नै प्रस्तुत अध्यायमा कुमार प्रधानको समालोचना यात्राको चरणगत वर्गीकरण गर्ने कार्य पनि भएको छ।

चौथो अध्यायको शीर्षक **कुमार प्रधानका समालोचनाका पद्धति, प्रवृत्ति र विशेषता** रहेको छ। प्रधानले आफ्नो समालोचनाहरूमा पूर्वीय र पाश्चात्य साहित्यका विभिन्न पद्धतिहरूको प्रयोग गरेका छन्। यस अध्यायमा प्रधानको समालोचनात्मक लेखहरूमा

पाइने प्रवृत्ति र विशेषताहरूलाई केलाउँदै उनको समालोचना लेखनको विस्तृत अध्ययन प्रस्तुत गरिएको छ।

पाँचौं अध्याय **अध्यायगत सारांश र निष्कर्ष** गरी दुई उपशीर्षकमा केन्द्रित रही शोधको सम्पूर्ण निचोड प्रस्तुत गरिएको छ।

## ५.२ निष्कर्ष

समालोचना साहित्यको एउटा महत्त्वपूर्ण विधा हो। साहित्यका विभिन्न विधाहरूको विकास भइसकेपछि कनिष्ट विधाको रूपमा समालोचनाको विकास भएको पाइए तापनि यसले साहित्यको उत्तरोत्तर प्रगतिमा विशेष भूमिका निर्वाह गर्दै आएको छ। समालोचनाको अभावमा साहित्यका कुनै पनि विधा मौलाउन वा फस्टाउन सक्दैन। यस कारण पनि साहित्यलाई परिष्कृत, परिमार्जित एवम् उन्नतशील बनाउने दिशामा समालोचनाले उत्प्रेरकको रूपमा काम पूरा गर्दछ। नेपाली समालोचनाको सन्दर्भमा कुरा गर्नु पर्दा सर्वप्रथम यो आत्मप्रशंसात्मक र अतिभावात्मक विचारबाट मुक्त नरहेकै पाइन्छ। यति हुँदाहुँदै पनि समालोचना लेखनको प्रारम्भ भएपछि नेपाली साहित्यका विभिन्न विधाहरूमा अपेक्षित विकास वा प्रगति भएको कुरालाई पनि नकार्न सकिँदैन। नेपाली समालोचनाले वैज्ञानिक ढंगसँग विभिन्न साहित्यिक कृतिहरूको विश्लेषण गर्ने क्रमलाई निरन्तरता दिएदेखि यता नेपाली समालोचनाको स्वरूपगत मात्र नभएर सैद्धान्तिक विकास पनि भएको पाइन्छ। यसरी नेपाली समालोचनाले विभिन्न समयमा

विभिन्न समसामयिक विचार धाराहरूलाई अङ्गालेर साहित्यिक कृतिहरूको मूल्य निर्धारण गर्ने काम सफलतापूर्वक गरेको छ। विशेषतः कृतिपरक समालोचनाको विकास भएपछि साहित्यिक कृतिहरूको मूल्य निर्धारण विभिन्न समालोचनात्मक दृष्टि तथा साहित्यिक परिप्रेक्ष्यहरूमा हुँदै आएको छ। नेपाली समालोचनालाई कसीको रूपमा प्रयोग गरेर साहित्यिक कृतिहरूको आन्तरिक विशेषता केलाउँदै समालोचनात्मक दृष्टिको निर्माण समसामयिक रूपमा गर्ने समालोचकहरूमध्ये कुमार प्रधान एकजना विशिष्ट समालोचक हुन्। भारतीय नेपाली समालोचनाको क्षेत्रमा कुमार प्रधानको आगमन महत्त्वपूर्ण उपलब्धि हो। उनले विभिन्न समालोचनात्मक दृष्टिहरूको विकाससँगै नेपाली समालोचनालाई निर्दिष्ट दिशातिर उन्मुख गराई विशेष योगदान दिएका छन्। उनको समालोचना लेखनले भारतीय नेपाली साहित्यलाई मात्र नभएर सिँगै नेपाली साहित्यलाई नै उन्नतिको मार्गमा अग्रसर गराएको छ। वस्तुतः कुमार प्रधान एकजना व्यावहारिक समालोचक हुन्। उनले समालोचनाको क्षेत्रमा देखापरेका विभिन्न सिद्धान्तहरूलाई अपनाएर तिनै सिद्धान्तहरूका आधारमा साहित्यिक कृतिहरूको व्याख्या - विश्लेषण गरेका छन्।

प्रधान मूलतः इतिहासकार भएका नाताले ऐतिहासिक विषय वा दिग्दर्शनहरूलाई समालोचनाको महत्त्वपूर्ण पाटो बनाउनुमा सफल बनेका छन्। यसैले उनी ऐतिहासिक समालोचना लेखनका सबल स्तम्भ हुन्। ऐतिहासिक समालोचना नै कुमार प्रधानको समालोचक व्यक्तित्वको बहुमूल्य पक्ष भए तापनि उनले समयअनुरूप साहित्यिक

कृतिहरूलाई विभिन्न दृष्टिविन्दुबाट हेरेर मूल्याङ्कन गर्नु पनि उनको महत्त्वपूर्ण पक्ष रहेको पाइन्छ। उदाहरणका रूपमा प्रधानले प्रभाववादी, समाजशात्रीय, शोधपरक, तुलनात्मक, निर्णयात्मक आदि समालोचनात्मक प्रवृत्ति विशेषताहरूलाई अपनाएर लेखेका विभिन्न समालोचनाहरूलाई राख्न सकिन्छ। साहित्यिक कृतिको अध्ययन विश्लेषण वा मूल्याङ्कन गर्ने विशेषताका आधारमा कुमार प्रधानलाई एकजना तत्त्वाभिनिवेशी समालोचक भन्नुपर्ने हुन्छ। उनले साहित्यिक कृतिहरूलाई केवल व्याख्या गर्नुकै ध्येयले मात्र समालोचनालाई आफ्नो साहित्यिक लेखनको वैशिष्ट्य स्विकार गरेका छैनन्। कुनै पनि साहित्यिक कृतिको अध्ययन गरेपछि आफ्नो स्वतन्त्र निर्णय दिने तथा तत्सम्बन्धी विशेषताहरू निर्धारण गरेर मूल्याङ्कनसम्म पुग्ने गुण कुमार प्रधानको समालोचना लेखनमा परिलक्षित छ।

कुमार प्रधान भाषिक शिष्टतालाई कायम राख्दै साहित्यिक कृतिहरूको गुण दोष दुवै पक्षलाई गहन रूपमा केलाएर हेर्ने समालोचकका रूपमा चिनिन्छन्। उनका समालोचनाहरूमा भाषाको क्लिष्ट प्रयोग, विशृङ्खलित वाक्य गठन वा अपुष्ट एवम् अस्पष्ट अभिव्यक्ति पाइँदैन। भन्न चाहेका कुराहरूलाई सरल अभिव्यक्तिका साथ स्पष्ट पारेर भन्न सक्नु प्रधानको विशेषता हो। यसैले पनि उनका समालोचनाहरू नबुझिने किसिमका छैनन्। प्रधानले सतही रूपमा कृतिगत अध्ययनलाई प्रश्रय दिएका छैनन्। उनका समालोचनाहरूमा कृतिसम्बन्धी ठोस अभिव्यक्ति वा तर्क पाइन्छ। उनले समालोचनात्मक

सिद्धान्तहरूलाई गहन रूपले बुझेर तथा निफानेर तिनको प्रयोग कृतिगत अध्ययनका निम्ति सफलतापूर्वक गरेका छन्। यस दृष्टिले प्रधानका समालोचनाहरूलाई गम्भीर एवम् वस्तुनिष्ठ अध्ययनका उपज मान्नुपर्ने प्रशस्त कारणहरू देखापर्दछन्।

इतिहासकारलगायत अनुसन्धानकर्ता पनि भएको कारणले प्रधानका समालोचनाहरूमा अनुसन्धानको गहिरो छाप बसेको देखिन्छ। उनले कृतिको अध्ययन गरेपछि त्यसबाट प्राप्त प्रभावकै रूपमा मात्र आफ्नो व्याख्या वा विश्लेषणलाई अघि बढाएका छैनन्। कृतिजनित सत्य तथ्यहरूको खोजी वा छानबिन गर्ने काममा प्रधानले आफ्नो इमानदारी स्वभावलाई मूलरूपमा प्रदर्शन गरेका छन्। यसकारण पनि उनका समालोचनाहरूमा मिहिन रूपमा खोजी गरेर प्राप्त भएका सत्य तथ्यहरूले भरिपूर्ण रहेका छन्।

माथि उल्लेखित निष्कर्षका आधारमा कुमार प्रधानलाई व्यावहारिक पद्धतिमा सरल शिष्ट एवम् निर्णायक समालोचना गर्ने गम्भीर अध्येता मान्न सकिन्छ।

# सन्दर्भग्रन्थसूची

## पुस्तकका आधारमा सन्दर्भग्रन्थसूची


अधिकारी, ज्ञानु, (वि.सं.२०६८), **नेपाली नारी समालोचना : परम्परा, प्रवृत्ति र विश्लेषण,** काठमाडौं : पैरवी प्रकाशन।

आचार्य, कृष्णप्रसाद, (वि.सं.२०६३), **पाश्चात्य साहित्य सिद्धान्त तथा समालोचना पद्धति र नेपाली समालोचना**, कीर्तिपुर : क्षितिज प्रकाशन।

उपाध्याय, केशवप्रसाद, (वि.सं.२०६७), **साहित्य-प्रकाश** (सा.सं), ललितपुर : साझा प्रकाशन।

एटम, नेत्र, (सन् २००४), **समालोचनाको स्वरूप**, ललितपुर: साझा प्रकाशन।

कँडेल, घनश्याम (सम्पा), (सन् १९९८), **नेपाली समालोचना**, ललितपुर:साझा प्रकाशन।

खनाल, यदुनाथ, (वि.सं.२०४९), **समालोचनाको सिद्धान्त** (पाँ.स.), पुलचोक : साझा प्रकाशन।

खाती, नरेशचन्द्र, (सन् २००७), **अध्ययन : नेपाली समालोचनाका**, दार्जिलिङ : भव्य-भावना प्रकाशन ।

छेत्री, मेघनाथ, (सन् २००८), **भारतीय नेपाली समालोचक र समालोचना**, दार्जिलिङ : श्रीमती पूर्णिमा  शर्मा।

त्रिपाठी, वासुदेव, (वि.सं.२०६७), **नेपाली बृहत् शब्दकोश**, काठमाडौं : नेपाल प्रज्ञा प्रतिष्ठान।

त्रिपाठी, वासुदेव, (वि.सं.२०६५), **पाश्चात्य समालोचनाको सैद्धान्तिक परम्परा भाग २** (पाँ. सं), ललितपुर : साझा समालोचना।

दाहाल, विद्यापति, (वि.सं.२०६०), **पाश्चात्य समालोचना र प्रमुखवाद**, आसाम : दाहाल प्रकाशन।

नेपाल, घनश्याम, (सन् २००९), **नेपाली साहित्यको परिचयात्मक इतिहास** ( ते.सं.), सिलगढी : एकता बुक हाउस प्रा.लि।

नेपाल, घनश्याम, (सन् २००९), **शैलीविज्ञान** (दो.सं) , सिलगढी : एकता बुक्स हाउस प्रा.लि।

नेपाल, घनश्याम र लामा, कविता, (सन् २०१४), **उच्च माध्यमिक नेपाली व्याकरण र रचना** (दो.सं), सिलगढी : एकता बुक्स हाउस।

पौड्याल, कृष्णविलास, (वि.स.२०६८), **साहित्य सिद्धान्त**, नेपाली समालोचना तथा शोध र सृजनविधि, काठमाडौं : नवीन प्रकाशन।

प्रधान, कृष्णचन्द्रसिंह (सम्पा), (सन् २००१), **साझा समालोचना**, ललितपुर : साझा प्रकाशन।

प्रधान, कुमार, (सन् २००५), **अधीति केही**, सिलगढी : पूर्णिमा प्रकाशन।

प्रधान, कुमार, (सन् २०१०), **पहिलो पहर**, ललितपुर : साझा प्रकाशन।

प्रधान, कुमार, (सन् १९८४), **ए हिस्ट्री अफ नेपाली लिट्रेचर**, नयाँ दिल्ली : साहित्य अकादेमी।

प्रधान, कुमार र मल्लिकार्जुन, बि.,(प्र.सम्पा), (सन् २०११), **नेपाली लेखन शैली**, मैसुर : भारतीय भाषा संस्थान।

प्रसाई, नरेन्द्रराज, (सन् २०००), **नेपाली साहित्यका समालोचक र समालोचना**, काठमाडौं: एकता प्रकाशन।

बन्धु, चुडामणि, (सन् २००३), **अनुसन्धान तथा प्रतिवेदन लेखन**, काठमाडौं: रत्न पुस्तक भण्डार।

भट्टराई, घटराज, (वि.सं.२०५९), **नेपाली स्नातकोत्तर समालोचना**, पुतलीसडक : पैरवी बुक्स एण्ड स्टेशनरी सेन्टर।

शर्मा, मोहनराज, र लुइटेल, खगेन्द्रप्रसाद, (सन् २००९), **शोधविधि**, ललितपुर : साझा प्रकाशन।

शर्मा, मोहनराज, र लुइटेल, खगेन्द्रप्रसाद, (वि.सं.२०६३), **पूर्वीय र पाश्चात्य साहित्य सिद्धान्त**, काठमाडौं: विद्यार्थी पुस्तक भण्डार।

शर्मा, सोमनाथ, (वि.सं.२०५८), **साहित्य प्रदीप**, काठमाडौं : विद्यार्थी पुस्तक भण्डार।

श्रेष्ठ, दयाराम र शर्मा मोहनराज, (सन् २००७), **नेपाली साहित्यको संक्षिप्त इतिहास**, ललितपुर: साझा प्रकाशन।

श्रेष्ठ, ईश्वरकुमार, (वि.सं.२०६२), **पूर्वीय एवम् पाश्चात्य साहित्य समालोचना : प्रमुख मान्यता, वाद र प्रणाली** (दो.सं), ललितपुर : साझा प्रकाशन।

सुब्बा, मनप्रसाद (सम्पा), (सन् २०१४), **कुमार-कीर्ति**, सिलगढी: मुक्ति प्रकाशन।

सुवेदी, राजेन्द्र, (वि.सं.२०६८), **नेपाली समालोचना : परम्परा र प्रवृत्ति**, काठमाडौं : पाठ्यसामग्री प्रकाशन।